सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२४ असार २०८२, मंगलबार (8 July 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ८६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ सरकारबारे कांग्रेसको निष्कर्ष

सेवा प्रवाह, सुशासन र संविधान संशोधनको एजेन्डामा काम गर्न सकेन



■ बैठकमा महामन्त्रीद्वयले भने-



सरकारले अपेक्षित काम गर्न सकेको छैन । सरकारलाई प्रभावकारी बनाउन हामी लागिरहेका छौं । मान्छे फेरेरै भए पनि सरकारलाई प्रभावकारी बनाउनुपर्छ : **गगन थापा**



निर्वाचनबाट हामी पहिलो दल भयौं । तर, कहिले तेस्रो दल त कहिले दोस्रो दललाई प्रधानमन्त्री बनायौं । अहिले सरकार अपेक्षित गतिमा छैन । गम्भीर समीक्षा गर्नुपर्छ : **विश्वप्रकाश शर्मा**

प्रेम गौतम/नयाँ पत्रिका

प्रमुख सत्तारूढ दल कांग्रेसले सरकारले संविधान संशोधन, सेवा प्रवाह र सुशासनमा प्रभावकारी रूपमा काम गर्न नसकेको निष्कर्ष निकालेको छ । केपी ओली नेतृत्वको सरकारको कार्यकाल एक वर्ष पुग्नै लाग्दा प्रमुख सत्तारूढ दल कांग्रेसले समीक्षा गर्दै आफ्नो असन्तुष्टि सार्वजनिक गरेको हो ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा १६ असारदेखि २३ असारको केन्द्रीय कार्यसमिति बैठकले सरकारलाई आफ्नो भूमिकामा सक्रिय

» पृष्ठ २ मा क्रमशः

■ छैटौंपटक प्रधानमन्त्री नबन्न महामन्त्री शर्माको सुझावपछि सभापति देउवाको जवाफ-

'कसैले भनेर गर्ने होइन, के गर्छु मेरो कुरा हो, अप्ठ्यारो मानिस हुँ, विचार गर्नुस्'

बैठकमा महामन्त्री विश्वप्रकाश शर्माले सभापति शेरबहादुर देउवालाई छैटौंपटक प्रधानमन्त्री नबन्न सुझाव दिएका छन् । उनले मुलुक र पार्टीको हितमा हुने गरी सम्मानजनक बिदाइ हुन आग्रह गरेका थिए । 'मेरो आग्रह छ- अवकाशसहित



सभापतिले अभिभावकीय भूमिका निर्वाह गर्नुस् । तेस्रोपटक सभापति बन्न पार्टी विधानले दिँदैन । अब ०८३ असारमा आफू छैटौंपटक प्रधानमन्त्री बन्नतिर नलागेर अरू साथीलाई बन्न मार्गप्रशस्त गरेर प्रशंसा जित्नुपर्छ सभापतिले । सम्मानजनक बहिर्गमनको बाटो रोज्नुभएमा नेपालको राजनीतिमा अत्यन्तै सकारात्मक प्रभाव छोड्नेछ,' शर्माको सुझाव थियो ।

तर, देउवाले सभापतिका रूपमा चारवर्षे नियमित कार्यकाल भएको, पार्टीको विधानले एक वर्ष कार्यकाल थप गर्न पाउने र संविधानअनुसार अझ ६ महिना थप्न पाउने व्यवस्था महामन्त्री शर्मालाई स्मरण गराए । उनले आफू अप्ठ्यारो मानिस भएको भन्दै कसैले भनेर नगर्ने पनि स्पष्ट पारे । 'म के गर्छु यो मेरो कुरा हो । मैले कसैले भनेर गर्ने होइन । म अप्ठ्यारो मानिस हुँ नि, विचार गर्नुस्,' शर्मालाई देउवाको जवाफ थियो ।

■ तीन वर्षअघि स्थगित डेढ अर्बको हतियार खरिद ठेक्का ब्युँताउन बिचौलियाको चलखेल जारी

विवादमा परिने भएपछि नेपाल प्रहरीले नयाँ ठेक्का प्रक्रिया थाल्ने



● **दीपक थापा,** महानिरीक्षक, नेपाल प्रहरी

पेस्तोल र भिड नियन्त्रणका सामान खरिद गर्न भनेर प्रहरीको सिलिङभित्रै सरकारले आगामी वर्षका लागि बजेट दिएको हो । नयाँ वर्षको बजेट भएकाले नयाँ आर्थिक वर्ष सुरु भएपछि नै त्यसको कार्यान्वयन हुन्छ । प्रहरीलाई पेस्तोल र भिड नियन्त्रणका सामग्री आवश्यक छ । नयाँ प्रक्रियाबाट ग्लोबल टेन्डर गरेर पारदर्शी तरिकाले खरिद प्रक्रिया अघि बढाउँछौं । पहिला स्थगन भएको ठेक्काका लागि बजेट पनि आएको छैन । खरिदको सबै काम नयाँ प्रक्रियाबाट हुन्छ ।

सशस्त्रले गरिसक्यो पुरानो ठेक्काको म्याद नथप्ने निर्णय

नवराज मैनाली/नयाँ पत्रिका

नेपाल प्रहरी र सशस्त्रका लागि डेढ अर्बका हतियार किन्ने तीन वर्षअघि स्थगित ठेक्का ब्युँताउन बिचौलिया समूहको चलखेल अहिले पनि जारी छ । तर, विवादित ठेक्कामा फसिने डरले दुवै प्रहरीको नेतृत्व पन्छिन खोजेका छन् । बरु, राजनीतिक र प्रशासनिक दबाबै आए पनि नयाँ ठेक्का प्रक्रिया अघि बढाउने उनीहरूको प्रस्ताव छ ।

०७९ को निर्वाचनको मुखमा सरकारले दुवै प्रहरीलाई हतियार किन्न बजेट विनियोजन गरेको थियो । नेपाल प्रहरीका लागि करिब एक अर्बको र सशस्त्रका लागि करिब ५० करोड रुपैयाँको हतियार किन्ने ठेक्का सम्झौता भएको थियो ।

दुवै प्रहरीको ठेक्का विवादास्पद व्यापारी दीपक भट्टका कम्पनीहरूले हात पारेका थिए । तर, खरिद प्रक्रियामा मिलेमतोको प्रश्न उठेपछि

» पृष्ठ २ मा क्रमशः

■ डेढ अर्बको ठेक्कामा ५० प्रतिशतभन्दा धेरै कमिसनको खेल, शक्तिकेन्द्रहरू नै सक्रिय

नेपाल प्रहरी र सशस्त्रका दुवै ठेक्का विवादास्पद व्यापारी दीपक भट्टका कम्पनीहरूले हात पारेका थिए । तिनैलाई अगाडि बढाउने चलखेलमा उनी छन् । यसका लागि भट्टले राजनीतिक र प्रशासनिक नेतृत्वलाई आवश्यकतानुसार दबाब र प्रभावमा पारेको स्रोतको भनाइ छ ।

हतियार खरिदमा ५० प्रतिशतभन्दा धेरै कमिसनको चलखेल हुने भएकाले राजनीतिक शक्तिकेन्द्रहरू पनि भट्टको चासोअनुसार सक्रिय भएर लागेका छन् । हतियार खरिदका लागि मन्त्रिपरिषद्को समेत स्वीकृति आवश्यक हुने भएकाले प्रधानमन्त्री, गृहमन्त्रीको मिलेमतो र सहमतिविना यससम्बन्धी प्रक्रिया अघि बढ्न सक्दैन । त्यसैले उनीहरूलाई पनि मनाएर प्रक्रिया अघि बढाउन खोजिएको छ ।

त्यस्तै, गृहसचिव गोकर्णमणि दुवाडीलाई पनि हतियार खरिदमा सघाए मुख्यसचिव बनाउन पहल गर्ने आश्वासन ठेकेदार भट्टले दिएको स्रोतको दाबी छ । त्यसपछि सचिव दुवाडीले प्रक्रिया छिटो अघि बढाउन नेपाल प्रहरी र सशस्त्रलाई दबाब दिइरहेका छन् । 'गृहसचिव जसरी पनि ठेक्का अगाडि बढाउनुपर्छ भनेर लाग्नुभएको छ,' गृह मन्त्रालयका एक अधिकारीले भने ।

नेपाल प्रहरीले २० असार ०७९ मा हतियार खरिदका लागि मर्क्युर ट्रेडिङ प्राली र ग्लोबल कन्स्टेलेसन ट्रेडिङ कम्पनीलाई जिम्मा दिने सम्झौता गरेको थियो । मर्क्युरसँग पेस्तोल र सटगन तथा ग्लोबलसँग गोली र टियरग्यास खरिदको सम्झौता थियो । मर्क्युरको सञ्चालक मनोजकुमार अग्रवाल तथा ग्लोबलको सञ्चालकमा दीपककुमार बोहरा र अभिषेक आनन्द छन् ।

सोही हतियार खरिद अघि बढाउन व्यापारी भट्टकै स्वार्थमा हालै सार्वजनिक खरिद नियमावली संशोधन गरिएको थियो । संशोधनमा पहिला स्थगन गरिएका खरिद सम्झौतालाई निरन्तरता दिन सकिने प्रावधान राखियो । गत १५ वैशाखमा राजपत्रमा प्रकाशित नियमावलीको चौथौं संशोधनमा खरिद सम्झौताको अवधि थपसम्बन्धी विशेष व्यवस्था राखिएको छ । जसमा तोकिएको म्यादभित्र खरिद सम्झौताबमोजिम कार्य सम्पन्न हुन नसकी अधुरो रहेका, तर खरिद सम्झौताको म्याद सकिएका वा म्याद थप हुन नसकेका खरिद सम्झौताको हकमा संशोधित कार्यतालिका पेस गर्न सक्ने उल्लेख छ ।

दफा १२० मा 'नेपाल सरकार, मन्त्रिपरिषद् वा सार्वजनिक निकायबाट जुनसुकै कारणले खरिद सम्झौताको स्थगन भएका' खरिद सम्झौतामा निरन्तरता दिन सकिने उल्लेख छ । यसका लागि नियमावली पारित भएको ३० दिनभित्र निवेदन दिन सकिने प्रावधान छ । सोही प्रावधानमा टेकेर तीन वर्षअघिको ठेक्का नवीकरणका लागि चलखेल भएको हो । यद्यपि, व्यवसायी भट्टले भने आफूले हतियारको ठेक्कासम्बन्धी काम छाडिसकेको बताउँदै आएका छन् ।

त्यस्तै, ठेकेदार भट्टले संशोधित नियमावलीअनुसार पुरानो ठेक्काको म्याद थप्न गृह मन्त्रालयमार्फत सशस्त्र प्रहरीलाई दबाब दिएका थिए । तर, सशस्त्रले म्याद थप नगर्ने निर्णय गरेको छ । 'कानुनी रूपमा पनि अहिले पुरानो प्रक्रिया अघि बढाउन मिल्दैन भन्ने हाम्रो निष्कर्ष छ,' सशस्त्र प्रहरीका एक उच्च अधिकारीले भने, 'बजेट पनि सरकारले दिएको छैन, त्यहीकारण म्याद थप नगर्ने निर्णय भएको छ ।' सशस्त्रले म्याद थपबारे सार्वजनिक खरिद अनुगमनको कार्यालयसँग राय मागेको थियो । सो कार्यालयले राय दिन अस्वीकार गरेसँगै सशस्त्र नेतृत्व म्याद थप नगर्ने निष्कर्षमा पुगेको हो ।

■ उपभोक्ता अदालतको फैसलाविरुद्ध चिकित्सकहरू आन्दोलित



बिरामीलाई बिचल्ली पार्दै देशभरका स्वास्थ्य संस्थाका ओपिडी पारिए ठप्प

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



■ निजामती विधेयकमा जालसाजी प्रकरण

कांग्रेस सांसदमाथि छानबिन गर्न कांग्रेसकै नेतृत्वमा समिति

सात सदस्यीय समितिलाई चार कार्यादेश, २१ दिन समयसीमा

समितिमा कांग्रेस र एमालेबाट दुई-दुई तथा माओवादी, रास्वपा र राप्रपाबाट एक-एक सांसद



जीवन परियार | सुशीला थिङ | नारायण आचार्य | ईश्वरी घर्ती | माधव सापकोटा | गणेश पराजुली | रोशन कार्की

नयाँ पत्रिका

संघीय निजामती सेवा विधेयकको 'कुलिङ पिरियड'सम्बन्धी व्यवस्थामा भएको जालसाजी छानबिन गर्न कांग्रेसको नेतृत्वमा संसदीय समिति गठन भएको छ । कांग्रेस सांसद (राज्य व्यवस्था समितिका सभापति)माथि छानबिन गर्न कांग्रैसकै नेतृत्वमा समिति गठन गरिनु न्यायसंगत

» पृष्ठ २ मा क्रमशः

प्रक्रियाप्रति सहमति र नेतृत्वप्रति असहमति जनाएर सहभागी भएका छौं


● **मनीष झा,** प्रवक्ता, रास्वपा



सभामुखसँग छलफल र कार्यव्यवस्था परामर्श समिति बैठकमा हामीले कांग्रेस नेतृत्वमा समिति बन्ने कुरा नैतिक हिसाबले ठिक नहुने र प्रतिवेदनको निष्कर्ष एवं सुझाव विवादमा पर्न सक्ने भन्दै ध्यानाकर्षण गराएका थियौं । त्यही कुरा संसद्मा दोहोऱ्याउँदा पनि उहाँहरू मान्नुभएन । त्यसैले समिति गठन, यसले गर्ने काम र प्रक्रियाप्रति सहमति र नेतृत्वप्रति असहमति जनाएर सहभागी भएका छौं ।

Admission Open

Foundations For Your Career



Courses Offered:

+2

Hotel Management
Computer Science
Tourism Management
General Management

IST Secondary School

Gyaneshwor, Kathmandu

01-4534350, 4534185

ISTSecondary School/IST College istcollegeofficial istcollegeofficial

भगवान् राम ठोरीमा जन्मेको दाबीपछि प्रधानमन्त्री ओलीको अर्को अनुमान

भगवान् शिव हलेसीतिरैका चाम्लिङ हुन सक्छन्

नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीले भगवान् शिव खोटाङको हलेसी क्षेत्रका चाम्लिङ समुदायसँग सम्बन्धित हुन सक्ने टिप्पणी गरेका छन् । यस अघिदेखि नै उनले भगवान् राम चितवनको ठोरीमा जन्मिएको दाबी गर्दै आएका छन् । सोमबार एमाले केन्द्रीय पर्यटन तथा नागरिक उड्डयन विभागले आयोजना गरेको कार्यक्रममा प्रधानमन्त्री ओलीले हलेसी क्षेत्र चाम्लिङको भएको र त्यस क्षेत्रका ओडारमा शिवजी खेलेको कथ्य हुनाले आफूले अनुमान गरेको बताए ।



'वेदव्यास तनहुँका र कपिलमुनि कपिलवस्तुका थिए । सिद्धार्थ गौतम लुम्बिनीका थिए । शिवजीले खेलेका ओडारहरूलाई हामी हलेसी भन्छौं । कहिलेकाहीं शिवजी चाम्लिङ थिए कि क्या हो जस्तो लाग्छ ! हलेसी चाम्लिङको थलो हो,' प्रधानमन्त्री ओलीले भने, 'शिवजी चाम्लिङ पनि हुन सक्छन् । त्यसमा म दाबी गर्दिनँ, यो कुनै दाबी होइन । तर, अनुमान हो । अथवा अर्कै थोक पनि हुन सक्छ । पछि माइग्रेट वा अरू चिजले मिक्सअप भएको पनि हुन सक्छ । तर, भेग त त्यही हो ।'

'राम नेपालमै जन्मिएको प्रचार गर्न डराउनुपर्दैन'

प्रधानमन्त्री ओलीले भगवान् राम नेपालमै जन्मिएको दाबी दोहोऱ्याउँदै प्रचार गर्न डराउनु नपर्ने पनि बताए । यसअघि पनि चितवनको ठोरीमा राम जन्मिएको दाबी गरेर त्यस क्षेत्रलाई रामको जन्मभूमिका रूपमा विकास गर्नुपर्ने बताएका उनले सोमबार त्यस्तै दाबी दोहोऱ्याएका हुन् । ओलीले पाँच वर्षअगाडि अधोध्या नेपालमै पर्ने बताएका थिए ।

'त्यत्तिकै कथा हालेर हुन्छ फलानु ठाउँमा जन्मिएको भनेर । राम जन्मिएका नेपालमा हो । नेपालको भूमिमा पर्छ त्यो ठाउँ । उतिवेला पनि नेपालमै थियो भन्दिनँ म । के थियो के थिएन । ...अहिले त्यो भूभाग नेपालमा पर्छ,' ओलीले भने, 'राम भगवान् हुन् भन्ने मान्नु-नमान्नु आफ्नो कुरा हो । जसले रामलाई भगवान् मान्छ, उसका लागि राम जन्मभूमि पवित्र ठाउँ हो । हामी यति प्रचार गर्न सक्दैनौं, यति भन्न सक्दैनौं, यति आँट गर्दैनौं । अप्ठ्यारो लाग्छ, को रिसाउँछ जस्तो लाग्छ ।'

विवादमा परिने...

पृष्ठ १ बाट क्रमशः

त्यतिखेर स्थगित गरिएको थियो। अहिले त्यही ठेक्का ब्युँताएर हतियार खरिद प्रक्रिया अघि बढाउन भट्टले चलखेल जारी राखेका छन्। सोही योजनअनुसार व्यापारी भट्टकै स्वार्थमा हालै सार्वजनिक खरिद नियमावलीसमेत संशोधन गरिएको थियो। संशोधनमा पहिला स्थगन गरिएका खरिद सम्झौतालाई निरन्तरता दिन सकिने विशेष प्रावधान राखिएको छ।

पुरानै ठेक्कालाई अघि बढाउँदा विवादमा पर्नुका साथै मुद्दामामिलामा फसिने त्रासले प्रहरी नेतृत्व त्यसमा मानेको छैन। तर, गृह मन्त्रालयको राजनीतिक र प्रशासनिक नेतृत्वबाट दुवै प्रहरीलाई चर्को दबाब छ। दबाबबिच नै सशस्त्रले पुरानो ठेक्काको म्याद थप नगर्ने निर्णय गरिसकेको छ भने नेपाल प्रहरीका आइजिपी दीपक थापाले पनि नयाँ प्रक्रियाबाट मात्रै अघि बढाउने प्रस्ताव गरेका छन्।

संशोधित नियमावलीको प्रावधानअनुसार व्यापारी भट्टका कम्पनीहरूले तीन वर्षअघिकै सम्झौताअनुसार म्याद थप गरेर हतियार खरिदका लागि सशस्त्रमा गत १४ जेठमा निवेदन दिएको थियो। यसरी निवेदन परेको एक महिनाभित्र म्याद थप नगरे कारबाही हुने प्रावधानसहित सार्वजनिक खरिद नियमावली संशोधन गरिएको थियो।

तर, सशस्त्र प्रहरीले म्याद थप नगर्ने निर्णय गरेको छ। 'कानुनी रूपमा पनि अहिले पुरानो प्रक्रिया अघि बढाउन मिल्दैन भन्ने हाम्रो निष्कर्ष छ,' सशस्त्र प्रहरीका एक उच्च अधिकारीले भने, 'बजेट पनि सरकारले दिएको छैन, त्यहीकारण म्याद थप नगर्ने निर्णय भएको छ।'

सशस्त्र प्रहरीले म्याद थपबारे सार्वजनिक खरिद अनुगमनको कार्यालयसँग राय मागेको थियो। सो कार्यालयले राय दिन अस्वीकार गरेसँगै सशस्त्र नेतृत्व म्याद थप नगर्ने निष्कर्षमा पुगेको हो। सशस्त्र प्रहरीलाई हतियारभन्दा विपत् व्यवस्थापन र बिओपी निर्माणका लागि बजेट आवश्यक रहेको सशस्त्र प्रहरी अधिकारीले बताउँदै आएका छन्।

तीन वर्षअघि सशस्त्रमा १९ लाख ६६ हजार डलरको पेस्तोल तथा १७ लाख ८२ हजार डलरको सटगन खरिदको सम्झौता भएर प्रतीतपत्र (एलसी)समेत खोलिएको थियो। पछि मन्त्रिपरिषद्ले नै स्थगन गर्ने निर्णयसँगै एलसीबापतको पैसा सरकारको राजस्व खातामा जम्मा भइसकेको छ। तर, फेरि त्यही एलसी नवीकरणका लागि विवादास्पद व्यवसायी दीपक भट्टले शक्तिकेन्द्रमार्फत दबाब दिइरहेको स्रोत बताउँछ।

नौ एमएमको दुई हजार तीन सय थान पेस्तोल खरिदका लागि मर्क्युर (मिनेर्भो कर्पोरेसनको स्थानीय प्रतिनिधि) तथा दुई हजार थान सटगन खरिदका लागि पेरुन इन्टरप्राइजेज(एरियाज टेक्नोलोजी, हङकङको स्थानीय प्रतिनिधि)सँग सम्झौता भएको थियो। पेस्तोल ८५५ अमेरिकी डलर तथा सटगन ८९१ अमेरिकी डलरका दरले खरिद गर्न १६ असार ०७९ मा सम्झौता भएकोमा २७ असारमा एलसीसमेत खोलिएको थियो। सटगनको १७ लाख ८२ हजार डलको ठेक्का पेरुन तथा १९ लाख ६६ हजार पेस्तोल खरिदको ठेक्का मर्क्युरले पाएको थियो। सशस्त्र प्रहरीको ठेक्का पाउने दुवै कम्पनी व्यवसायी भट्टका कामदारको नाममा छन्।

नेपाल प्रहरीमा कानुन मिचेर एक वर्ष म्याद थप

नेपाल प्रहरीमा भने गत वर्ष नै एक वर्ष म्याद थप भइसकेको खुलेको छ। गत वर्ष भदौ अन्तिममा तत्कालीन प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले एक वर्षका लागि भनेर ठेक्काको म्याद थप गरेका थिए। जसअनुसार आगामी भदौसम्म सो ठेक्काको म्याद छ। त्यतिवेला दबाबको भरमा कानुन मिचेर म्याच थप गरिएको पाइएको छ। सोहीअनुसार अहिले पनि सोही प्रक्रिया ब्युँताउन भनिएको छ।

तर, सो खरिद प्रक्रियाबारे प्रश्न उठेको र त्यसका लागि बजेट नआएकाले नयाँ खरिद प्रक्रिया अघि बढाउने प्रहरी प्रधान कार्यालयको तयारी छ। नेपाल प्रहरीका महानिरीक्षक दीपक थापा प्रहरीलाई पेस्तोल र भिड नियन्त्रणका सामान आवश्यक भएको र त्यो नयाँ प्रक्रियाबाट खरिद गरिने बताउँछन्।

'पेस्तोल र भिड नियन्त्रणका सामान खरिदका लागि भनेर प्रहरीको सिलिङभित्रै सरकारले आगामी वर्षका लागि बजेट दिएको हो। नयाँ वर्षको बजेट भएकाले नयाँ आर्थिक वर्ष सुरु भएपछि नै त्यसको कार्यान्वयन हुन्छ। प्रहरीलाई पेस्तोल र भिड नियन्त्रणका सामग्री आवश्यक छ,' उनले भने, 'नयाँ प्रक्रियाबाट ग्लोबल टेन्डर गरेर पारदर्शी तरिकाले खरिद प्रक्रिया अघि बढाउँछौँ। पहिला स्थगन भएको ठेक्काका लागि बजेट पनि आएको छैन। खरिदको सबै काम नयाँ प्रक्रियाबाट हुन्छ।'

पुरानो ठेक्काको म्याद थपको विषयमा आफूलाई विस्तृत जानकारी नभएको उनको भनाइ छ। आगामी आर्थिक वर्षका लागि सरकारले नेपाल प्रहरीलाई 'सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च'मा एक अर्ब नौ करोड रुपैयाँ विनियोजन गरेको छ। नयाँ आर्थिक वर्ष सुरु भएलगत्तै पुरानै प्रक्रिया ब्युँताएर भुक्तानी दिन ठेकेदार दीपक भट्टले दबाब दिएका छन्।

पुरानो प्रक्रिया ब्युँताउँदा कानुनी समस्या आउन सक्ने प्रहरी र गृहका अधिकारीले बताएपछि नयाँ ठेक्का आफूले नै पाउनुपर्ने गरी उनले लबिइङ अघि बढाएको स्रोत बताउँछ। पुरानो ठेक्का रद्द गरे जिटुजी प्रक्रियाबाट आफूनिकट कम्पनीकै हतियार खरिदका लागि पनि उनले छलफल अघि बढाएका छन्।

त्यस्तै, गृहसचिव गोकर्णमणि दुवाडीलाई पनि हतियार खरिदमा सघाए मुख्यसचिव बनाउन पहल गर्ने आश्वासन ठेकेदार भट्टले दिएको स्रोतको दाबी छ। त्यसपछि सचिव दुवाडीले प्रक्रिया छिटो अघि बढाउन नेपाल प्रहरी र सशस्त्रलाई दबाब दिइरहेका छन्। 'गृहसचिव जसरी पनि ठेक्का अगाडि बढाउनुपर्छ भनेर लाग्नुभएको छ,' गृह मन्त्रालयका एक अधिकारीले भने।

विश्वासको मत लिनुनपर्ने प्रधानमन्त्री ओलीको दाबी

'कसले अविश्वास गरेको छ र विश्वासको मत चाहियो ?' नागरिक उन्मुक्ति पार्टीले विश्वासको मत फिर्ता लिएको छ नि भन्ने प्रश्नमा ओलीले भने, 'कहिले ?'

नयाँ पत्रिका

जसपा नेपाल र नागरिक उन्मुक्ति पार्टीले समर्थन फिर्ता लिए पनि प्रधानमन्त्री केपी ओलीले सरकारप्रति कसैले अविश्वास नगरेकाले विश्वासको मत लिनुनपर्ने दाबी गरेका छन्। सोमबारकै बैठकदेखि नागरिक उन्मुक्ति विपक्षी बेन्चमा बसे पनि प्रधानमन्त्री ओलीले त्योचाहिँ आफूले नदेखेको प्रतिक्रिया दिए।

सोमबार संसद् भवनबाट बाहिरिने क्रममा पत्रकारको प्रश्नमा ओलीले प्रतिप्रश्न गर्दै भने, 'कसले अविश्वास गरेको छ र विश्वासको मत चाहियो ?' नागरिक उन्मुक्ति पार्टीले विश्वासको मत फिर्ता लिएको छ नि भन्ने प्रश्नमा ओलीले भने, 'कहिले ?' विश्वासको मत फिर्ता लिएर विपक्षी बेन्चमा बसेको विषयमा प्रश्न गर्दा ओलीले भने, 'मैले हेरिनँ नि।'

प्रधानमन्त्री ओलीले त्यसअघि सोमबार नै नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीसँग प्रधानमन्त्रीनिवास बालुवाटारमा छलफल गरेका थिए। उनीहरूबिच करिब एक घण्टा एक्लाएक्लै कुराकानी भएको थियो। छलफलको विषयबारे नागरिक उन्मुक्ति पार्टीका सांसदहरूले अनभिज्ञता प्रकट गरेका छन्।

नागरिक उन्मुक्तिका सुदूरपश्चिमका मन्त्री रामेश्वर चौधरीलाई हातेट्र्याक्टर वितरणमा अनियमितता गरेको भन्दै सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले बर्खास्त गरेका थिए। त्यसपछि नागरिक उन्मुक्तिले प्रदेशका साथै केन्द्रमा पनि समर्थन फिर्ताको निर्णय लिएको हो।

नागरिक उन्मुक्तिले सरकारलाई दिएको विश्वासको मत फिर्ता लिएको जानकारी सभामुख देवराज घिमिरेलाई गराएको छ। त्यसपछि सोमबारकै बैठकदेखि उक्त पार्टी विपक्षीको बेन्चमा बसिसकेको छ।

पाँच सांसद भएको जसपा नेपालको केन्द्रीय कार्यकारिणी समिति बैठकले समर्थन फिर्ता लिन संसदीय दललाई निर्देशन दिइसकेको छ। एक-दुई दिनमै संसदीय दलले समर्थन फिर्ताको निर्णय लिने जसपा नेपालका प्रवक्ता मनीष सुमनले बताए।

सरकारमा सहभागी दलले विश्वासको मत फिर्ता लिएपछि प्रधानमन्त्रीले संसद्मा विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ। संविधानको धारा १०० (२) मा 'सरकारको नेतृत्व गरेको राजनीतिक दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिनभित्र प्रधानमन्त्रीको विश्वासको मतका लागि प्रतिनिधिसभामा प्रस्ताव राख्नुपर्ने' प्रावधान छ। उपधारा ३ मा प्रस्ताव प्रतिनिधिसभाबाट तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमतबाट पारित हुन नसकेमा प्रधानमन्त्री आफ्नो पदबाट मुक्त हुने' प्रावधान छ।

हीरक पार्क क्षेत्रमा रोपियो चार हजार बिरुवा

धादिङ/ नेत्रावती डबजोङ गाउँपालिका- ४ हीरक पार्कमा वृक्षरोपण गरिएको छ। ऐतिहासिक महत्त्व बोकेको निर्माणाधीन पार्कलाई व्यवस्थित गरी पूर्णता दिन तथा हराभरा बनाउन वृक्षरोपण गरिएको हो। पार्क र आसपास क्षेत्रमा करिब चार हजार बिरुवा रोपिएको डिभिजन वन कार्यालय धादिङका प्रमुख विष्णुप्रसाद आचार्यले बताए।

'कपुर, अशोक, ज्याकारान्डा, कल्फी, सयपत्री, गोदावरी, असारेलगायत विभिन्न प्रजातिका फूलहरूसहित पार्कमा तीन सय बिरुवा रोपिएको छ। चार सय ५० बाँस र तीन हजार अम्रिसो गरी यस क्षेत्रमा करिब चार हजार बिरुवा रोपिएको हो,' उनले भने, 'मध्यपहाडी लोकमार्गको माइलस्टोन बनाउने लक्ष्य रहेको छ। सामुदायिक वनमार्फत स्टोर हाउस, कफी हाउस, पालेघर, टिकट घर, विश्रामस्थल बनाएर ऐतिहासिक १५ कोषलाई समेटेर विकास गर्ने लक्ष्य छ।'

मध्यपहाडी लोकमार्गको यात्राका क्रममा प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओलीले हिरक पार्कको शिलान्यास गरेका थिए। एमाले स्थापना भएको ७५ वर्ष पुगेको अवसरमा उनले यो पार्कलाई राष्ट्रियस्तरको पर्यटकीय गन्तव्य बनाउने लक्ष्यसहित शिलान्यास गरिएको बताएका थिए।

निर्माणाधीन पार्कलाई व्यवस्थित गर्दै पूर्णता दिने एमाले धादिङका अध्यक्ष भूमि त्रिपाठीले बताए। 'बजेट थोरै धेरै आफ्नो ठाउँमा छ। आशा गरेअनुसार बजेट परेन, तर पार्कको पुनर्निर्माणले पूर्णता पाउनेछ,' उनले भने, 'प्रधानमन्त्रीलाई पनि यो पार्क उद्घाटन गर्ने रहर छ। बजेट कतैबाट विनियोजन गरेर पूर्ण गर्नेछौँ। हनुमान ढोका र गोर्खा तरबारको बिचमा रहेको यो १५ कोष ऐतिहासिक महत्त्व बोकेको क्षेत्र हो। होमस्टे, पर्यटकीय दृष्टिकोणलगायतका हिसाबले विकास गरी यहाँका उत्पादनको बजारीकरण र आर्थिक पाटोमा यस पार्कले जोड्नेछ।'

सेवा प्रवाह...

पृष्ठ १ बाट क्रमशः

र प्रभावकारी बन्न आग्रह गर्दै संविधान संशोधनका विषयमा छलफल गर्न पार्टीका तर्फबाट कार्यदल गठन गर्ने निर्णय पनि गरेको छ। बैठकमा अधिकांश नेताले सरकारले अपेक्षाअनुसार काम गर्न नसकेको भन्दै आलोचना गरेका थिए।

पार्टी प्रवक्ता डा. प्रकाशशरण महतका अनुसार सरकारले सुशासन, जनताको दैनिक सेवा प्रवाह, आर्थिक समृद्धि र रोजगारी सिर्जना गर्ने सम्भवनामा प्रभावकारी काम गर्न नसकेको बैठकको निष्कर्ष छ। 'गठबन्धन सरकारले जनताको दैनिक आवश्यकता, सेवा प्रवाहका विषय, सुशासनको विषय, आर्थिक समृद्धि र रोजगारीको विषयमा थप प्रभावकारिताका साथ काम गर्नुपर्ने निर्णय भएको छ,' उनले भने।

बैठकमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले सरकारले अपेक्षित काम गर्न नसकेको धारणा राखेका थिए। थापाले आफू सरकारलाई प्रभावकारी बनाउन लागिरहेको र मन्त्री बदलेर भए पनि नतिजा दिनुपर्ने बताए। 'सरकारले अपेक्षित काम गर्न सकेको छैन। सरकारलाई प्रभावकारी बनाउन हामी लागिरहेका छौँ। मान्छे फेरेरै भए पनि सरकारलाई प्रभावकारी बनाउनुपर्छ,' थापाले भने।

यस्तै, अर्का महामन्त्री शर्माले ओली नेतृत्वको सरकारले अपेक्षित काम गर्न नसकेको भन्दै गम्भीर समीक्षा गर्नुपर्ने आवश्यकता औँल्याए। 'निर्वाचनबाट हामी पहिलो दल भयौँ। तर, कहिले तेस्रो दल त कहिले दोस्रो दललाई प्रधानमन्त्री बनायौँ। अहिले सरकार अपेक्षित गतिमा छैन। त्यसको गम्भीर समीक्षा गर्नुपर्छ,' शर्माले भने।

सभापति शेरबहादुर देउवाले भिन्नाभिन्नै विचार भएका संसद्का दुई ठुला दल सरकारमा भएकाले केही समस्या देखिनु सामान्य भए पनि सरकारको प्रभावकारिता भने बढाउनुपर्ने बताए। 'भिन्नाभिन्नै विचारधारा भएका ठुला दल सरकारमा छौँ, त्यसकारण समस्या आउँछन्। समाधान गर्दै अगाडि बढ्नुपर्छ,' देउवाको भनाइ उद्धृत गर्दै डा. महतले भने, 'सरकारको प्रभावकारिता बढाउनुपर्छ। हाम्रो मन्त्रीहरूको पनि प्रभावकारिता बढाउनुपर्छ। पार्टी नेतृत्वले मन्त्रीको मूल्यांकन गरिरहेको छ।'

देउवाले प्रधानमन्त्री केपी ओलीसँग कुनै समस्या नभएकोसमेत दाबी गरेका छन्। 'प्रधानमन्त्रीसँग कुनै समस्या छैन। केही समस्या भए पनि शीर्ष नेता बसेर समाधान गर्न सकिन्छ। अहिले भएको पनि त्यही छ,' देउवाको भनाइ उद्धृत गर्दै एक नेताले भने, 'गठबन्धन सरकार पूरा समय चल्छ।'

मुख्य सचिव कृष्णप्रसाद पौडेलद्वारा जारी विज्ञप्तिमा सरकारको स्थायित्वका लागि जनभावनाअनुसार वर्तमान सरकारले विकास, सुशासन एवं समुन्नतिका लागि थप प्रभावकारिताका साथ काम गर्नुपर्नेमा बैठकले सरकारको गम्भीर ध्यानाकर्षण गराएको उल्लेख छ। यस्तै, बैठकले सहकारी सञ्चालकबाट ठगिएका बचतकर्ताको बचत सुरक्षित गर्दै बचतकर्तालाई पाँच लाखसम्मको रकम यथाशीघ्र फिर्ता दिलाउन प्रभावकारी नीति लिन सरकारको ध्यानाकर्षण गराएको छ।

यस्तै, बैठकले प्रदेश सरकार सञ्चालन सम्बन्धमा भएका गतिविधि र बजेट निर्माणमा देखिएका असमझदारीलगायतका सन्दर्भमा सातै प्रदेशमा पार्टीको प्रदेश कार्यसमिति, प्रदेश संसदीय दलसँग बैठक बसी पार्टीको तर्फबाट आवश्यक छलफल र सहजीकरण गर्न केन्द्रीय कार्यसमितिको तर्फबाट प्रतिनिधि खटाउने निर्णय लिएको छ। प्रतिनिधिले एक महिनाभित्रमा केन्द्रीय कार्यसमितिलाई प्रतिवेदन बुझाउनुपर्नेछ।

संविधान संशोधन गर्न कार्यदल गठन गर्ने निर्णय

कांग्रेसले संविधान संशोधनको खाका तयार पार्न कार्यदल गठन गर्ने निर्णय गरेको छ। संविधान निर्माणमा संलग्न दलहरूसँग सहकार्य र नागरिक समाज तथा सरोकारवालासँग परामर्श गर्ने निर्णय पनि कांग्रेसको निर्णय छ। 'कांग्रेसको नेतृत्वमा बनेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान कार्यान्वयनको एक दशकको समीक्षा गर्दै यसका सबल पक्ष र दुर्बल पक्षको पहिचान गर्दै संविधानमा आवश्यक संशोधनलाई सार्थक निष्कर्षमा पुग्न आन्तरिक कार्यदल गठन गर्दछ,' कांग्रेसको निर्णय छ, 'संविधान संशोधनका लागि संविधान निर्माणमा संलग्न दलहरूसँग कांग्रेस सहकार्य गर्दछ र नागरिक समाज तथा सरोकारवालाहरूसँग पनि परामर्श गर्नेछ।'

नागरिक उन्मुक्ति र जसपा नेपालले समर्थन फिर्ता लिएपछि सरकारले दुईतिहाइ बहुमत गुमाएको वेला प्रमुख सत्तारूढ दल कांग्रेसले संविधान संशोधनको खाका तयार पार्न कार्यदल गठनको निर्णय गरेको छ। यी दुई दलले समर्थन फिर्ता लिएसँगै राष्ट्रिय सभामा सत्तापक्ष अल्पमतमा पर्छ। जसपा नेपालले कार्यकारिणी समितिले समर्थन फिर्ता लिने निर्णय गरे पनि संसदीय दलले निर्णय गरिसकेको छैन। त्यसैबिच सभापति देउवाले संविधान संशोधनका लागि राष्ट्रिय सभामा संख्या अपुग भएकाले प्रक्रिया अगाडि बढाउन नसकेको बताए। 'संविधान संशोधनका लागि ओली पनि तयार छन्। तर, राष्ट्रिय सभामा संख्या कम रहेका कारण अघि बढेको छैन,' उनले भने।

महाधिवेशनबारे महामन्त्री थापा

महामन्त्री गगन थापाले ०८३ मंसिरभित्र १५औँ महाधिवेशन गर्नुपर्ने भन्दै आगामी केन्द्रीय कार्यसमिति बैठकले मिति तोक्ने बताए। ०८३ को मंसिरभित्रै महाधिवेशन गरेर स्थानीय, प्रदेश र केन्द्रको निर्वाचन तयारीमा जुट्नुपर्नेमा उनले जोड दिए। कांग्रेस केन्द्रीय कार्यसमिति बैठक तीन/तीन महिनामा बस्ने वैधानिक व्यवस्था छ।

सोहीअनुसार आगामी असोजमा बस्ने बैठकले महाधिवेशनको मिति तोक्ने थापाले बताएका हुन्। 'महाधिवेशनको आवश्यक तयारी भइरहेको छ। दसैँअघि असोजमा केन्द्रीय कार्यसमिति बैठक बसेर महाधिवेशनको तिथिमिति तय गर्नुपर्छ। ०८३ को मंसिरभित्रै महाधिवेशन गर्दा स्थानीय, प्रदेश र केन्द्रको निर्वाचन तयारीमा जुट्न समय हुन्छ,' थापाले भने।

महाधिवेशन तयारीका लागि आवश्यक काम भइरहेको पनि थापाले दाबी गरे। उनले आफ्नो निर्वाचन क्षेत्रमा क्रियाशील सदस्यता नवीकरणमा मिहिनेत गर्न पनि थापाले केन्द्रीय सदस्यहरूसँग आग्रह गरे। उनले ८० प्रतिशत हाराहारीमा क्रियाशील सदस्यता नवीकरण हुने देखिएको पनि जानकारी दिए। भदौ मसान्तसम्म क्रियाशील सदस्यता नवीकरणका लागि समय दिनुपर्ने प्रस्ताव उनको छ।

थापाले कानुनी शासनमा विश्वास गर्ने कांग्रेसले भ्रष्टाचार मुद्दामा कांग्रेस भएकै कारण उन्मुक्ति पाउन नहुने बताए। निर्दोष फस्न नहुनेमा पनि उनले जोड दिए। 'कानुनी शासनमा विश्वास गर्ने कांग्रेसले कोही निर्दोष पर्न हुँदैन, दोषी कोही छुट्नुहुँदैन भन्नुपर्छ। दोषी छ भने कांग्रेस भएकै कारणले उन्मुक्ति पाउनुहुँदैन,' थापाले भने। यसअघि आइतबार गोपालमान श्रेष्ठले एमाले र माओवादीले भ्रष्टाचारमा संलग्नलाई संरक्षण गरे पनि कांग्रेसले संरक्षण गर्न नसकेको गुनासो गरेका थिए।

बैठकले पार्टीको क्रियाशील सदस्यता नवीकरण भदौ मसान्तभित्र टुंग्याउने निर्णय पनि गरेको छ। पार्टीसँग परामर्श गरेर भ्रातृ संगठनहरूलाई महाधिवेशनको मिति तय गर्न पनि बैठकले निर्देश गरेको छ। पार्टीको क्षेत्रीय र अन्तर्राष्ट्रिय समिति गठन गर्ने निर्णय पनि बैठकले गरेको छ। पार्टी महाधिवेशनको विषयमा भने कुनै निर्णय नभएको उनले बताए।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी ७ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/०३/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०३/३० गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि ७ (**सात**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी/अ.प्रा.व्यक्ति/जमानीकर्ताको विवरण	जमानीकर्ताको विवरण
१) ऋणीः हरिविष्णु म्यानेजमेन्ट प्रा.लि. दर्ता गर्ने कार्यालयः कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौं दर्ता नं. : १२७७२७/०७१/०७२, दर्ता मितिः २०७१/०७/१० ठेगानाः का.म.न.पा.३३, काठमाण्डौं पान नं. ६०२४२८२६० **ऋणी/अध्यक्ष/अ.प्रा. व्यक्तिको नामः देवु गौतम (एकल शेयरधनी)** बाबुको नाम : हरिगोपाल गौतम बाजेको नाम : विष्णु गोपाल उपाध्याय गौतम ठेगाना : काठमाण्डौं-३३, काठमाण्डौं ना.प्र.नं. : ७५४६, जारी मिति : २०४२/०८/०४ जारी गर्ने कार्यालय : जि.का., काठमाण्डौं **कर्जा लिएको शाखा : बानेश्वर, काठमाडौं**	**क) नाम : सुशीला गौतम (सुवेदी)** पतिको नामः हरिगोपाल गौतम (उपाध्याय) ससुराको नाम : विष्णु गोपाल उपाध्याय गौतम ठेगाना : का.म.पा.-३३, काठमाण्डौं ना.प्र.नं. : २७१०६०/२१६१७ जारी गर्ने कार्यालय : जि.प्र.का., काठमाण्डौं जारी मिति : २०६५/०३/२० **सुरक्षणमा रहेको धितोको विवरणः** श्री भूमीसुधार तथा मालपोत कार्यालय भक्तपुरमा देवु गौतमको नाममा दर्ता कायम रहेको भक्तपुर जिल्ला चांगुनारायण-०९ख स्थित कि.नं. १६४८ को क्षेत्रफल २५४.३२ व.मि. को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ " को SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

उपकार लघुवित्त वित्तिय संस्था लिमिटेड, केन्द्रीय कार्यालयकोहलपुरलाई आवश्यक पर्ने वस्तु र सेवा आपूर्ति गर्ने फर्म/कम्पनीको सूची दर्ता सम्बन्धी सूचना

यस वित्तिय संस्थालाई आ.व. २०८२/०८३ को लागि आवश्यक पर्ने तपसीलमा उल्लेखित वस्तु तथा सेवाहरू आपुर्ति/प्रवाह गर्ने प्रयोजनको लागि सम्बन्धित विषयको कारोबार गर्न स्वीकृत प्राप्त गरेका इच्छुक रजिष्ट्रर्ड फर्म/कम्पनीको सूची दर्ता गराउनु पर्ने भएकोले आफूले आपुर्ति/प्रवाह गर्ने वस्तु एवं सेवाहरूको विवरण, फर्म/कम्पनी दर्ता नविकृत प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) दर्ता प्रमाणपत्र तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र सहितको आवेदन सूचना प्रकाशित मितिले १५ दिन भित्र भित्र यस वित्तिय संस्थाको केन्द्रीय कार्यालय, कोहलपुर ११ बाँकेमा दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसील

१. स्टेशनरी र कार्यालय संचालन सम्बन्धी अन्य मसलन्द सामानहरू।
२. छपाई समाग्री तथा ढुवानी सम्बन्धि कार्य।
३. विज्ञापन डिजाईन तथा कुरियर सेवा।
४. साईनबोर्ड, फ्लेक्स बोर्ड आपूर्ती र मर्मत सेवा।
५. प्रिन्टर, फोटोकपी, फ्याक्स आदिमा लाग्ने इन्क, रिबन, टोनर तथा कार्टेजहरू आपुर्ति तथा संभार।
६. फर्निचर र फिक्सचर्स आपूर्ति तथा मर्मत संभार र सो सम्बन्धी कार्य।
७. Laptop/Desktop/Server/Computer, Printer, Scanner, AC, CCTV, यु.पि.एस., ब्याट्री, टेलिफोन सेट र पार्टपूर्जाहरू तथा ईलेक्ट्रीक तथा इलेक्ट्रोनिक्स आपूर्ति तथा मर्मत कार्य।
८. सेफ आपूर्ति र ढुवानी सम्बन्धी।
९. सवारी साधन खरीद तथा मर्मत।
१०. खानेपानी आपूर्ती सेवा।
११. अन्य

आवश्यक कागजातहरू

क) आपुर्ति/प्रवाह गर्ने वस्तु एवं सेवाहरूको विवरण
ख) फर्म/कम्पनी दर्ता नविकृत प्रमाणपत्र
ग) स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र
घ) करचुक्ता प्रमाण पत्र

अन्य जानकारीहरू :

१. सूचीकृत हुने निवेदनहरू मध्येबाट योग्य ठहरिएका विक्रेता फर्म तथा कम्पनीहरूलाई मात्र सूचीकृत गरिनेछ। यसरी सूचीकृत गर्दा पेश हुन आएको विवरणलाई आधार मानी गरिनेछ।
२. सूचीकृत दर्ताको समयमा आवश्यक सम्पूर्ण कागजात, अनुभव प्रमाणपत्रको प्रतिलिपि तथा अन्य कागजातहरू पेश गर्नु पर्नेछ।
३. सूचीकृतमा पर्ने फर्महरूलाई सूचीकृत भएको जानकारी पत्र मार्फत् गराइनेछ र वार्षिक सम्झौता समेत गर्न सकिनेछ।
४. निवेदनको नमुना website मा राखिएको छ।
५. सूचीकृतमा भएका कम्पनी तथा फर्महरूले सन्तोषजनक सेवा तथा समयमा सामान सप्लाई नगरेको खण्डमा सूचीबाट बिना सुचना हटाउन सकिनेछ। यस उपर कुनै दाबी, विरोध गर्न पाइने छैन। सूचीकृत गर्ने वा नगर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस संस्थामा नै निहितरहनेछ।

उपकार लघुवित्त वित्तीय संस्था लि.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था
केन्द्रीय कार्यालय : कोहलपुर, ११, बाँके, फोन नं. : ०८१-५४२०५३
इमेल : upakar.banke1@gmail.com

कांग्रेस सांसदमाथि...

पृष्ठ १ बाट क्रमशः

नभएको भन्दै रास्वपाले असहमति जनाएको छ।

यद्यपि, प्रतिनिधिसभाको सोमबारको बैठकबाट घोषणा गरिएको सात सदस्यीय छानबिन समिति गठन र त्यसको कार्यादेशप्रति भने रास्वपाले समर्थन जनाएको छ। 'संघीय निजामती सेवा विधेयक २०८०' को कुलिङ पिरियडसम्बन्धीको व्यवस्था तोडमोड गरिएको विषयमा छानबिन गर्न बनाइएको संसदीय समितिको नाम 'संघीय निजामती सेवा विधेयकको प्रतिवेदनमा भएको त्रुटि छानबिन विशेष समिति' रहेको छ। समितिलाई चार कार्यादेश र २१ दिनको समयसीमा दिइएको छ।

समितिमा कांग्रेस र एमालेबाट दुई-दुई तथा रास्वपासहित माओवादी र राप्रपाबाट एक-एकजना सांसदको प्रतिनिधित्व छ। कांग्रेस सहमहामन्त्री जीवन परियार संयोजक रहेको समितिमा कांग्रेसबाटै सुशीला थिङ तथा एमालेबाट नारायणप्रसाद आचार्य र ईश्वरी घर्ती छन्। त्यस्तै, माओवादीबाट माधव सापकोटा, रास्वपाबाट गणेश पराजुली र राप्रपाबाट रोशन कार्की सदस्य छन्।

रास्वपाका प्रवक्ता तथा सांसद मनीष झाले कांग्रेसकै सांसदको नेतृत्वमा समिति बन्नु नैतिक दृष्टिले अनुपयुक्त रहेको जिकिर गर्दै संसद्मा असहमति राखेका थिए। 'सभामुखसँग छलफल र कार्यव्यवस्था परामर्श समिति बैठकमा हामीले कांग्रेस नेतृत्वमा समिति बन्ने कुरा नैतिक हिसाबले ठिक नहुने र प्रतिवेदनको निष्कर्ष एवं सुझाव विवादमा पर्न सक्ने भन्दै ध्यानाकर्षण गराएका थियौँ,' उनले नयाँ पत्रिकासँग भने, 'त्यही कुरा संसद्मा दोहोऱ्याउँदा पनि उहाँहरू मान्नुभएन। त्यसैले समिति गठन र यसले गर्ने काम र प्रक्रियाप्रति सहमति र नेतृत्वप्रति असहमति जनाएर सहभागी भएका छौँ। हाम्रो माग बेवास्ता गरियो।'

झाले विगतमा रास्वपा सभापति रवि लामिछानेमाथि आरोप लाग्दा कांग्रेसले नै नाम जोडेर छानबिन समिति बनाइनुपर्ने अडान राखेको स्मरण गराए। 'हिजो तपाईंहरू नै व्यक्तिको नाम लिएर समिति बनाउनुपर्छ भन्नुहुन्थ्यो, अहिले त्यो मापदण्ड किन लागू नगर्ने ?' उनले प्रश्न गरे। उनले माओवादी वा अन्य विपक्षीलाई नेतृत्व दिन सकिने भए पनि कांग्रेसले नेतृत्व लिएकोप्रति आपत्ति जनाए। बैठकअघि बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकमा समितिमा रहने सदस्यको नाम दलका प्रमुख सचेतकले सभामुखलाई दिएका थिए। शुक्रबार सभामुख देवराज घिमिरेले समिति गठन गर्ने विषयमा दलहरूसँग सहमति जुटाएका थिए।

समितिलाई चार कार्यादेश, २१ दिन समयसीमा

'संघीय निजामती सेवा विधेयकको प्रतिवेदनमा भएको त्रुटि छानबिन विशेष समितिलाई चार कार्यादेश र २१ दिनको समयसीमा दिइएको छ। राज्य व्यवस्था तथा सुशासन समितिबाट सभामा पेस भएको प्रतिवेदनमा मूल विधेयकको दफा ८२ मा उपदफा ४ थपिएको, उपदफा ५ मा रहेको व्यवस्थाले गर्दा कानुनी तादात्म्य नदेखिएको हुँदा के-कति कारणले यस्तो हुन गएको हो सो सम्बन्धमा छानबिन गर्ने विषय उल्लेख छ। त्यस्तै, यस्तो कानुनी तादात्म्य नहुने गरी प्रतिवेदन तयार हुनुमा क-कसको के-कस्तो भूमिका रहेको छ, त्यसबारे छानबिन गर्ने दोस्रो कार्यादेश छ।

त्यस्तै, तेस्रो कार्यादेशमा 'समितिबाट तयार भएको प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा कसैको संलग्नता देखिएमा के-कस्तो संलग्नता रहेको छ, सोको यकिन गरी त्यस्तो पदाधिकारी वा व्यक्तिलाई प्रचलित कानुनबमोजिम कुनै कारबाही गर्नुपर्ने वा नपर्ने भन्ने सम्बन्धमा सुझाव पेस गर्ने' छ। र, समितिलाई चौथो कार्यादेश 'कानुन निर्माणको क्रममा समितिमा हुने छलफल, निर्णय प्रक्रिया, प्रतिवेदनलेखनलगायतका विषयमा देखिएका कमी-कमजोरी पत्ता लगाई भविष्यमा त्यस्तो प्रकृतिका कमी-कमजोरी हुन नदिन के-कस्तो सावधानी वा उपाय अपनाउनुपर्ने हो, सो सम्बन्धमा सुझाव पेस गर्ने' दिइएको छ।

■ उपभोक्ता अदालतको फैसलाविरुद्ध चिकित्सकहरू आन्दोलित

बिरामीलाई बिचल्ली पार्दै देशभरका स्वास्थ्य संस्थाका ओपिडी पारिए ठप्प



● **शोभाकर खरेल**
श्रेस्तेदार, उपभोक्ता अदालत

उहाँहरूले आन्दोलन गरेर हुन्छ भने त के भनौं, तर कानुन नै परिवर्तन गर्छौं भन्नु, कानुन नै मान्दैनौं भन्नु राम्रो भएन। अदालतले कानुनअनुसार फैसला गरेको हो, न्यायपालिकाले गरेको निर्णयलाई त्यसरी हल्का लिन पनि भएन। फेरि एक तहको अदालतले गरेको फैसला चित्त नबुझे अरू तहका अदालत जाने बाटो खुला नै छ।



● **अनिलविक्रम कार्की**
अध्यक्ष, चिकित्सक संघ

चिकित्सकमाथि राज्यले सजायमा भार थपेको छ, यसमा हाम्रो आपत्ति छ, यो समाधान नभएसम्म सेवा ठप्प हुन्छ। बिरामीलाई उपचार सेवा नदिऊँ भन्ने होइन, तर सरकारले चिकित्सकहरूमाथि राखेको प्रतिशोध ठिक भएन। अब फैसला कार्यान्वयन नगर्ने सहमति र पुनरावेदनपछिको परिणामबारे सरकारले आश्वस्त पारेपछि मात्रै आन्दोलन रोकिन्छ।



● **डा. प्रकाश बुढाथोकी,**
प्रवक्ता, स्वास्थ्य मन्त्रालय

अदालतले चिकित्सकहरूलाई चर्को जरिवाना तिरायो, कतिलाई एक करोड, कतिलाई ५६ लाख तिराउने गरी गरिएको फैसला न्यायोचित होइन। यसमा तुरुन्त समाधान खोज्नुपर्छ, हामीले पनि पहल गरिरहेका छौं, अन्यथा बिरामीको बिचल्ली हुन्छ।

शिवहरि घिमिरे/नयाँ पत्रिका



पाटन अस्पतालमा आएका बिरामी चिकित्सकको आन्दोलनका कारण उपचार नपाएपछि बिचल्लीमा। **तस्बिर : अमुल थापा/नयाँ पत्रिका**

उपभोक्ता अदालतको फैसलाको विषयलाई लिएर नेपाल चिकित्सक संघको आह्वानमा सोमबार देशभरका स्वास्थ्य संस्थामा ओपिडी सेवा ठप्प हुँदा बिरामी मारमा परेका छन्। अदालतले २९ जेठ र ५ असारमा फैसला गर्दै ग्रान्डी सिटी क्लिनिक, ओम अस्पताल र हिमाल हस्पिटलमा कार्यरत चिकित्सकलाई जरिवाना तिराउने गरी फैसला गरेपछि निजी र सरकारी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सकहरू विरोधमा उत्रिएका छन्।

अस्पतालको ओपिडी सेवा ठप्प हुँदा उपचारका लागि टाढाटाढाबाट आएका बिरामीहरू बिचल्लीमा परेका छन्। बिरामी अलपत्र परेको देखे पनि चिकित्सकहरू अस्पताल पुगेर हाजिर गरेर फर्किए। सोमबार वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन अस्पताल, निजामती अस्पताल, काठमाडौं मेडिकल कलेज, गंगालाल हृदयरोग अस्पताललगायत ठुला अस्पतालमा ओपिडी सेवा ठप्प थियो। ती अस्पतालमा उपचारका लागि आएका बिरामी सेवा बन्द भए पनि कुरेर बसेका थिए। तर, टिकट काउन्टर तथा ओपिडी सेवा ठप्प भएपछि कतिपय बिरामी फर्किए। 'आज बन्द छ भन्ने थाहा थिएन, तर अस्पताल आउँदा सुनसान थियो,' सोमबार पाटन अस्पतालमा उपचारका लागि आएकी गोदावरीकी सीता दुलाललले भनिन्, 'मेरो नसासम्बन्धी समस्या थियो, तर डाक्टरलाई देखाउन पाइएन, अस्तापलको टिकट काउन्टर र जाँच गर्ने ठाउँ बन्द रहेछ।'

सबैभन्दा धेरै त्रिवि शिक्षण अस्पताल र वीरमा आएका बिरामी अलपत्र परे। वीरमा दैनिक दुई हजार हाराहारी बिरामी ओपिडीमा आउँछन्। 'उपचारका लागि बर्दियाबाट आएकी हुँ, तर ओपिडी बन्द रहेछ, मेरो ढाड दुख्ने समस्या छ,' वीर अस्पतालपरिसरमा भेटिएकी सकुन्तला पौडेलले भनिन्, 'सबै बन्द रहेछ, कसरी उपचार गर्न पाउनु।' वीरका कार्यकारी निर्देशक डा. दिलीप शर्माले ओपिडी बन्द हुँदा बिरामीहरू फर्किएको भन्दै सरकारले छिटो वार्ता गरेर चिकित्सकको समस्या समाधान गर्नुपर्ने बताए।

त्रिवि शिक्षण अस्पतालमा पनि ओपिडी सेवा लिन आएका एक हजार हाराहारी बिरामी उपचार सेवा पाउनबाट वञ्चित भए। नयाँबानेश्वरमा रहेको निजामती अस्पताल (सिभिल)ले पनि ओपिडी सेवा बन्द भएको भन्दै बिरामी फर्कायो। ओपिडी सेवा ठप्प हुँदा गम्भीर अवस्थाका बिरामीसमेत उपचार लिनबाट वञ्चित भए। चिकित्सकहरूले निजी र सरकारी दुवै स्वास्थ्य संस्था बन्द गर्ने चेतावनीसहित एक सातादेखि अदालतको फैसला खारेज गर्न माग गर्दै आइरहेका थिए। तर, अदालतको फैसला कार्यान्वयन नै गर्न लागिएको भन्दै सेवा नै ठप्प पारी आन्दोलन थालेका हुन्।

अदालतले चिकित्सक तथा अस्पतालमाथि नियोजित रूपमा फैसला गरेको चिकित्सकहरूको आरोप छ। चिकित्सक संघको अगुवाइमा भएको आन्दोलनमा स्वास्थ्यसँग सम्बन्धित अन्य नौवटा संघसंस्थाले समेत समर्थन गरेका छन्। अदालतको फैसला अव्यावहारिक र चिकित्सकमाथि प्रतिशोधका रूपमा रहेको चिकित्सक संघका अध्यक्ष अनिलविक्रम कार्कीले बताए। 'चिकित्सकमाथि राज्यले सजायमा भार थपेको छ, यसमा हाम्रो आपत्ति छ, यो समाधान नभएसम्म सेवा ठप्प हुन्छ,' उनले भने, 'बिरामीलाई उपचार सेवा नदिऊँ भन्ने होइन, तर सरकारले चिकित्सकहरूमाथि राखेको प्रतिशोध ठिक भएन। अब फैसला कार्यान्वयन नगर्ने सहमति र पुनरावेदनपछिको परिणामबारे सरकारले आश्वस्त पारेपछि मात्रै आन्दोलन रोकिन्छ।'

चिकित्सकहरू आन्दोलनमा उत्रिएपछि सोमबार स्वास्थ्य मन्त्रालयले बैठक बोलाएको थियो। तर, चिकित्सक संघ र आन्दोलनरत चिकित्सकका प्रतिनिधि बैठकमा बस्न मानेनन्। उनीहरूले प्रधानमन्त्री तहबाट बोलाएपछि मात्रै वार्तामा बस्ने अडान लिएका छन्। स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले सोमबार ओपिडी सेवा बन्द भए पनि गम्भीर अवस्थाका बिरामीले इमर्जेन्सी सेवा लिएको बताए। 'अदालतले चिकित्सकहरूलाई चर्को जरिवाना तिरायो, कतिलाई एक करोड, कतिलाई ५६ लाख तिराउने गरी गरिएको फैसला न्यायोचित होइन,' उनले भने, 'यसमा तुरुन्त समाधान खोज्नुपर्छ, हामीले पनि पहल गरिरहेका छौं, अन्यथा बिरामीको बिचल्ली हुन्छ।'

कांग्रेस सांसद सुनील शर्माले चिकित्सकको आन्दोलनले बिरामीहरू मारमा परेको भन्दै प्रतिनिधिसभामार्फत सरकारको ध्यानाकर्षण गराएका छन्। सोमबारको बैठकमा उनले डाक्टरले गरेको अपरेसन ठिक छ कि छैन भनेर निर्णय गर्ने काम ननमेडिकल व्यक्ति र उद्योगको कानुनले गर्नु लज्जास्पद रहेको बताए।

■ निजी अस्पतालले भने रोकेनन् सेवा

सोमबार कतिपय निजी अस्पतालहरूले भने सेवा रोकेनन्। नयाँबानेश्वरको एभरेष्ट अस्पताल, ललितपुरको हरिसिद्धिमा रहेको नेपाल क्यान्सर अस्पताल, नेसनल अस्पताल, फ्रन्टलाइन अस्पताल, नर्भिक अस्पताल, मेडिसिटी अस्पताललगायतमा चिकित्सकहरू उपचार सेवामै थिए। सरकारी अस्पतालका बिरामी तान्न निजीले सेवा नरोकेको चिकित्सकहरूको भनाइ छ। 'चिकित्सक संघको डरमा सरकारी अस्पतालमा कार्यरत चिकित्सकहरूले सेवा ठप्प पारे, तर निजीमा चिकित्सकहरूले काम गरे, उनीहरूले चिकित्सक संघलाई पनि भुक्क्याए, निजी अस्पतालहरूले पैसा कमाउने मौका छोपे,' त्रिवि शिक्षण अस्पतालका एक चिकित्सकले भने, 'निजीले पैसालाई हेरेर सेवा बन्द गर्दैनन्, तर सरकारी अस्पतालहरूले सेवा बन्द गर्दा सर्वसाधारणलाई मार पऱ्यो, यो कुरा कसले बुझ्ने ?'

■ चिकित्सकहरूको आन्दोलनले राम्रो सन्देश गएन : उपभोक्ता अदालत

फैसलाकै आधारमा चिकित्सकहरू आन्दोलनमा उत्रिनु उचित नभएको उपभोक्ता अदालतले जनाएको छ। अदालतका श्रेस्तेदार शोभाखर खरेलले चिकित्सकहरूको आन्दोलनले राम्रो सन्देश नदिएको बताए। 'उहाँहरूले आन्दोलन गरेर हुन्छ भने त के भनौं, तर कानुन नै परिवर्तन गर्छौं भन्नु, कानुन नै मान्दैनौं भन्नु राम्रो भएन। अदालतले कानुनअनुसार फैसला गरेको हो, न्यायपालिकाले गरेको निर्णयलाई त्यसरी हल्का लिन पनि भएन। फेरि एक तहको अदालतले गरेको फैसला चित्त नबुझे अरू तहका अदालत जाने बाटो खुला नै छ,' उनले भने, 'उपभोक्ता अदालतले तीनवटा फैसला गरेको थियो, तीनवटैको पूर्णपाठ तयार भएको छैन। कानुनी प्रावधान, प्रमाण र मान्यता हेरेर फैसला गरिएको हो, उच्च र सर्वोच्च अदालत जाने बाटो हुँदाहुँदै आन्दोलन गर्नु राम्रो होइन।'

चिकित्सक संघ आन्दोलनमा उत्रिएपछि आपत्ति जनाउँदै उपभोक्ता अधिकार मञ्चले आइतबार प्रधानमन्त्री केपी ओलीलाई पत्र पठाएको छ। उपभोक्ता अधिकारकर्मी तथा अधिवक्ता जयप्रसाद पौडेलले अदालतको फैसला उपभोक्ताको हितमा आउँदा चिकित्सक तथा अस्पतालले मान्दैनौं भन्न नमिल्ने बताए।

■ हिमाललाई एक करोड ४५ लाख र ओम अस्पताललाई ५६ लाख क्षतिपूर्ति भराउन आदेश

१२ असारमा उपभोक्ता अदालतले उपचारमा लापरबाहीका कारण २८ महिने बालिकाको मृत्यु भएको ठहर गर्दै ज्ञानेश्वरस्थित हिमाल अस्पताल र चिकित्सक डा. जगदेव यादवलाई एक करोड ४५ लाख ४४ हजार एक सय रुपैयाँ क्षतिपूर्ति भराउन आदेश दिएको थियो। अदालतका अध्यक्ष रामप्रसाद शर्मा तथा सदस्यद्वय गेहेन्द्रराज रेग्मी र आनन्दराम पोखरेलको इजलासले अस्पतालले मेडिकल लापरबाही गरेको र गुणस्तरीय सेवा दिन असफल भएको ठहर गर्दै यो क्षतिपूर्ति आदेश गरेको थियो। यस्तै, उपभोक्ता अदालतले गत ५ जेठमा चाबहिलस्थित ओम अस्पतालको चिकित्सकीय लापरबाहीका कारण बिरामीको मृत्यु भएको ठहर गर्दै पीडित परिवारलाई ५६ लाख ८१ हजार रुपैयाँ क्षतिपूर्ति दिन आदेश दिएको थियो।

नेपाल मेडिकल काउन्सिलका अनुसार चिकित्सकीय लापरबाहीका कारण बिरामीको मृत्यु भएको भन्दै पछिल्लो एक वर्षमा चार सय हाराहारी उजुरी परेका छन्। तर, कुनै पनि उजुरीमाथि छानबिन र कारबाही भएको छैन। उपभोक्ता अदालत सञ्चालनमा आएपछि अब चिकित्सक वा अस्पतालको लापरबाहीले बिरामीको मृत्यु भएमा अब पीडित पक्ष सीधै अदालत जान सक्नेछन्। काउन्सिलमा गएर न्याय नपाएका पीडित अब उपभोक्ता अदालततिर धाउन थालेका छन्।

संक्षेप

स्पेन भ्रमणबारे प्रधानमन्त्रीले संसद्लाई गराए जानकारी



काठमाडौं/ प्रधानमन्त्री केपी ओलीले दिगो विकास तथा जलवायु समस्या समाधानका लागि अन्तर्राष्ट्रिय समुदायसमक्ष औपचारिक सहयोगलगायत सहुलियतपूर्ण अन्तर्राष्ट्रिय विकास सहयोग अत्यावश्यक रहेको सन्देश प्रवाह भएको बताएका छन्। पाँचदिने स्पेन भ्रमणबारे सोमबार संसद्लाई जानकारी गराउँदै उनले सेभिया सहरमा आयोजित अन्तर्राष्ट्रिय सम्मेलनमा आफूले गरेको सम्बोधनबाट अन्तर्राष्ट्रिय समुदायसमक्ष त्यस्तो सन्देश प्रवाह भएको बताए। ३० देखि ४ जुलाईमा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालबाट प्रधानमन्त्री ओली सहभागी भएर स्वदेश फर्किएका थिए।

'औपचारिक विकास सहयोगलगायत सहुलियतपूर्ण अन्तर्राष्ट्रिय विकास सहयोग अति विपन्न मुलुकका मात्र नभई अन्य विकासशील मुलुकहरूको दिगो विकास तथा जलवायु समस्या समाधानका लागि अत्यावश्यक रहेको सन्देश अन्तर्राष्ट्रिय समुदायमा प्रवाह गरिएको छ। यी कार्यक्रमले नेपालको अतिकम विकसित मुलुकबाट स्तरोन्नतिलगायत देश विकासको अठोट तथा विकास साझेदारीका प्राथमिकता मुखरित गर्ने अवसर प्रदान गरेका छन्,' ओलीले भने।

चन्द्रागिरिमा भेटिए तीनवटा हिटी मःग

काठमाडौं/ चन्द्रागिरि नगरपालिका- १२ भासीपुरस्थित बलम्बुनजिकै खोलामा फालिरहेको अवस्थामा ढुंगेधाराको दुईवटा हिटी मःग (ढुंगेधाराको पाइन खस्ने भाग) फेला परेको छ। सोही क्षेत्रमा सडकमा पुरिएको अवस्था थप एउटा हिटी मःग भेटिएको छ। सम्पदा अभियन्ता यादवलाल कायस्थको टोलीले हिटी मःग भेटाएको हो। भेटिएका हिटी मःग वडा कार्यालयलाई जिम्मा लगाएको सम्पदा अभियन्ता कायस्थले बताए। 'त्यस क्षेत्रको बस्ती नै लिच्छविकालीन हो, त्यो हिटी पनि मल्लकालीनभन्दा अघिको हो,' उनले भने, 'संरक्षण र रेखदेखमा ध्यान नदिँदा हिटी मःग लोप हुने अवस्थामा छन्, कतिपय हिटी पुरिएका छन्, कतिपयमा संरचना बनेका छन्, हामीले खोलामा पनि हिटीका संरचना भेटायौं।' कायस्थका अनुसार हाल खोलामा भेटिएका हिटी मःग कसैले फालेको पनि हुन सक्ने अनुमान गरिएको छ।



तिलौराकोटलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउन नेपाली टोली फ्रान्समा

लुम्बिनी/ गौतम बुद्धले २९ वर्ष बिताएको तिलौराकोट दरबार क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन आवश्यक पहलका लागि नेपाली टोली फ्रान्स पुगेको छ। पूर्वतयारीका लागि लुम्बिनी विकास कोषका कार्यकारी उपाध्यक्ष डा. ल्हारक्याल लामा फ्रान्स पुगेका हुन्। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेसहितको टोली सोमबार त्यसतर्फ प्रस्थान गरेको छ। लुम्बिनी विकास कोष सञ्चालक समिति सदस्य श्याम रोक्काका अनुसार कार्यकारी उपाध्यक्ष लामा प्राचीन कपिलवस्तुको तिलौराकोटलाई युनेस्कोको वर्ल्ड हेरिटेज कमिटीको बैठकको पूर्वतयारीका लागि शुक्रबार नै फ्रान्स पुगेका हुन्। फ्रान्सका लागि नेपाली राजदूत सुधीर भट्टराई, फ्रान्सका लागि भारतीय राजदूत विशाल शर्मा, युनेस्कोको वर्ल्ड हेरिटेज साउथ एसियाका प्रमुख हिमालचुली गुरुङ, आइकोमोसका अध्यक्ष टेरेसा प्याट्रिसियो तथा निर्देशक ग्वेनाले बोर्डिनसहितको विभिन्न देशका कूटनीतिक नियोगका प्रमुख तथा विभिन्न संस्थाका प्रमुखहरूसँग तिलौराकोट दरबार क्षेत्रलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउन आवश्यक सहकार्यका लागि कार्यकारी उपाध्यक्ष लामाले छलफल जारी राखेका छन्।

अफताब आलमलाई सफाइ दिने न्यायाधीशलाई हटाउन माग

काठमाडौं/ सत्तारूढ एमालेका सांसद किरणकुमार साहले राजपुर विस्फोटमा संलग्न मानिएका अफताब आलमसहित पाँचजनालाई सफाइ दिने उच्च अदालत जनकपुरका न्यायाधीशहरूलाई हटाउन माग गरेका छन्। प्रतिनिधिसभाको शून्य समयमा बोल्दै सांसद साहले उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगन्जका न्यायाधीश खुसीराम थारू र अर्जुन महर्जनलाई हटाउने प्रक्रिया अघि बढाउन सरकारलाई आग्रह गरेका हुन्।



खुसीराम थारू



अर्जुन महर्जन

'रौतहटमा जिउँदै मान्छे जलाएर मारेको जघन्य घटनामा दोषी ठहर भएका अफताब आलमलाई उच्च अदालत वीरगन्जले सफाइ दिएको छ। उच्चको फैसला जिल्ला अदालत रौतहटको फैसला उल्टाउने खालको छ। अहिले यो विषयलाई मिडिया र जनमानसले राजनीतिक संरक्षणको रूपमा व्याख्या गरिरहेका छन्,' महिला तथा सामाजिक मामिला समितिका सभापतिसमेत रहेका साहले भने, 'सरकारले स्वतन्त्र न्यायपालिकामा विश्वास गर्छ भने सफाइको फैसला सुनाउने ती न्यायाधीशलाई तत्काल हटाउने प्रक्रिया सुरु होस्। यदि यस्तो भएन भने गठबन्धन सरकारले नै अफताब आलमलाई उपहारस्वरूप सफाइ दिएको सन्देश जान्छ। यस्तो अवस्था हुनु लोकतन्त्रमाथि नै गम्भीर अपमान हो।' सांसद साहले २७ चैत ०६४ मा रौतहटको राजपुर फरहदवास्थित शेख इद्रिसको घरमा भएको बम विस्फोटमा आलम संलग्न रहेको जिल्ला अदालत रौतहटले त्यसलाई पुष्टि गरेको बताए।

सांसद साहले राजनीतिक भागबन्डाका आधारमा न्यायाधीश नियुक्ति तत्काल रोक्नसमेत आग्रह गरे। 'सभामुखमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउँदै राजनीतिक भागबन्डामा न्यायाधीश नियुक्ति तत्काल रोक्न आग्रह गर्दछु,' उनले भने।

गत १४ जेठमा न्यायाधीशद्वय थारू र महर्जनले जिल्ला अदालत रौतहटले गरेको फैसला उल्टाउँदै आलमसहित पाँचजनालाई सफाइ दिने फैसला गरेको थियो। उनीहरूले गरेको फैसलामा २७ चैत ०६४ मा बम नै विस्फोट नभएको र घाइते गौरीशंकर राम चमार सफी अहमद स्टोभ पड्केर घाइते भएको भनिएको छ। जबकि विस्फोटबाट बालबाल बाँचेका भारत बिहार सीतामढीका गौरीशंकर रामले आइतबार काठमाडौंमा पत्रकार सम्मेलन नै गरेर न्यायाधीशद्वय थारू र महर्जनको फैसलालाई चुनौती दिएका छन्।

न्यायपरिषद्को सिफारिसपछि जिम्मेवारीविहीन उच्चका न्यायाधीश खुसीराम थारू र अर्जुन महर्जनमाथि छानबिन जारी छ। उच्चको फैसलापछि मृतक पिन्टु भनिने त्रिलोकप्रताप सिंहका बुवा ८४ वर्षीय श्रीनारायणसिंह राजपूतले न्यायपरिषद्मा आएर उजुरी नै दिएका थिए। सोही उजुरीपछि परिषद्को सिफारिसमा दुवै न्यायाधीशको जिम्मेवारी खोसिएको हो। कानुनतः सर्वोच्च अदालतका प्रधानन्यायाधीश, न्यायाधीश र न्यायपरिषद्का सदस्यबाहेक अन्य सबै तहका न्यायाधीशलाई न्यायपरिषद्ले कारबाही गर्न सक्छ। प्रधानन्यायाधीश, सर्वोच्चका न्यायाधीश र परिषद् का सदस्यविरुद्ध भने महाभियोग लगाएर मात्रै कारबाही प्रक्रिया अघि बढाउन सकिन्छ। नेपालको संविधान ०७२ को धारा १०१ को उपधारा २ मा प्रधानन्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषद्का सदस्यविरुद्ध महाभियोग लगाउन सकिने व्यवस्था छ।

त्रिवि उपकुलपतिमा तीनजनाको नाम सिफारिस

काठमाडौं/ त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा एमालेनिकट प्राध्यापकलाई नियुक्तिको तयारी गरिएको छ। उपकुलपति छनोट तथा सिफारिस गर्न गठित समितिले टुंगो लगाएका नाममा अधिकांश एमालेनिकट व्यक्तिलाई अघि सारिएको हो।



प्रा.डा. खड्ग केसी



प्रा.डा. दीपक अर्याल



प्रा.डा. विनिल अर्याल

शिक्षामन्त्री रघुजी पन्तको संयोजकत्वमा आइतबार बसेको समितिको बैठकले त्रिविका निमित्त उपकुलपति प्रा.डा. खड्ग केसी, प्रा.डा. विनिल अर्याल र प्रा.डा. दीपक अर्यालको नाम टुंगो लगाएको हो। तीनैजनाको नाम सोमबार नै प्रधानमन्त्री तथा त्रिवि कुलपति केपी ओलीलाई बुझाइएको छ। सिफारिस समितिका अनुसार उपकुलपतिका लागि १२ जनाले आवदेन दिएका थिए। तर, प्रतिस्पर्धामा रहेका १२ बाट पाँचजना र पाँचबाट पनि तीनजनाको नाम टुंगो लगाइएको हो। शिक्षा मन्त्रालयका अनुसार पाँचजनाको लिस्टमा त्रिवि निमित्त उपकुलपति केसी, प्रा.डा. विनिल अर्याल, प्रा.डा दीपक अर्याल, प्रा.डा.उपेन्द्र कोइराला र प्रा. डिल्ली उप्रेती थिए। प्रधानमन्त्री ओलीले विनिल अर्याललाई उपकुलपति बनाउन चाहेको स्रोतको दाबी छ।

सिफारिसमा परेका दीपक अर्याल त्रिवि जलवायु विज्ञानका प्राध्यापक तथा जल तथा मौसम विज्ञान केन्द्रीय विभागका पूर्वविभागीय प्रमुखसमेत हुन्। उनी जल तथा मौसमविज्ञ हुन्। जापानबाट पिएचडी गरेका उनी नास्टका प्राज्ञ पनि हुन्।

प्रा.डा. विनिल अर्याल विज्ञान तथा प्रविधि अध्ययन संस्थानका पूर्वडिन र भौतिकशास्त्रका प्राध्यापक हुन्। उनी पनि नास्टकै प्राज्ञ हुन्। प्रा.डा. केसी त्रिविका शिक्षाध्यक्ष हुँदै हाल निमित्त उपकुलपति छन्। उनले अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीतिक केन्द्रीय विभागमा प्रमुख भएर काम गरेका छन्।

शिक्षकमाथि यौन दुर्व्यवहारको आरोप

प्रहरीले गुनासो सुनुवाइ नगरेको भन्दै आफन्त र स्थानीयले गरे विद्यालय तोडफोड

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको गोलबजार नगरपालिका- ८ चोहर्वास्थित जनता नमुना माध्यमिक विद्यालयका शिक्षकले छात्रामाथि यौन दुर्व्यवहार गरेको आरोपमा आक्रोशित आफन्त र स्थानीयले तोडफोड गरेका छन्। विद्यालयको प्रशासनिक भवनको दोस्रो र तेस्रो तलामा रहेको कार्यालयको झ्याल, भेन्टिलेसनको सिसा र शौचालय अगाडिको ऐना तोडफोड गरेको प्रधानाध्यापक ब्रह्मदेव सिंहले जानकारी दिए। भेन्टिलेसन फुटेर छिरेको सिसाको टुक्राले शिक्षिका रञ्जु सिंहको खुट्टा र आफ्नो हातमा चोट लागेको उनले बताए। आक्रोशित समूहले तोडफोड गर्न थालेपछि नेपाल प्रहरी र सशस्त्र प्रहरी पुगेर स्थिति नियन्त्रणमा लिएको सिंहको भनाइ छ।

विद्यालयका चारजना छात्राले आफूहरूमाथि शिक्षकले यौनजन्य दुर्व्यवहार गर्दै आएको गुनासो इलाका प्रहरी कार्यालय गोलबजारले सुनुवाइ नगरेको भन्दै आफन्त र स्थानीयले विद्यालय तोडफोड गरेका हुन्। सोमबार चारैजना छात्रालाई जिल्ला सदरमुकामस्थित ओसिएमसी (एकद्वार संकट व्यवस्थापन केन्द्र) पठाइएको छ। गोलबजार प्रहरी प्रमुख प्रहरी निरीक्षक गोविन्दप्रसाद साहले आक्रोशित आफन्त र स्थानीयलाई सम्झाइबुझाइ चार बालिकालाई जिल्ला प्रहरीमा पठाएर त्यतैबाट ओसिएमसी लगिएको बताए।



'बालिकाहरूमाथि भएको दुर्व्यवहारको जाँच, उपचार र मनोपरामर्शपछि पीडितले दिने जाहेरी र ओसिएमसीको रिपोर्टका आधारमा अगाडि बढ्छौं,' उनले भने।

चोहर्वा घर भएका प्रावि प्रथम तहमा कार्यरत शिक्षक हरि श्रेष्ठले विद्यालयमा अध्ययनरत १३ वर्षीया छात्राले आफूलाई कक्षाकोठामै शरीर सुम्सुम्याउने, संवेदनशील अंगमा हात पुऱ्याउनेजस्ता यौनजन्य दुर्व्यवहार गर्दै आएको अभिभावकलाई गुनासो गरेकी थिइन्। शिक्षक श्रेष्ठले अर्की आठ वर्षीया बालिकासहित थप तीनजनालाई समेत त्यस्तो हर्कत गर्दै आएको उनको भनाइ छ। शिक्षक श्रेष्ठको यौनजन्य दुर्व्यवहारबाट विक्षिप्त भएपछि डरले पछिल्लो करिब एक महिनादेखि विद्यालय आउन छोडेकी बालिकाले आफ्नी आमालाई बताएपछि गत शुक्रबार विद्यालय आएर आफूमाथि भएको दुर्व्यवहारको बारेमा शिक्षिका सिंहलाई सुनाएकी थिइन्। त्यसपछि शिक्षिका सिंहले घटनाको विषयमा प्रधानाध्यापक सिंहलाई सुनाएपछि उनले शिक्षक श्रेष्ठलाई बोलाएर घटनाबारे सामान्य सोधपुछ गरी मिलाउन सुझाएको बताइएको छ।

आफूले बालिकामाथि गरेको कर्तुत अभिभावक र केही शिक्षक-शिक्षिकाले थाहा पाएपछि श्रेष्ठले एकजना साथीसहित शनिबार बालिकाको घरमै पुगेर उनकी आमालाई घटना बाहिर नल्याउन दबाब दिएका थिए। आइतबार पीडित बालिकाकी आमा विद्यालय पुगेर शिक्षकहरूकै अगाडि श्रेष्ठको कर्तुतको फेहरिस्त सुनाएकी थिइन्। तैपनि प्रधानाध्यापक सिंहले छात्रामाथि शिक्षकले यौनजन्य दुर्व्यवहार गरेको विषयमा सोमबार बिहानसम्म विद्यालय प्रशासनलाई कुनै लिखित मौखिक जानकारी नभएको दाबी गरे। 'विद्यालय प्रशासनलाई कुनै पनि गुनासो नगरी एक्कासि केही मानिसको समूहले सोमबार मध्याह्नतिर विद्यालयको प्रशासनिक भवनको झ्याल, भेन्टिलेसन तोडफोड गरे,' उनले भने, 'कम्तीमा विद्यालयलाई पूर्वजानकारी भएको भए कानुनी प्रक्रियामा जाने वा के गर्ने भन्ने सल्लाह दिन सक्थ्यौं।' यौन दुर्व्यवहारका आरोपी शिक्षक श्रेष्ठ आइतबारसम्म विद्यालय आए पनि सोमबार भने हाजिर भएनन्।

गर्भपतनसम्बन्धी प्रस्तावित कानुनको प्रभाव

प्रस्तावित कानुन बनेमा जीवित शिशुको हत्यालाई राज्यले नै वैधता प्रदान गरी हत्यारालाई संरक्षण गर्ने अवस्था आउनेछ



● अनु भट्टराई

अग्रलेख

नेपालमा हाल प्रचलनमा रहेको मुलुकी अपराध संहिता २०७४ को परिच्छेद १३ को दफा १८८ र १८९ मा गर्भपतनसम्बन्धी कानुनी व्यवस्था गरिएको छ। दफा १८८ (१) मा गर्भपतन गराउने नियतले वा गर्भपतन हुन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नुपर्ने कुनै काम गरेर गर्भपतन गराउन नहुने प्रावधान राखिएको छ। उपदफा (२) मा कसैले गर्भवती महिलालाई करकाप गरी, धम्की दिई, ललाइफकाइ वा प्रलोभनमा पारी गर्भपतन गराउन नसक्ने व्यवस्था छ। यद्यपि, सोही संहिताको दफा १८९ मा स्वास्थ्यकर्मीले गर्भवतीको मञ्जुरी लिई बाह्र हप्तासम्मको गर्भपतन गराउन सक्ने सुविधा दिएको छ। त्यसैगरी, गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यान जाने तथा शारीरिक वा मानसिक स्वास्थ्यमा असर पर्ने देखिएमा पनि गर्भपतन गराउन सकिन्छ। गर्भपतन नगराएमा विकलांग बच्चा जन्मिन सक्ने राय डाक्टरबाट प्राप्त भई निज गर्भवतीले सहमति दिएमा पनि गर्भपतन गर्न सकिन्छ। जबर्जस्ती करणी र हाडनाता करणीमा गर्भवतीको मञ्जुरीमा अठार हप्तासम्मको गर्भपतन गराउन सकिन्छ। गर्भवतीलाई एचआइभी वा यस्तै प्रकृतिका अन्य निको नहुने रोग लागेमा पनि मञ्जुरी लिएर गर्भपतन गराउन सकिन्छ।


विशेष व्यवस्थामा बाहेक गर्भपतन गराएको रहेछ र यदि त्यो गर्भ बाह्र हप्तासम्मको रहेछ भने एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ। तर, त्यो गर्भ बाह्रदेखि पच्चीस हप्तासम्मको रहेछ भने तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुन सक्छ। पच्चीस हप्ताभन्दा बढीको रहेछ भने पाँच वर्षसम्म कैद र पचास हजारसम्म जरिवाना हुनेछ।

मुलुकी अपराध संहिता २०७४ को दफा १८८ को उपदफा ७ र ८ एवं सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ को दफा १७ मा कसैले गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रूणको लिंग पहिचान हुने कुनै काम गरी गर्भपतन गराउन हुँदैन। गर्भको लिंग पहिचान गर्ने कार्यलाई कानुनतः दण्डनीय अपराध मानिन्छ। यस दफाविपरीत कार्य गर्ने-गराउनेलाई तीनदेखि ६ महिनासम्म कैद गर्ने प्रवधान छ। बाह्र हप्तासम्मको गर्भपतनमा एक वर्ष र लिंग पहिचान गरी गरिएको भ्रूणहत्यामा थप एक वर्ष गरी जम्मा दुई वर्षसम्म कैद गर्न सकिन्छ। तर, बाह्रदेखि पच्चीस हप्तासम्मको गर्भपतनमा तीन वर्षसम्म र लिंग पहिचान गरी गर्भपतन गराएमा थप एक वर्ष गरी चार वर्षसम्म कैद गर्न सक्ने व्यवस्था छ। पच्चीस हप्ताभन्दा बढीको गर्भ भएमा पाँच वर्ष र लिंग पहिचान गरी गरिएको भ्रूणहत्यामा थप एक वर्ष गरी जम्मा ६ वर्षसम्म कैद गर्न सक्ने व्यवस्था हालको कानुनले सुनिश्चित गरेको छ।

नेपालमा हाल प्रचलनमा रहेको मुलुकी अपराध संहिता २०७४ मा व्यवस्था गरिएको गर्भपतनसम्बन्धी कानुनी व्यवस्थालाई सरकारले संशोधन गरी नयाँ कानुन ल्याउने तयारी गरिरहेको पाइन्छ। जसमा छब्बीस हप्तासम्मको गर्भपतन गराउन सकिने कानुनी व्यवस्था ल्याउने तयारी छ। तर, विशेषज्ञले २२ हप्ताभन्दा बढीको गर्भपतनलाई गैरकानुनी मानेका छन्। किनकि, महिलाको स्वास्थ्यका दृष्टिकोणले पनि यो जोखिमपूर्ण रहन्छ। यति हुँदाहुँदै पनि नेपाल सरकारले २६ हप्तासम्मको गर्भपतन गराउन सक्ने नयाँ कानुनी व्यवस्था गर्ने तयारी गरिरहेको छ। त्यति मात्रै होइन, सरकारले मुलुकी अपराध संहिता संशोधन गरी ज्यानलाई खतरा नदेखिएमा जहिलेसुकै गर्भपतन गर्न सकिने कानुनी व्यवस्था ल्याउने प्रस्ताव पेस गरिसकेको छ। कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले मुलुकी अपराध संहिता संशोधनसम्बन्धी हालै सार्वजनिक गरेको मस्यौदामा यससम्बन्धी व्यवस्था गरिने उल्लेख छ। जुन कार्य गैरकानुनी र गैरजिम्मेवारीपूर्ण रहेको देख्न सकिन्छ।

मुलुकी अपराध संहिता २०७४ को परिच्छेद १३ मा गर्भ संरक्षणविरुद्धको कसुरसम्बन्धी व्यवस्था गरिएको छ। यसको दफा १८८ को उपदफा (४) मा जीवित शिशुको हत्यालाई कानुनी रूपमै वैधता दिई प्रोत्साहन गरिएको छ। जसअन्तर्गत गर्भपतन गराउँदा जीवित बच्चा जन्म भई तत्काल उसको मृत्यु हुन गएमा त्यसलाई पनि गर्भपतन नै मानिने प्रवाधान छ। जुन गलत अभ्यास हो। गर्भपतनका क्रममा जीवितै निकालिएको बच्चाको मृत्यु भएमा त्यो हत्या नै हो। जीवितै जन्मेको बच्चालाई मार्न सक्ने गरी कानुन बनाउने छुट सरकारलाई पनि छैन। जबकि महिला गर्भवती भएको बाइस हप्ता र पाँच सय ग्रामभन्दा माथिको गर्भ रहेको अवस्थामा त्यो बच्चा बाँच्न सक्ने सम्भावना हुन्छ।

मुलुकी देवानी संहिता २०७४ को दफा २०६ (२) मा अंशबण्डासम्बन्धी व्यवस्था रहेको छ। जसमा अंशबण्डा गर्ने क्रममा कुनै महिला अंशियार गर्भवती रहिछिन् भने निजको पेटमा रहेको शिशुसमेत समान अंशियार कायम रहने प्रवधान छ। सो शिशुको समेत अंश भाग छुट्याएर मात्र अंशबण्डा गर्नुपर्ने प्रस्ट कानुन रहेको छ। यसरी हेर्दा अंशबण्डा र गर्भपतनसम्बन्धी कानुनी व्यवस्था आफैँमा बाझिएका छ। किनकि एकातिर अंशबण्डासम्बन्धी कानुनले पेटमा भएको बच्चालाई पनि व्यक्तिका रूपमा स्विकारेको छ। पेटमा भएको जतिसुकै हप्ताको बच्चालाई पनि मानवका रूपमा स्वीकार गरी अंशियारसमेत कायम गरिदिएको छ। जुन नेपाली कानुनका क्षेत्रमा निकै प्रशंसनीय मानिन्छ। तर,



गर्भपतनसम्बन्धी कानुन यसको ठिक विपरीत छ। जसले पेटमा रहेको बच्चाको अस्तित्वलाई पूर्ण रूपमा बेवास्ता गर्छ। यसले पेटभित्रको बच्चालाई एक मानवीय प्राणीका रूपमा स्विकार्दैन। परिणामतः त्यो बच्चा गर्भपतनका क्रममा जीवितै निस्केपछि मृत्यु भएमा त्यसलाई सामान्य मान्ने कानुनी व्यवस्थाले गर्दा कानुनले नै शिशुको हत्यालाई उक्साउन सक्छ।

गर्भपतनसम्बन्धी प्रस्तावित नयाँ कानुन ल्याइयो भने यसले गर्भवतीको स्वास्थ्यलाई गम्भीर जोखिममा पार्नेछ। यो कानुन लागू भएमा जीवित शिशुको हत्यालाई राज्यले नै वैधता प्रदान गरी यी शिशुका हत्यारालाई संरक्षण गर्ने अवस्था आउनेछ। बाँच्न सक्ने उच्च सम्भावना रहेको शिशुलाई गर्भपतनका नाममा मार्ने छुट विश्वको कुनै पनि कुनामा छैन। विश्वकै सबैभन्दा ठुलो प्रजातान्त्रिक मुलुक अमिरकाको जर्जियाकी तीस वर्षीया नर्स ऐडियाना स्मित टाउको दुखेर अस्पताल जाँदा त्यहाँका चिकित्सकले निजलाई विनापरीक्षण केही औषधी दिई घर पठाइदिए। घर फिर्ता गई चिकित्सकले दिएको औषधी सेवन गर्दा पनि निजको टाउको दुखाइमा कमी नआएपछि भोलिपल्ट पुनः अर्कै अस्पताल गई जाँच गराउँदा निजको टाउकामा रगत जमेको देखियो र निजको 'ब्रेन डेथ' भएको घोषणा गरियो। फेब्रुअरीमै ब्रेन डेथ भएकी ती महिला सो समयमा नौ हप्ताकी गर्भवती थिइन्। अमेरिकाको जर्जियामा गर्भपतनसम्बन्धी कानुनबमोजिम ६ साताभन्दा बढीको बच्चाको गर्भपतन गराउनु गैरकानुनी मानिन्छ। त्यसैले, निज महिलालाई एडलारा नामक अस्पतालमा 'लाइफ सपोर्ट सिस्टम'बाट जीवितै राखियो। अन्ततः यही १३ जुन (३० जेठ) मा उनको जन्मदिनसमेत पारेर ३२ साताको बच्चालाई अप्रेसन गरी सकुशल निकाली उनलाई मृतक घोषणा गरियो। त्यो बच्चाको नाम 'चान्स' राखिएको छ। अस्पतालमा उपचारका क्रममा लागेको सम्पूर्ण खर्च परिवारले व्यहोर्नुपर्ने बताइएको भए पनि परिवारले सो रकम तिर्न इन्कार गरिरहेको छ। परिवारलाई सो रकम तिर्न लगाइएको विषयमा अमेरिकाभरि व्यापक विरोध पनि भइरहेको छ।

> गर्भपतनका क्रममा जीवितै निकालिएको २२ हप्तामाथिको शिशुको मृत्यु भएमा त्यो हत्या नै हो। जीवितै जन्मेको बच्चालाई मार्न सक्ने गरी कानुन बनाउने छुट सरकारलाई पनि छैन।

यसर्थ, हाल बन्न गइरहेको कानुन नेपालका लागि पनि अव्यावहारिक छ। त्यसैले, यसबारे समयमै सचेतनापूर्वक बहस गरी त्यस प्रावधानलाई हटाउनु उपयुक्त हुन्छ। किनकि, भ्रूणहत्या र गर्भपतनसम्बन्धी विभिन्न अध्ययन तथा खोजलाई आधार मान्ने हो भने पनि बाइस सातासम्मको गर्भपतन गराउँदा भ्रूण बाँच्न सक्दैन। तर, बाइस सातापछिको भ्रूण बचाउन सकिन्छ। छब्बीस साताभन्दा बढीको बच्चा रुने, कराउने, चल्नेलगायत कार्य स्पष्ट रूपमा गर्न सक्ने गरी विकसित भएको हुन्छ। यी बच्चा जन्मिएमा वा अप्रेसन गरी निकालेमा बाँच्न सक्छन्। यसरी जीवित रहन सक्ने बच्चा मार्ने गरी कानुन ल्याउन सरकारले पाउँदैन। यस्ता कानुन ल्याउनबाट रोक्नु हामी सबैको नैतिक तथा कानुनी जिम्मेवारी पनि हो। मानिसको बाँच्न पाउने नैसर्गिक अधिकार हनन गर्न कसैलाई पनि कुनै पनि सर्तमा छुट हुनुहुँदैन। छुट मात्रै होइन, यो कार्य जुनसुकै हालतमा क्षमायोग्यसमेत छैन। चाहे नीतिगत हत्याको प्रयोजन नै किन नहोस्, हत्या भनेको हत्या नै हो। जीवित रहन सक्ने, सास फेर्न सक्ने, रुन, कराउन सक्ने र चल्नसमेत सक्ने बच्चालाई कानुन बनाएर मारे पनि कानुन नबनाई मारे पनि त्यो हत्या नै हो। यस्तो नीतिगत हत्याको प्रयोजनले सरकारले ल्याउन लागेको कानुनले सभ्य र भव्य समाज निर्माण गर्न सक्दैन। यसले समाजमा सकारात्मक सन्देश प्रवाह गर्न सक्ने सम्भावनासमेत शून्य रहन्छ।

यो पेटमा बढ्दै गरेको नवजात शिशुको मानव अधिकारको प्रश्न मात्रै होइन। गर्भवती महिलाको मानव अधिकारको पाटोबाट पनि यसरी आउन लागेको नयाँ कानुनलाई हेर्न जरुरी छ। गर्भावस्था जति बढ्दै जान्छ, त्यति नै प्रसूतिको जोखिम पनि बढ्दै जाने कुराको जानकारी यससम्बन्धी गरिएका विभिन्न खोजबाट अवगत भइसकेको छ। यसरी हेर्दा सामान्य अवस्थामा हुने प्रसूतिमा समेत गर्भावस्था बढ्दै जाँदा गर्भवती महिलाको स्वास्थ्यमा जोखिम हुने देखिन्छ। सामान्य अवस्थाभन्दा माथि गएर औषधीद्वारा गरिएको गर्भपतनमा गर्भ जति साता बढ्दै जान्छ, त्यसको दसौँ गुणा जोखिम पनि ती गर्भवती महिलाको स्वास्थ्यमा बढ्दै जान्छ। यसरी गर्भपतन गराउँदा त्यी महिलाको शारीरिक तथा मानसिक स्वास्थ्यमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा दीर्घकालीन असर पर्छ। यस कार्यबाट स्वास्थ्य जोखिम यतिसम्म बढ्छ कि ती गर्भवती महिलाको ज्यानसमेत जान सक्छ। यसर्थ, यो कानुन बनेमा गर्भवती महिला तथा निजको गर्भमा रहेको बच्चालाई नीतिगत रूपमा हत्या गर्नबाट कसैले पनि रोक्न सक्दैन।

त्यति मात्रै होइन, नेपालमा ०६८ को राष्ट्रिय जनगणाअनुसार १.३५ प्रतिशतमा रहेको जनसंख्या वृद्धिदर ०७८ मा आइपुग्दा घटेर ०.९२ प्रतिशतमा पुगेको छ। यदि गर्भपतनसम्बन्धी यो नयाँ कानुन आएमा आमा र त्यो बच्चाको स्वास्थ्यमा मात्रै जोखिम नभई जनसंख्या वृद्धिदरमै कमी आउँछ। जसका कारण केही समयमै सन्तुलित जनसंख्यामा कमी आई राज्यको राष्ट्रिय अर्थतन्त्रमा समेत गम्भीर असर पर्छ। त्यसकारण पनि राज्यले जुनसुकै नयाँ कानुन ल्याउनुपूर्व त्यसबाट समाजलाई पुग्न सक्ने सम्भावित असर र सोको प्रभावको ख्याल राख्न जरुरी छ। कस्तो कानुन ल्याउँदा केकस्ता असर तथा प्रभाव पर्छ, सोको गहन र इमानदार छलफल तथा परामर्श जरुरी हुन्छ। अन्यथा, यस्तै अव्यावहारिक तथा नीतिगत त्रुटिसहितको कानुन आउन सक्छ, जसले व्यक्ति विशेषलाई मात्रै नभई कालान्तरमा गएर सिंगो राष्ट्रलाई नै प्रत्यक्ष असर पार्न सक्छ। यसर्थ, यस्तो ज्यानमारा प्रावधान नहटाई यो कानुन किमार्थ ल्याइनुहुँदैन।

(भट्टराई अधिवक्ता हुन्)

---

३ प्रश्न

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति **प्रा. केदारभक्त माथेमालाई**



राजनीतिक नेतृत्वले त्रिविजस्ता प्राज्ञिक संस्थामाथि किन बारम्बार हस्तक्षेप गर्छन् ?

विश्वविद्यालयहरूलाई राजनीतिबाट टाढै राख्नुपर्ने हो। अनुसन्धान र ज्ञानको अध्ययन, अध्यापन हुने प्राज्ञिक संस्थामा राजनीतिक हस्तक्षेप हुनु विडम्बना हो। कुनै वेला युरोपका विश्वविद्यालयमा चर्चको हस्तक्षेप हुन्थ्यो। तर, पछि त्यसलाई रोकेर विश्वविद्यालयहरूलाई चर्च र राजनीतिको पहुँचबाट टाढा लगेपछि अहिले नोबेल पुरस्कार जित्ने वैज्ञानिकमध्ये अधिकांश युरोप र अमेरिकाका विश्वविद्यालयका प्रोफेसरहरू हुने गरेका छन्। हामीकहाँ चाहिँ राजनीतिको छायाबाट विश्वविद्यालयलाई टाढा राख्नुपर्नेमा पञ्चायतकालमा भन्दा पनि नजिक ल्याइयो। विश्वविद्यालयहरूलाई सरकारको अंगजस्तो बनाइयो। विश्वविद्यालय सरकारको मन्त्रालय या विभाग होइनन्। तिनलाई स्वतन्त्र रूपमा प्राज्ञिक गतिविधि सञ्चालन गर्न दिनुपर्छ। यस्ता संस्थालाई राजनीतिक हस्तक्षेप गरेर दूषित बनाउनु हुँदैन।

लामो समयसम्म त्रिवि निमित्तका भरमा चल्दा त्यसको कस्तो असर पर्छ ?

'याक्टिङ लिडर'ले कुनै पनि संस्थालाई नेतृत्व दिन सक्दैन। उसले कुनै पनि संस्थालाई हाँक्न या गति दिन सक्दैन। त्रिवि देशकै ठुलो शैक्षिक संस्था हो। यसरी नेतृत्वविहीन राखियो भने त्रिवि दिशाहीन बन्न पुग्छ। विश्वविद्यालयहरू खेलकुद क्लब होइनन्। राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सचिव, जर्साब, आइजिपीलगायत सबै उच्चपदस्थ व्यक्तित्वहरू त्रिविबाटै आउनुभएको होइन र ? अनि, त्यस्तो महत्त्वपूर्ण संस्थालाई यसरी निमित्तका भरमा अल्झाएर गतिहीन बनाउन कसरी मिल्छ ?

विश्वविद्यालयहरूलाई राजनीतिक नेतृत्वको छायाबाट मुक्त राख्न सकिन्न ?

सेनाबाहेक राजनीतिको छाया परेको क्षेत्र हामीकहाँ कुन छ र ? विश्वविद्यालयमा शिक्षक, विद्यार्थी, कर्मचारीको संगठन आवश्यक भए पनि दलका भ्रातृ संस्थाका संगठन खोल्न दिनु हुँदैन। राजनीति घुसेको संस्था कमजोर हुन्छ र कमजोर संस्थाले राष्ट्रियतालाई बलियो बनाउन सक्दैन। विश्वविद्यालयको नेतृत्वमा दलका कार्यकर्ता होइन, सबैभन्दा योग्य व्यक्ति छनोट गर्ने प्रणालीको विकास गर्नुपर्छ। राजनीतिक नेतृत्वले प्राज्ञिक संस्थाको पदीय हैसियतमा नेतृत्व गर्ने प्रथा अन्त्य गर्नुपर्छ।

प्रेरक प्रसंग

सजिलो तरिका

एक वृद्ध आफ्नो गोरुगाडामा धानका केही बोरा चढाउने कोसिस गरिरहेका थिए। बोरा ठुलै थिए र टन्न धान भरिएका पनि थिए। त्यसैले, ती बोरा निकै भारी थिए। जसले गर्दा वृद्धलाई बोरा गाडामा चढाउन सकस भइरहेको थियो।

त्यति नै वेला सोही बाटो हुँदै एक युवक कतै जाँदै थिए। उनी वृद्धको नजिक आए र भने- काका, तपाईं जसरी गाडामा बोरा चढाइरहनुभएको छ, त्यो गलत छ। मसँग एउटा निकै सजिलो तरिका छ। यो सुन्दा वृद्धलाई झनक्क रिस उठ्यो र भने- बाबु, तिमी आफ्नो काम गर न। म यसैगरी वर्षौंदेखि गाडामा बोरा चढाउँदै आएको छु। वृद्धको भनाइ सुनेपछि युवकले हाँस्दै प्रश्न गरे- भनेपछि तपाईंले यसअघि पनि गलत तरिका उपयोग गरिसक्नुभयो ?



युवकका कुरा सुनेपछि वृद्धले बोरा उठाउने काम रोके र थोरै झर्किंदै भने- तिमीजस्ता युवाको समस्या नै यही हो। थोरै लेखपढ गरेपछि आफूलाई सर्वज्ञ ठान्न थाल्छौ। हामीले यही काम वर्षौंदेखि गर्दै आएका छौं। हामीलाई भइरहेको छ भने तिमी बेकारमा किन तनाव लिन्छौ हँ ?

वृद्धको कुरा सुनेपछि युवक पुनः मुस्कुराए र भने- तपाईंलाई तनाव दिन खोजेको होइन। मैले त तपाईंलाई फाइदा हुने कुरा गरेको थिएँ। ठिकै छ, तपाईंलाई मन परेन भने म गएँ। युवक त्यहाँबाट हिँडेपछि वृद्धले उनले रोक्दै भने- ठिकै छ, तिमी कुन तरिका बताइरहेका थियौ रे ? युवक फर्केर उनको बोरा राखेको ठाउँमा आइपुगे र वृद्धलाई बोराको अर्को छेउमा जान इसारा गरे। युवकले भने- अब तपाईं उताबाट उठाउनुहोस्, म यताबाट उठाउँछु। दुवै मिलेर एकैछिनमा बाँकी बोरा सजिलै गाडामा चढाए। यो देख्दा वृद्ध मुस्कुराए। आज उनले एक अपरिचित युवकबाट मिलेर काम गर्नुको महत्त्व बुझेका थिए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

असारे खर्च कहिलेसम्म ?

२२ असारको नयाँ पत्रिकामा प्रकाशित 'असारमा खर्चको वर्षा' शीर्षकको समाचार पढ्ने क्रममा खुसीभन्दा बढी बेखुसी भएका जनताका गुनासालाई लोकतन्त्र र गणतन्त्रमा सुन्ने कसले ? १२ महिनामध्ये वर्षभरिका बाँकी ११ महिनाचाहिँ सरकार, कर्मचारी र ठेकेदारहरू के हेरेर बस्दा हुन् ? त्यही असारे खर्चको प्रवृत्ति अन्त्य गर्ने भन्दै संविधानमै बजेट जारी गर्ने मिति तोकियो। साथै, असार मसान्तभित्र बजेट पारित गरिसक्ने र भदौ-असोजसम्ममा ठेक्का प्रक्रियासमेत सकेर दसैँतिहारपछि फिल्डमा जाने भनेर यसो गरिएको थियो। तर, जतिसुकै चाँडो बजेट आएर पारित भए पनि हाम्रा नेता, कर्मचारी र ठेकेदारको मानसिकतामै ढिलासुस्तीको किरा पैदा भएपछि ढिलासुस्ती त हुने नै रहेछ।

● **बलराम थापा**, क्षेत्रपाटी
nikhilcomwizard@gmail.com

शिक्षा विधेयकमा अलमल किन ?

आन्दोलनमा उत्रिएका शिक्षकसित छिटोभन्दा छिटो शिक्षा विधेयक जारी गर्ने वचनबद्धता गरेको संघीय सरकारले अहिले विधेयक पारित गर्ने प्रक्रियामा एकपछि अर्को आलटाल गरिरहेको छ। के यो सरकार फेरि शिक्षक आन्दोलनमा उत्रियून् र शिक्षा क्षेत्र डाँवाडोल बनोस् भन्ने चाहन्छ हो ? विधेयकका नाममा आन्दोलन भएर शिक्षकको ज्यान तलमाथि परोस् भन्ने चाहन्छ हो सरकार ? होइन भने समितिबाट पारित भइसकेको विधेयकलाई अघि बढाउन यो सरकार कुन साइत कुरेर बसिरहेको छ हँ ?

● **लवकुमार महतो**
राजविराज, सप्तरी

पदाधिकारीलाई लाज हुँदैन ?

कानुनविनै संसद् पदाधिकारीका स्वकीय कर्मचारीको सुविधा बढाउने गृहकार्य भइरहेको समाचार पढियो। कानुन निर्माण गर्ने देशकै सर्वोच्च निकायमा रहेका पदाधिकारीले आफ्ना स्वकीय कर्मचारीको यसरी कानुनविनै हचुवाका भरमा सुविधा बढाउनु भ्रष्टाचार हो। नबढाइ नहुने भए आफैं कानुन निर्माणको हर्ताकर्ता भएको हुनाले कानुन बनाएरै बाँडे भैगो। देशमा स्रोतको अभावले गर्दा अत्यावश्यक स्वास्थ्य सेवासमेत कटौती भइरहेको समयमा यसरी कसैको सुविधा बढाउँदा पदाधिकारीलाई लाज नहोला ? यसले सरकारी खर्च कटौती होला ?

● **भूमिका पासवान**
सामाखुसी, काठमाडौं

निगमको मनपरी अति भयो


स्वचालित मूल्य निर्धारण गरेको आयल निगमले पेट्रोल, मट्टीतेल र डिजेलको भाउ बढायो भने ५१ रुपैयाँ घटेर आएको एलपी ग्यासको भाउ भने घटाएन। स्वचालित मूल्य प्रणालीमा आयल निगमले यस्तो मनपरी गर्दा सम्बन्धित निकाय मौन किन बस्छ ? खाना पकाउने ग्यास प्रतिसिलिन्डर ५१ रुपैयाँ बढीमा बेच्दा आयल निगमलाई फाइदा कति हुन्छ ? बढेर आएको मूल्य तुरुन्त बढाउनु तर घटेर आएको मूल्य घटाउन आनाकानी गर्नु भनेको उपभोक्तामाथिको अत्याचार हो।

स्वचालित मूल्य प्रणाली लागू गरेपछि उताबाट जस्तो मूल्यमा आउँछ, त्यसमा उपभोक्ताले खरिद गर्न पाउनुपर्छ। ग्यासमा यति घाटा थियो, उति घाटा थियो भनेर बहानाबाजी गर्न पाइँदैन। जनतालाई राहत दिएर घाटा लागेको हो र ? जनतासँग त तिनको ढाड सेकेर पैसा असुलेकै छ अनि घाटामा चाहिँ कसरी जान्छ ? जनताको मायाले कम मूल्यमा बेचेको हो र ? हिजो एक रुपैयाँ तेलको भाउ बढ्दा सारा विद्यार्थी संगठन सडकमा आउँथे, अहिले त जतिसुकै बढोस्, कसैलाई मतलब छैन। जनहितमा काम गर्ने कोही छैनन्। सबैलाई कमाउने परेको छ। आफू बन्न पाए भयो भन्ने सोच हाबी भएको छ। पेट्रोलको भाउ ७.६४ रुपैयाँ र डिजेलको ९.१३ रुपैयाँ मूल्य बढेर आएको छ। के अब एक लिटर पेट्रोल हाल्दा मलाई ७.६४ नै लिन्छन् त ? जनतालाई झुक्याउने किन ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी काठमाडौं

गर्भमा राष्ट्र : मातृत्वलाई नीति बनाउने सत्ता

'प्रोनेटलिस्ट' नीतिको उद्देश्य जनशक्ति सुनिश्चित गर्नु मात्रै हो भने समृद्ध देशले आप्रवासनलाई पूर्ण रूपमा अँगालिसकेका हुन्थे



देश/विदेश

● जेनिफर मेथर्स

रुसका केही हिस्सामा विद्यालय पढ्दै गरेका किशोरीलाई गर्भवती भई बच्चा जन्माएर पालेबापत एक लाख रुबल (झन्डै एक हजार तीन सय डलर) भन्दा बढी रकम दिइँदै छ। हालै १० वटा क्षेत्रमा लागू गरिएको यो योजना सन् २०२५ को मार्चमा वयस्क महिलाका लागि ल्याइएको नीतिको विस्तार हो, जसले घट्दो जन्मदर सुधार्न ल्याइएको नयाँ जनसांख्यिक रणनीतिको संकेत गर्छ। सन् २०२३ मा रुसको प्रतिमहिला जन्मदर १.४१ थियो, जुन जनसंख्या स्थिर राख्न आवश्यक २.०५ भन्दा निकै कम हो। किशोरीलाई पैसा दिएर बच्चा जन्माउन प्रेरित गर्ने यो नीति विवादास्पद बनेको छ। रुसी सार्वजनिक मत सर्वेक्षणअनुसार ४३ प्रतिशतले यसलाई समर्थन गरेका छन् भने ४० प्रतिशत विपक्षमा छन्।

राष्ट्रपति पुटिनका लागि ठुलो जनसंख्या, फैलँदो भूभाग र शक्तिशाली सेना एक महान् शक्तिका सूचक हुन्। तर, युक्रेनमाथिको आक्रमण र भूभाग अधिग्रहणले जनसंख्या झन् घटाएको छ। युद्धमा करिब दुई लाख ५० हजार रुसी सैनिक मारिएका छन् भने धेरै युवा र शिक्षित व्यक्ति विशेषतः सैन्य सेवा टार्न चाहनेहरूले देश छाडेका छन्। तर, यो संकट रुसको मात्र होइन। घट्दो जन्मदर अहिले विश्वव्यापी प्रवृत्ति बनिसकेको छ। अनुमानअनुसार सन् २०५० सम्ममा तीनचौथाइभन्दा बढी देशको जन्मदर जनसंख्या धान्न अपर्याप्त हुनेछ।

महिलालाई बढी बच्चा जन्माउन प्रोत्साहित गर्ने नीति ल्याउनेमा पुटिन मात्र एक्ला होइनन्। हंगेरीमा भिक्टर ओर्बानको सरकारले तीन वा सोभन्दा बढी सन्तान भएका परिवारलाई उदार कर छुट र अनुदानमा कर्जाजस्ता प्रलोभन दिँदै आएको छ। पोल्यान्डले दुई वा बढी सन्तान भएका परिवारलाई प्रतिमहिना पाँच सय 'ज्लोटी' (झन्डै एक सय ३८ डलर) उपलब्ध गराउँछ। तर, उच्च आय भएका पोलिस महिलाले पेसागत जीवन र आम्दानीमा बाधा पुग्ने डरले बढी बच्चा जन्माउन हिच्किचाउने देखिन्छ। अमेरिकामा डोनाल्ड ट्रम्पले बच्चा जन्माएबापत महिलालाई पाँच हजार डलर दिने प्रस्ताव गरेका छन्, जुन 'अमेरिकालाई पुनः महान् बनाऔँ, मागा' अभियानसँग जोडिएको छ। यसले महिलालाई ठुलो परिवार राख्न प्रेरित गर्न खोजेको छ।

तर, जनसांख्यिक प्रवृत्ति उल्ट्याउनु जटिल छ, किनभने बच्चा जन्माउने निर्णयमा व्यक्तिगत चाहना, आर्थिक हैसियत, सामाजिक मान्यता र सांस्कृतिक मूल्यसमेत जोडिन्छन्। त्यसैले 'प्रोनेटलिस्ट' (सन्तान जन्माउन प्रोत्साहन गर्ने) नीति कतै सफल, कतै असफल भएका छन्। अहिलेसम्म कुनै देशले घट्दो जन्मदर सजिलै उल्ट्याउने उपाय पाएको छैन। यसको विकल्प अपनाउने देशमध्ये स्पेन पनि एक हो, जहाँ आप्रवासी (गैरकानुनी रूपमा प्रवेश गरेकाका लागि पनि) लाई नागरिकता पाउने प्रक्रिया सजिलो बनाइएको छ। म्याड्रिडले आप्रवासीलाई अँगाल्ने नीतिलाई हालको आर्थिक वृद्धिको मुख्य कारण मानेको छ।

अधिकांश प्रोनेटलिस्ट नीति अपनाउने सरकार केवल जनसंख्या बढाउने चासोमा मात्र सीमित हुँदैनन्, उनीहरू प्रायः विशेष किसिमका मानिसलाई सन्तान जन्माउन प्रेरित गर्न चाहन्छन्।

यस्ता नीतिमा विचारधारात्मक आयाम पनि हुने गर्छ। सन्तान जन्म र ठुलो परिवारका लागि दिइने प्रोत्साहन प्रायः तिनै व्यक्तितर्फ लक्षित हुन्छन्, जसलाई राज्यले 'इच्छित नागरिक' मान्छ। र, इच्छित नागरिकको पहिचान जाति, भाषा, धर्म, यौनिकता वा अन्य आधारमा निर्धारण हुन्छ। उदाहरणका लागि स्पेनले



तस्बिरः गिर्ट ग्रुट कोअरक्याम्प/एलामी

क्याथोलिक ल्याटिन अमेरिकी स्पेनिस भाषीलाई रोजगारी दिई आप्रवासनमार्फत जनसंख्या वृद्धि गर्न खोजेको छ, तर अफ्रिकी आप्रवासीलाई त्यस्तो अवसर कम दिइएको देखिन्छ। हंगेरीमा पारिवारिक प्रोत्साहन उच्च आय भएका विषमलैंगिक (महिला-पुरुष) जोडीका लागि मात्र उपलब्ध छन्। 'इच्छित नागरिक'को अनुपात बढाउने सोचका कारण ट्रम्प प्रशासनले अमेरिकामा बढी बच्चा जन्माइयोस् भन्ने माग राख्दै गर्दा पनि सयौँ गैरकानुनी आप्रवासीलाई पक्राउ र निर्वासन गर्ने, जन्मसिद्ध नागरिकताको संवैधानिक प्रत्याभूति उल्ट्याउने प्रयास गर्ने र केही अमेरिकीबाट नागरिकता खोस्ने काममा कुनै विरोधाभास देख्दैन।

प्रोनेटलिस्ट नीति प्रवर्द्धन गर्ने सरकार वा समाजको सफलता आममानिस विशेषतः महिलालाई आमा बन्न प्रेरित गर्न सक्छन् कि सक्दैनन् भन्नेले निर्धारण गर्छ। आर्थिक प्रोत्साहनका साथै केही राज्यले धेरै सन्तान जन्माउने आमालाई सामाजिक सम्मान पनि दिन्छन्। उदाहरणका लागि, पुटिनले स्टालिनकालीन 'मातृत्व पदक' पुनः सुरु गरेका छन्, जुन १० वा सोभन्दा बढी सन्तान जन्माउने महिलालाई दिइन्छ। कहिलेकाहीँ यस्तो मान्यता समाजबाटै आउँछ, उदाहरणका लागि अमेरिकामा 'ट्र्याड वाइफ्स' (परम्परावादी गृहिणी) प्रतिको आकर्षणलाई लिन सकिन्छ। यी महिला पेसागत जीवन त्यागेर धेरै बच्चा हुर्काउने जीवनशैली अँगाल्छन् र सामाजिक सञ्जालमा प्रभावशाली व्यक्तिका रूपमा देखा पर्छन्।

तर, मातृत्वको महिमामण्डनसँगै ती महिलामाथि आलोचना हुने गर्छ, जो बच्चा जन्माउन ढिलो गर्छन् वा अस्वीकार गर्छन्। सन् २०२४ मा रुसको संसद्ले 'चाइल्ड-फ्री प्रोपगान्डा' (सन्तानविहीन जीवनशैली प्रचार) प्रतिबन्ध गर्ने कानुन पास गऱ्यो। यो निजी क्लिनिकमा गर्भपतनमा प्रतिबन्ध र अध्ययन तथा पेसागत जीवनलाई प्राथमिकता दिने महिलाको सार्वजनिक आलोचनासँग पनि जोडिएको छ। यदि प्रोनेटलिस्ट नीतिको उद्देश्य जनशक्ति सुनिश्चित गर्नु मात्रै हो भने समृद्ध देशले आप्रवासनलाई खुला रूपमा अँगालिसकेका हुने थिए। तर, यस्ता प्रयास प्रायः नागरिक विशेषतः महिलाको व्यक्तिगत निर्णय नियन्त्रण गर्न र आफूले मन पराएका समूहले भरिएको जनसंख्या निर्माण गर्न चाहने आकांक्षासँग गाँसिएका हुन्छन्।

(मेथर्स एभेरिस्टविथ विश्वविद्यालयकी अन्तर्राष्ट्रिय राजनीतिकी वरिष्ठ लेक्चरर हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अमेरिकाले सहयोग कटौती गऱ्यो भने राष्ट्र संघलाई कस्तो पर्छ असर ?

यदि अमेरिकाले संयुक्त राष्ट्र संघलाई दिँदै आएको सहायता रकम कटौती गऱ्यो भने यसले विश्वभर असर गर्नेछ। तथापि, संयुक्त राष्ट्र संघप्रतिको आफ्नो दायित्वमा चुक्ने अमेरिका एक मात्र देश भने होइन।



• साइमन टिस्डल

(टिस्डल द गार्जियनका स्तम्भकार हुन्।)



संयुक्त राष्ट्र संघलाई अहिलेकै हदमा निष्प्रभावी बनाउँदै लगेर असफल बनाइयो भने वा यसलाई कमजोर बनाउँदै लगेर यसका एजेन्सी पूर्ण रूपमा काम गर्न नसक्ने अवस्थामा पुऱ्याइयो भने यसको प्रतिस्थापन गर्न सक्ने अर्को संस्था छैन।

संयुक्त राष्ट्र संघ र यसका एजेन्सीहरूले लामो समयदेखि आर्थिक कोषको अभाव झेल्दै आएका छन्। यो दिगो समस्या अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सहयोग कटौतीका कारण अहिले संगीन बनेको छ। अमेरिका संयुक्त राष्ट्र संघको वार्षिक बजेटमा सबैभन्दा धेरै योगदान गर्ने देश हो। ऊ एक्लैले संघको कुल बजेटको २२ प्रतिशत हिस्सा वहन गर्ने गरेको छ। गत फेब्रुअरीमा ह्वाइट हाउसले संयुक्त राष्ट्र संघलगायत सबै अन्तर्राष्ट्रिय संघसंस्था, सन्धि, सम्मेलनमा अमेरिकाले वहन गर्ने सहयोग रकम घटाउने वा कटाउने उद्देश्यका साथ ६ महिने समीक्षा सुरु भएको घोषणा गरेको थियो। सो समयसीमा आगामी महिना सकिँदै छ।

ट्रम्पले दोस्रो कार्यकाल सम्हालेलगत्तै अमेरिका आफैंले सञ्चालन गर्ने गरेको अन्तर्राष्ट्रिय सहायता एजेन्सी 'युएस एजेन्सी फर इन्टरनेसनल डिभेलपमेन्ट (युएसएड)'का अधिकांश सहायता कार्यक्रम कटौती गरिसकेका छन्। ट्रम्प प्रशासनको यस कदमले यसअघि आकस्मिक सहयोगबाट सञ्चालन हुने संयुक्त राष्ट्रसंघको नेतृत्वमा वा समर्थनमा सञ्चालन हुने कैयौं मानवीय कार्य प्रभावित भइसकेका छन्। ट्रम्पको कटौतीले बहुपक्षीयता र विधिमा आधारित अन्तर्राष्ट्रिय व्यवस्थामाथि थप आधारभूत खतरा निम्त्याएको छ।

संयुक्त राष्ट्र संघ विश्वव्यापी शान्ति र सुरक्षा कायम राख्ने सामूहिक जिम्मेवारी र साझा समस्या समाधानमा सहकार्य गर्ने अवधारणाका साथ ८० वर्षअघि स्थापना भएको थियो। अहिले उसको मूल उद्देश्यमाथि नै धक्का लागेको छ। यसका कारण धेरै कुरा जोखिममा परेको छ। वित्तको सवालमा वासिंटनले मात्र संयुक्त राष्ट्र संघलाई धम्की दिएको छैन। अमेरिकासहित विश्वका करिब ४० देशले राष्ट्र संघलाई तिर्नुपर्ने अनिवार्य वार्षिक बक्यौता रकम तिरेका छैनन्। त्यस्तै आकस्मिक योगदानमा ह्रास आइरहेको छ। संयुक्त राष्ट्र संघ गठन हुँदा तय गरिएको सिद्धान्त अर्थात् संयुक्त राष्ट्र संघको बडापत्र युक्रेनमाथि रुसको अवैध आक्रामक रोक्न देखिएको असमर्थताका कारण कमजोर बनेको छ। (र, गत महिना इरानमाथि अमेरिका-इजरायली आक्रमणले यो झन् कमजोर बन्यो)

चीन र बेलायतसहित अन्य देशले पनि आफ्नो स्वार्थ सिद्ध हुने देखिएमा अन्तर्राष्ट्रिय कानुनको बेवास्ता गर्ने गरेका छन्। विश्वमा द्वन्द्वको संख्या र तिनको अवधि बढ्दै गएको छ। संयुक्त राष्ट्र संघका दूतहरू अहिले धेरैतिर बेवास्तामा पर्न थालेका छन्। संयुक्त राष्ट्र संघीय शान्ति मिसन अपमानित भइरहेका छन्। संघको सुरक्षा परिषद् प्रायः पाँच शक्ति राष्ट्रका भिटोका कारण कुनै निर्णय गर्न नसक्ने अवस्थामा छ। र, जहासम्म महासभाको कुरा छ, यो धेरै हदसम्म शक्तिहीन छ। विभिन्न कारणले गर्दा संयुक्त राष्ट्र संघले काम गर्न सकिरहेको छैन।

संयुक्त राष्ट्र संघलाई अहिलेकै हदमा निष्प्रभावी बनाउँदै लगेर असफल बनाइयो भने वा यसलाई कमजोर बनाउँदै लगेर यसका एजेन्सी पूर्ण रूपमा काम गर्न नसक्ने अवस्थामा पुऱ्याइयो भने यसको प्रतिस्थापन गर्न सक्ने अर्को संस्था छैन। त्यसपछि, गाजा र अन्य द्वन्द्वग्रस्त क्षेत्रमा हाल देखिएजस्तै जंगलराज मात्र बाँकी रहनेछ, जहाँ संयुक्त राष्ट्र संघका एजेन्सीलाई बहिष्कृत गरिएको छ, सहायताकर्मीको हत्या गरिएको छ र अन्तर्राष्ट्रिय कानुनको खुलमखुल्ला उल्लंघन गरिएको छ। संयुक्त राष्ट्र संघ प्रणालीका धेरै कमजोरी छन्, जसमध्ये केही ऊ आफैंले सिर्जना गरेका हुन्। तर, यसका बाबजुद संयुक्त राष्ट्र संघविनाको संसार विश्वका अधिकांश स्थानका मानिसका लागि खतरनाक, विपन्न, अस्वस्थकर हुनेछ।

> अमेरिकाको खर्च कटौतीले लेबनान, प्रजातान्त्रिक गणतन्त्र कंगो र कोसोभोजस्ता समस्याग्रस्त क्षेत्रमा अन्तर्राष्ट्रिय शान्ति स्थापना र पर्यवेक्षक मिसन नराम्ररी प्रभावित हुनेछन्। युएसएआइडीको सहयोग फिर्ता लिने निर्णयले पहिले नै सोमालियादेखि सुडानसम्म र बंगलादेशदेखि हैटीसम्म घातक असर गरेको छ।

अमेरिका संयुक्त राष्ट्र संघबाट पूर्ण रूपमा बाहिरिएला भन्ने कसैले अपेक्षा गरेका छैनन् (तथापि, वर्तमान उग्र राष्ट्रवादी राष्ट्रपतिको सरकारले त्यो नगर्ला भनेर ढुक्क हुने अवस्था भने छैन) तर, ट्रम्पले संघप्रति स्पष्ट रूपमा तिक्त व्यवहार देखाएका छन्। उनले अघि सारेको सन् २०२६ को बजेट प्रस्तावमा अमेरिकाले गर्ने सबै प्रकारका अन्तर्राष्ट्रिय सहायतामा ८३.७ प्रतिशत कटौती (अर्थात् ५८.७ अर्ब बाट ९.६ अर्बमा झार्ने) प्रस्ताव गरिएको छ। यसअन्तर्गत संयुक्त राष्ट्र संघको कोषमा पनि ८७ प्रतिशत कटौती हुनेछ। 'सन् २०२३ मा संयुक्त राष्ट्र संघलाई अमेरिकाले कुल १३ अर्ब डलर खर्च दिएको थियो, जुन त्यस वर्षको रक्षा मन्त्रालयको बजेट (८१६ अर्ब डलर)को केवल १.६ प्रतिशतबराबर हो। त्यो भनेको अमेरिकीहरूले वार्षिक रूपमा आइसक्रिममा गर्ने खर्चको लगभग दुईतिहाइ हो,' कार्नेगी एन्डोमेन्ट फर इन्टरनेसनल पिसका स्टिवर्ट प्याट्रिकले भने।

ट्रम्पको कटौतीको निसानामा आर्थिक विकास सहायता, विपत् राहत र परिवार नियोजन कार्यक्रम छन्। यसको प्रभाव सम्भवतः विश्वव्यापी हुन्छ। प्रभावित हुने संयुक्त राष्ट्रसंघीय एजेन्सीमा बालबालिका हेर्ने निकाय युनिसेफ पनि समावेश छ। त्यस्तै विश्व खाद्य कार्यक्रम (डब्लुएफपी)ले आफ्ना ३० प्रतिशत कर्मचारी गुमाउन सक्छ। शरणार्थी र बसाइँसराइ हेर्ने एजेन्सी पनि संकुचित हुँदै छन्। गाजामा इजरायलको अवैध आक्रमण प्रकाश पारेको अन्तर्राष्ट्रिय न्याय अदालत (वा विश्व अदालत) तथा इरान र अन्य देशको आणविक गतिविधिमाथि निगरानी गर्ने अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी पनि प्रभावित हुनेछन्।

ट्रम्पले यसअघि नै विश्व स्वास्थ्य संगठन (डब्लुएचओ), प्यालेस्टिनी राहत एजेन्सी (युएनआरडब्लुए) र संयुक्त राष्ट्र मानव अधिकार परिषद्लाई बहिष्कार गरिसकेका छन्। र, उनको सरकारले संयुक्त राष्ट्र जलवायु कोषमा यसअघि छुट्याइएको चार अर्ब डलर खारेज गरेको छ। यी सबै संस्था अमेरिकी हितविपरीत प्रयोग भइरहेको प्रशासनको आरोप छ। यदि ट्रम्पको बजेट यसै शरद ऋतुमा स्वीकृत भयो भने संयुक्त राष्ट्र संघले अँगालेको '२०३० दिगो विकास लक्ष्य' प्राप्त गर्न असम्भव साबित हुन सक्छ।

अमेरिकाको खर्च कटौतीले लेबनान, प्रजातान्त्रिक गणतन्त्र कंगो र कोसोभोजस्ता समस्याग्रस्त क्षेत्रमा अन्तर्राष्ट्रिय शान्ति स्थापना र पर्यवेक्षक मिसन नराम्ररी प्रभावित हुनेछन्। युएसएआइडीको सहयोग फिर्ता लिने निर्णयले पहिले नै सोमालियादेखि सुडानसम्म र बंगलादेशदेखि र हैटीसम्म घातक असर गरेको छ। 'ल्यान्सेट'मा प्रकाशित पछिल्लो एक अध्ययनले ट्रम्पको सहायता कटौतीले सन् २०३० सम्ममा एक करोड ४० लाखभन्दा बढी अतिरिक्त मृत्यु निम्त्याउन सक्ने देखाएको छ। तिनमा एकतिहाइ बालबालिका हुने पनि अध्ययनले देखाएको छ।

विश्वको सबैभन्दा ठुलो खाद्य सहायता आपूर्तिकर्ता संस्था 'वर्ल्ड फुड प्रोग्राम (डब्लुएफपी)'ले यो वर्ष ऊसँग आवश्यकभन्दा ८.१ अर्ब कोष कम भएको बताएको छ। जबकि, अहिले विश्वका ७४ देशमा इतिहासकै उच्च दरमा अर्थात् ३४ करोड ३० लाख मानिस तीव्र भोकमरी जोखिममा रहेको स्थिति छ। अन्य दाता राष्ट्र अमेरिकाको सहायता कटौतीले उत्पन्न खाडल पुर्न असफल भइरहेका छन्। सन् २०२५ मा संयुक्त राष्ट्र संघले उच्च प्राथमिकता तोकेको ४४ संकटका लागि आवश्यक ४६.२ अर्ब डलरको जम्मा ११ प्रतिशत मात्र उठेको छ। र, यही वर्ष बेलायतले आफ्नो आणविक बमका लागि भन्दै आफ्नो सहायता बजेटबाट ६ अर्ब पाउन्ड घटाएको छ।

संयुक्त राष्ट्र संघका प्रमुखहरू यसका कैयौं समस्या ट्रम्पको आगमनअघिकै भएको स्विकार्छन्। महासचिव एन्टोनियो गुटेरेसले 'युएन८०' सुधार योजनाको एक भागको रूपमा हजारौं रोजगारी कटौती सुरु गरेका छन्। यसको लक्ष्य संघमाथि रहेको अनावश्यक कर्मचारीतन्त्रको बोझ कम गर्ने र सञ्चालन प्रक्रिया सुदृढ पार्ने रहेको गुटेरसले बताएका छन्। यस योजना पूर्ण कार्यान्वयन भएपछि बजेट २० प्रतिशतसम्मले घट्नेछ। तर, ८०औं वार्षिकोत्सवको अवसरमा संघमा आएको सबैभन्दा गम्भीर चुनौती भनेको सदस्य राष्ट्रहरूको विनाशकारी मनोवृत्ति रहेको गुटेरेसले बताए। पछिल्लो समय सदस्य राष्ट्रहरू बहुपक्षीय सहयोगलाई कमजोर बनाउने, अन्तर्राष्ट्रिय कानुन तोड्ने, आफूले तिर्नुपर्ने संघको हिस्सा नतिर्ने र संयुक्त राष्ट्र संघ स्थापनाको उद्देश्य नै बिर्सिने गरेको उनले गुनासो गरे।

'संयुक्त राष्ट्र संघको बडापत्र मन लागे मान्छु, नत्र मान्दिनँ भन्ने खालको ऐच्छिक छैन। यो अन्तर्राष्ट्रिय सम्बन्धको आधार हो,' गुटेरेसले भने। गुटेरेसका अनुसार सन् १९४५ यता संयुक्त राष्ट्र संघको सबैभन्दा ठुलो उपलब्धि तेस्रो विश्वयुद्ध हुन नदिनु हो। फियोना हिलजस्ता सम्मानित विश्लेषकले तेस्रो विश्वयुद्धको प्रारम्भिक चरण सुरु भएको बताउन थालेका छन्। बेलायत र अन्य लोकतान्त्रिक मुलुक के फेरि पनि ट्रम्पसामु पुनः नम्रतापूर्वक झुक्लान् ? वा, तिनीहरू यी स्वच्छन्द राष्ट्रपति, रुस र इजरायलजस्ता दुष्ट राज्यलाई विश्वव्यापी अराजकता, लामो युद्ध र अनावश्यक पीडाविरुद्ध विश्वको उत्कृष्ट प्रतिरक्षा अर्थात् संयुक्त राष्ट्र संघको विनाश रोक्न लड्नेछन् ? के उनीहरू संयुक्त राष्ट्र संघको अस्तित्वरक्षाका लागि लड्लान् ?

द गार्जियन

इतिहासमा आज

जुलाई ८



सन् १९९४ : किम जोङ-इलले उत्तर कोरियाको सर्वोच्च नेताको रूपमा कार्यभार सम्हाले। आफ्नो देशमा प्रिय नेताको रूपमा लोकप्रिय किम जोङ-इल आफ्नो बुबा किम इल-सुङको मृत्युपछि उत्तर कोरियाको सर्वोच्च नेता बने। सन् २०११ मा आफ्नो मृत्यु हुने दिनसम्म उनले कठोर शासन चलाए।

सन् १६०८ : स्यामुयल डे च्याम्पलेनले क्युबेकमा पहिलो फ्रान्सेली बस्ती स्थापित गरे।

सन् १७५५ : दुई देशबिचको विवाद बढ्दै गएपछि बेलायतले फ्रान्ससँग कूटनीतिक सम्बन्ध तोडेको थियो।

सन् १७७७ : भर्मन्टले दासप्रथा उन्मूलन गऱ्यो। उत्तरपूर्वी अमेरिकी राज्य भर्मन्ट संविधानतः दासप्रथा उन्मूलन गर्ने अमेरिकी पहिलो राज्य बन्यो। भर्मोन्टले ब्रिटिस साम्राज्यबाट स्वतन्त्रता घोषणा गरेपछि संविधान अपनाएको थियो।

सन् १८८९ : वाल स्ट्रिट जर्नल पहिलोपटक प्रकाशित भयो। चार्ल्स डाउ, एडवर्ड जोन्स र चार्ल्स बर्गस्ट्रेसर नामक तीन वित्तीय रिपोर्टरले कस्टुमर्सको आफ्टरनुन लेटर भनिने अघिल्लो आवधिकलाई विस्थापित गर्दै हालको द वाल स्ट्रिट जर्नल सुरु गरे।

विश्व संक्षेप

हसिनाविरुद्धको अभियोग खारेज गर्न माग

ढाका/ बंगलादेशकी पूर्वप्रधानमन्त्री सेख हसिनाविरुद्ध मानवताविरुद्धको अपराधमा लगाइएको अभियोग खारेज गर्न सरकारी वकिलले सोमबार माग गरेका छन्। सरकारी वकिल मोहम्मद अमिर हुसेनले भनेका छन्, 'मैले सबै आरोपबाट मुक्त हुन माग गरेको छु। किनभने, मैले हसिनासँग प्रत्यक्ष रूपमा कुरा गर्न पाएको थिइनँ। ती मुद्दा झुटा, मनगढन्ते र राजनीतिबाट प्रेरित देखिन्छन्।'

अभियोजकले उनीविरुद्ध पाँचवटा अभियोग दायर गरेका छन्, जसमा सामूहिक हत्या रोक्न असफल हुनु पनि समावेश छ, जुन बंगलादेशी कानुनअन्तर्गत मानवताविरुद्धको अपराध हो। गत वर्षको जुलाईदेखि अगस्टसम्ममा भएको आन्दोलनका क्रममा हसिनाको सरकारले सत्तामा टिक्ने असफल प्रयासस्वरूप प्रदर्शनकारीमाथि कारबाही गर्न आदेश दिएपछि एक हजार चार सयजनाको मृत्यु भएको थियो।

गत अगस्टमा विद्यार्थी नेतृत्वको विद्रोहको उत्कर्षमा ७७ वर्षीया हसिना शरण लिन भारत भागेकी थिइन्। सरकारले पछि उनलाई स्वदेश फर्कन र उनीमाथि लागेका अभियोगको सामना गर्न आदेश दिएको थियो। तर, आदेश पालना नगरेपछि उनको अनुपस्थितिमा जुन १ मा हसिनाविरुद्धको मुद्दाबारे सुनुवाइ सुरु भएको थियो।

हसिनाविरुद्धको मुद्दाको सुनुवाइ १० जुलाईका लागि स्थगित भएको छ। यसअघि जुलाई २ मा हसिनालाई अदालतको अवहेलना गरेको अभियोगमा ६ महिनाको जेल सजाय सुनाइएको थियो।

ब्रिक्स राष्ट्रका नेताले गरे ट्रम्पको शुल्कवृद्धिको आलोचना

रियो दि जेनेरियो/ विभिन्न ११ राष्ट्रका नेताको ब्रिक्स सम्मेलन ब्राजिलको रियो दि जेनेरियोमा भइरहेको छ। आइतबारदेखि सुरु भएको सम्मेलनमा सहभागी विश्वनेताले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको मनोमानीपूर्ण शुल्कवृद्धि र इरानमाथि हालैका इजरायली र अमेरिकी आक्रमणलाई लक्षित गरेका छन्। ट्रम्पको 'एकपक्षीय भन्सार शुल्क वृद्धिबारे गम्भीर चिन्ता व्यक्त गर्दै ब्रिक्स सदस्यले भन्सार शुल्कले विश्वव्यापी अर्थतन्त्रलाई नोक्सान पुऱ्याउने जोखिम रहेको बताए।

ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिकालगायत ११ उदीयमान राष्ट्रले विश्वको लगभग आधा जनसंख्या र विश्वव्यापी आर्थिक उत्पादनको ४० प्रतिशत हिस्सा ओगटेका छन्। यो समूह धेरै विषयमा विभाजित भए पनि अमेरिकी नेता र उनको भन्सार शुल्क युद्धहरूको सन्दर्भमा साझा धारणा राखेका हुन्। सम्मेलन जुलाई ७ मा सम्पन्न हुनेछ। दुई दशकअघि तीव्र गतिमा विकास भइरहेको अर्थतन्त्रका लागि मञ्चका रूपमा परिकल्पना गरिएको ब्रिक्सलाई अमेरिका र पश्चिमी युरोपेली शक्तिका लागि चीनद्वारा सञ्चालित प्रतिसन्तुलनका रूपमा हेरिएको छ।

लामो समय सार्वजनिक कार्यक्रममा देखिएका छैनन् सी जिनपिङ

के चीनमा कुनै उथलपुथल भइरहेको छ ? चिनियाँ राष्ट्रपति सी जिनपिङ केही दिनयता सार्वजनिक कार्यकममा नदेखिँदा र एक दशकभन्दा बढी समयपछि पहिलोपटक २०२५ को रियो शिखर सम्मेलनमा सहभागी नहुँदा उनीबारे विभिन्न अड्कलबाजी उठ्न थालेको छ। सी जुन २४ यता सर्वाजनिक कार्यक्रममा देखिएका छैनन्। राज्य सञ्चालित मिडियाले जारी गरेको भिडियोमा उनी जुन ४ मा बेलारुसका राष्ट्रपति अलेक्सान्दर लुकासेन्कोसँग भेटघाटका क्रममा सार्वजनिक रूपमा देखिएका थिए। लुकासेन्कोसँगको भेटघाटमा उनी कमजोर र उनको सुरक्षा विवरण उल्लेखनीय रूपमा घटाइएको थियो। बेलारुसी प्रेस सेवाले पनि सीलाई 'थकित, विचलित र सामान्यतया अस्वस्थ' देखिएको वर्णन गरेको थियो। यसअघि, चिनियाँ राष्ट्रपतिको कमान्डिङ उपस्थिति सजिलै देखिन्थ्यो। त्यसपछि उनी अर्को एक कार्यक्रममा पनि देखिएका थिए।

> चीनको सेनाले व्यापक सफाइ र आन्तरिक उथलपुथलको सामना गरिरहेका वेला सीले सत्तामा आफ्नो पकड बलियो बनाउन खोजिरहेको हुन सक्ने रिपोर्ट पनि सार्वजनिक भएका छन्।

लामो समयसम्म उनको अनुपस्थितिले विभिन्न प्रश्न उठेका छन्- के चिनियाँ कम्युनिस्ट पार्टी (सिसिपी) भित्र सबै ठिकठाक छ ? सैन्य शुद्धीकरण र पूर्वराष्ट्रपति हु जिन्ताओका सहयोगीले सर्वशक्तिमान सिसिपीमा प्रभाव बढाएको रिपोर्टको पृष्ठभूमिमा यो प्रश्न अर्थपूर्ण छ।

सीको सट्टा प्रधानमन्त्री ली छियाङ सार्वजनिक कार्यक्रममा देखिने गरेका छन्। सरकारी मिडिया कभरेजबाट यसरी टाढा रहनु सीका लागि असामान्य हो। चीनको सेनाले व्यापक सफाइ र आन्तरिक उथलपुथलको सामना गरिरहेका वेला सीले सत्तामा आफ्नो पकड बलियो बनाउन खोजिरहेको हुन सक्ने रिपोर्ट पनि सार्वजनिक भएका छन्। रिपोर्टअनुसार धेरै शीर्ष जनरल र रक्षा अधिकारीलाई हटाइएको वा 'बेपत्ता' पारिएको छ। जब राज्य मिडियाले निरन्तर कभर गर्ने एक विश्वव्यापी नेता अचानक सार्वजनिक दृष्टिकोणबाट गायब हुन्छ, यसले विश्वव्यापी ध्यान आकर्षित गर्छ र विभिन्न अड्कलबाजी गरिन्छ। बेइजिङले ब्रिक्स शिखर सम्मेलनमा सीको अनुपस्थितिको कारणको रूपमा 'तालिकाबद्ध द्वन्द्व' जनाएको छ। यो एक बहुपक्षीय बैठक हो, जुन बेइजिङले अमेरिकी प्रभुत्वलाई सन्तुलनमा राख्नका लागि आफ्नो प्रयासमा महत्त्वपूर्ण मान्छ। प्रधानमन्त्री छियाङ ब्रिक्स शिखर सम्मेलनमा भाग लिइरहेका छन्।



सैन्य शुद्धीकरण र पूर्वराष्ट्रपति हु जिन्ताओका सहयोगीले सर्वशक्तिमान सिसिपीमा प्रभाव बढाएको रिपोर्टको पृष्ठभूमिमा राष्ट्रपति सी केही समययता सार्वजनिक रूपमा देखिएका छैनन्।

चीनलाई सबैभन्दा ठुलो प्रतिद्वन्द्वी मान्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका लागि ब्रिक्स समूह एक समस्या बनेको छ। आइतबार ट्रम्पले ब्रिक्सको 'अमेरिकीविरोधी नीति'लाई समर्थन गर्ने राष्ट्रमा थप १० प्रतिशत कर लगाउने धम्की दिए।

के चीनको शीर्ष नेतृत्वमा सम्भावित शक्ति परिवर्तन भइरहेको छ ? के सीले आफ्नो पकड गुमाउँदै छन् ? सी कहाँ छन् ? उनी किन सार्वजनिक दृष्टिकोणबाट टाढा गएका छन् ? के बेइजिङमा सबै ठिकठाक छ ? उनको अनुपस्थितिले विभिन्न प्रश्न खडा गरेको छ। सी अन्तिमपटक सार्वजनिक रूपमा देखिएको लगभग पन्ध्र दिन भइसक्यो। यो यस वर्ष उनको तेस्रो लामो अनुपस्थिति हो। अनुपस्थितिहरू अस्पष्ट थिए। यसपटक उनको अनुपस्थिति त्यस्तो समयमा आएको हो, जतिवेला चिनियाँ अर्थतन्त्र तनावग्रस्त देखिन्छ।

सत्तामा सीको पकड कमजोर हुँदै गइरहेको हुन सक्ने विवरण सार्वजनिक भइरहेका छन्। पूर्वराष्ट्रपति हु जिन्ताओको युगसँग सम्बन्धित व्यक्तिहरू, विशेषगरी जनरल झाङ युक्सिया र टेक्नोक्रेट वाङ याङले सिपिसीमा प्रभाव बढाउँदै छन्।

सीको रहस्यमय अनुपस्थिति किन महत्त्वपूर्ण ?

सार्वजनिक कार्यक्रम, राज्य मिडिया र ब्रिक्स शिखर सम्मेलनजस्ता कूटनीतिक कार्यक्रममा सी जिनपिङको लामो अनुपस्थितिलाई 'रहस्यमय' मात्र भन्न सकिन्छ। सन् २०१३ मा सत्तामा आएदेखि चिनियाँ राज्य मिडियाले उनलाई एक अतुलनीय नेताको रूपमा चित्रण गर्दै आएको छ।

अंग्रेजी दैनिक द टेलिग्राफको रिपोर्टअनुसार जुन २ देखि २२ दिनसम्म मिडियामा नदेखिएपछि जुन २४ मा सिंगापुरका प्रधानमन्त्री लरेन्स वोङसँगको भेटसँगै उनी पिपुल्स डेलीको पहिलो पृष्ठमा देखा परेका थिए। यो २०१७ देखि उनको लगभग दैनिक कभरेजबाट दुर्लभ ब्रेक थियो। उक्त अवधिमा दोस्रो तहका नेताहरू प्रधानमन्त्री ली छियाङ र उप-प्रधानमन्त्री हे लाइफेङले उच्च दायित्वका कूटनीतिक बैठक सम्हाले, जसले नेतृत्वको दृश्यतामा अस्थायी परिवर्तनको संकेत गर्छ।

यसैबिच, सीको अनुपस्थितिमा ब्रिक्स सम्मेलन सुरु भएको छ। १२ वर्षमा पहिलोपटक बैठकमा सहभागी नभएपछि यस वर्षको शिखर सम्मेलनको राजनीतिक रौनक घटेको विश्लेषण गरिएको छ। त्यसो त ब्रिक्समा अनुपस्थित हुने चिनियाँ नेता मात्र होइनन्। युक्रेनमा युद्ध अपराधको आरोप लागेका रुसी राष्ट्रपति भ्लादिमिर पुटिन पनि बैठकमा प्रत्यक्ष सहभागी भएनन्। उनले भिडियो लिंकमार्फत बैठकमा उपस्थिति जनाए।


शिखर सम्मेलनले आर्टिफिसियल इन्टेलिजेन्स (कृत्रिम बौद्धिकता-एआई) लाई नियन्त्रण गर्ने नियमनका लागि पनि आह्वान गरेको छ। व्यावसायिक एआई क्षेत्रमा हाल अमेरिकी टेक जायन्टहरूको प्रभुत्व छ। यद्यपि चीन र अन्य राष्ट्रहरूसँग द्रुत गतिमा क्षमता विकास भइरहेको छ। आइतबार सुरु भएको शिखर सम्मेलनमा ब्रिक्स नेताहरूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका 'अन्धाधुन्ध' आयात शुल्क र इरानमाथि हालैका इजरायली-अमेरिकी आक्रमणलाई मूल मुद्दा बनाएका छन्।

इन्डिया टुडेबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार २४ असार ०८२

तेस्रो त्रैमासमा ४.८ प्रतिशत आर्थिक वृद्धिको अनुमान

दोस्रो त्रैमासको तुलनामा भने ०.६ प्रतिशतको मात्रै आर्थिक वृद्धि, विद्युत् र निर्माण क्षेत्रको प्रमुख योगदान



पवन तिमिल्सिना/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८१/८२ को तेस्रो त्रैमास (माघ, फागुन र चैत)मा मुलुकको कुल गार्हस्थ उत्पादन (जिडिपी) अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.८ प्रतिशतले वृद्धि भएको प्रारम्भिक अनुमान गरिएको छ। राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको तथ्यांकअनुसार यस्तो वृद्धिदर देखिएको हो।

ब्याजदर सस्तिएर व्यापारमा वृद्धि भएकाले आर्थिक वृद्धिदर बढेको र वर्षैपिच्छे नयाँ जलविद्युत आयोजना थपिएकाले पनि विद्युत् क्षेत्रमा सुधार भएको अर्थशास्त्री प्राडा पुष्कर बज्राचार्यले बताए। सरकारले पुँजीगत खर्च वृद्धिमा सुधार गर्न नसक्दा पाँच प्रतिशतभन्दा बढीको वृद्धिदर हासिल गर्न नसकिएको उनको बुझाइ छ। उनले भने, 'सरकारले थोरै मिहिनेत गरेको भए पाँच प्रतिशतभन्दा माथि जान्थ्यो।'

पाँच प्रतिशतभन्दा कम वृद्धिदरलाई सन्तोषजनक मान्न नसकिने उनको भनाइ छ। उनले भने, 'नेपालको विगत हेर्ने हो भने सुधार भएका वेला ४.८ प्रतिशतसम्म पुग्ने, नत्र साढे चार प्रतिशतमा सीमित रहने गरेको पाइन्छ। बंगलादेशले लामो समयसम्म साढे पाँच प्रतिशतको वृद्धिदरलाई कायम राखेकाले अर्थतन्त्रमा व्यापक सुधार गरेको थियो।'

विद्युत् उत्पादन तथा वितरण, निर्माण, वित्तीय तथा बिमा र खानी तथा खनिज पदार्थ उत्खनन क्षेत्रको योगदानले आर्थिक वृद्धिदर हुने कार्यालयको अनुमान छ। कुल १८ वटा औद्योगिक क्षेत्रमध्ये सबै क्षेत्रमा सकारात्मक वृद्धिदर देखिएको छ। यद्यपि, शिक्षा, पानी तथा फोहरा व्यवस्थापन र आवास तथा भोजन क्षेत्रले भने उल्लेख्य योगदान गर्न नसकेकाले समग्र वृद्धिदर मध्यमस्तरमै सीमित रहने देखिन्छ।

तथ्यांकअनुसार चालू आर्थिक वर्षको दोस्रो त्रैमासको तुलनामा तेस्रो त्रैमासमा कुल गार्हस्थ उत्पादन ०.६ प्रतिशतले मात्र वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ। समायोजित तथ्यांकमा यातायात तथा भण्डारण, वित्तीय तथा बिमा र आवास तथा भोजन क्षेत्रले ऋणात्मक वृद्धि देखाएको छ। अन्य क्षेत्रमा सामान्य वृद्धि रहे पनि समग्र वृद्धिदर न्यून देखिएको हो।

त्यसबाहेक, विद्युत् उत्पादन तथा वितरण क्षेत्रमा अन्य क्षेत्रको तुलनामा उल्लेखनीय वृद्धि हुने अपेक्षा गरिएको छ। यसले अर्थतन्त्रमा केही हदसम्म सकारात्मक सन्देश दिएको कार्यालयको भनाइ छ।

१८ वटै औद्योगिक क्षेत्रको वृद्धिदर सकारात्मक

चालू आर्थिक वर्ष ०८१/८२ को तेस्रो त्रैमासिकमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा मुलुकको अर्थतन्त्रमा सबै १८ औद्योगिक क्षेत्रमा सकारात्मक वृद्धि देखिएको छ। केन्द्रीय तथ्यांक कार्यालयको प्रारम्भिक अनुमानअनुसार सबै क्षेत्रको कुल मूल्य अभिवृद्धि दर धनात्मक रहँदा, विद्युत् उत्पादन तथा वितरण क्षेत्रमा सबैभन्दा धेरै १२.५ प्रतिशतको वृद्धि देखिएको छ।

निर्माण क्षेत्रमा ६.९ प्रतिशत, खानी तथा खनिज पदार्थ उत्खनन र वित्तीय तथा बिमा क्षेत्रमा ६.७ प्रतिशत, सूचना तथा सञ्चार क्षेत्रमा ६.६ प्रतिशत, यातायात तथा भण्डारणमा ६.३ प्रतिशत, तथा औद्योगिक उत्पादन क्षेत्रमा ६.२ प्रतिशतको वृद्धिदर रहने अनुमान गरिएको छ। अर्थतन्त्रमा सबैभन्दा धेरै योगदान दिने कृषि क्षेत्रको वृद्धिदर ३.६ प्रतिशत छ। हिउँदेबाली, तरकारीबाली तथा नगदेबालीको उत्पादनमा भएको सुधारले यस क्षेत्रमा सकारात्मक प्रभाव पारेको कार्यालयको विश्लेषण छ।

अर्थतन्त्रको दोस्रो ठूलो क्षेत्र थोक तथा खुद्रा व्यापारको वृद्धिदर ५.६ प्रतिशत रहने देखिएको छ। स्वदेशी कृषि उत्पादनमा वृद्धि र आयातमा देखिएको उकालो प्रवृत्तिले व्यापार क्षेत्रलाई सकारात्मक बनाएको हो।

औद्योगिक वस्तु उत्पादनमा पनि क्रमिक सुधार देखिँदै गएकाले उत्पादनमूलक उद्योग क्षेत्रको वृद्धिदर ६.२ प्रतिशत रहने अनुमान गरिएको छ। यस त्रैमासिक अवधिमा शिक्षा क्षेत्रमा २.३ प्रतिशत, पानी आपूर्ति तथा फोहोर व्यवस्थापनमा २.४ प्रतिशत र आवास तथा भोजन क्षेत्रमा २.५ प्रतिशतको वृद्धि रहने प्रारम्भिक अनुमान छ। आर्थिक वर्ष ०७९/८० यता नेपाली अर्थतन्त्र क्रमिक रूपमा सुधारको दिशामा अघि बढिरहेको देखिएको तथ्यांक कार्यालयका प्रवक्ता एवं उपप्रमुख तथ्यांक अधिकारी दुण्डीराज लामिछानेले बताए।

सेबोनबाट पनि बैंकहरूलाई अग्राधिकार सेयर बिक्रीको बाटो खुला

५० जनाभन्दा कम संस्थागत लगानीकर्तालाई मात्र अविमोच्य असञ्चिति अग्राधिकार सेयर बिक्री गर्न पाइने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल धितोपत्र बोर्ड (सेबोन) ले बैंक तथा वित्तीय संस्थालाई 'अविमोच्य असञ्चिति अग्राधिकार' सेयर निष्कासनको बाटो खुला गरिदिएको छ। बोर्डले धितोपत्र निष्कासन तथा बाँडफाँड (नवौं संशोधन) निर्देशिका, २०८२ जारी गर्दै बैंक तथा वित्तीय संस्थालाई अविमोच्य असञ्चिति अग्राधिकार सेयर निष्कासन गर्न दिने व्यवस्था गरेको हो।

राष्ट्र बैंकले १२ असार ०८१ मै एकीकृत निर्देशक संशोधन गर्दै बैंक तथा वित्तीय संस्थालाई 'अविमोच्य असञ्चिति अग्राधिकार' जारी गर्न दिने व्यवस्था गरेको थियो। त्यसको एक वर्षपछि बोर्डले धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिकामा यसलाई समावेश गरेको हो। अब बैंक तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट पूर्व स्वीकृति र बोर्डबाट अन्तिम स्वीकृति लिएर यस्तो सेयर निष्कासन गर्न पाउने भएका छन्।

'नेपाल राष्ट्र बैंकबाट अविमोच्य असञ्चिति अग्राधिकार सेयर निष्कासनका लागि स्वीकृति पाएको बैंक तथा वित्तीय संस्थाले मात्र यस्तो सेयर निष्कासनका लागि बोर्डमा आवेदन दिन सक्नेछन्। सेयर निष्कासन गर्न चाहने बैंक तथा वित्तीय संस्थाले अंकित मूल्य १०० रुपैयाँ कायम गरी निष्कासन गर्नुपर्नेछ,' निर्देशिकामा थप गरिएको दफा १०क मा उल्लेख छ।

'अविमोच्य असञ्चिति अग्राधिकार' सेयर कुनै पनि कम्पनीले आर्थिक रूपमा अप्ठ्यारामा परेका वेला प्रयोग गर्ने एक वित्तीय उपकरण हो। कम्पनी आर्थिक रूपमा अप्ठ्यारोमा परेको अवस्थामा 'अविमोच्य असञ्चिति अग्राधिकार' सेयर बिक्री गरेर रकम संकलन गरी त्यसलाई टार्न सकिन्छ। सोही अवधारणाअनुसार यसको विकास भएको हो। यस्तो सेयर सीमित संस्थापक लगानीकर्तालाई मात्रै बिक्री गरिन्छ। कम्पनीका लागि यो उपयोगी भए पनि लगानीकर्ताका लागि भने त्यति सुरक्षित मानिँदैन। यो एक प्रकारको संस्थापक (प्रमोटर) सेयर नै हो। सीमित संस्थापक लगानीकर्तालाई मात्रै यस्तो सेयर बिक्री गरिन्छ।

मुख्यतः यस्तो सेयरका तीनवटा विशेषता हुन्छन्। यस्तो सेयरमा अविमोच्य अर्थात् लगानी फिर्ता हुने समय निर्धारण गरिएको हुँदैन। अन्य सेयर लगानीमा लगानी फिर्ता हुने समय तोकिएको हुन्छ। तर, यसमा लगानी फिर्ता हुने समय तोकिएको हुँदैन। यो लगानी दीर्घकालीन हो।

यस्तै, यस्तो सेयर लगानीमा सञ्चित लाभांशको सुविधा पनि हुँदैन। साधारणयता सेयरधनीलाई कुनै आर्थिक वर्ष लाभांश दिन नसकेपछि आगामी आर्थिक वर्षमा सञ्चित 'क्युमुलेटिभ' लाभांश दिने अभ्यास हुन्छ। तर, यसमा सञ्चित लाभांशको सुविधा हुँदैन। सम्बन्धित आवको खुद लाभांश मात्रै दिइन्छ। यस्ता लगानीमा कम्पनीहरूले लाभांश नदिन पनि पाउँछन्।

यस्तै, यस्तो सेयरलाई अग्राधिकार भने दिइन्छ। अन्य सेयर लगानीलाई भन्दा यस्तो सेयरलाई उच्च प्राथमिकता दिइन्छ। कम्पनी बन्द हुने अवस्थामा समेत साधारण लगानीकर्तालाई भन्दा पहिला यस्ता लगानीकर्तालाई प्राथमिकतामा राखेर भुक्तानी दिइन्छ। त्यो वेला कम्पनीले आफ्नो दायित्व भुक्तानी गरेपछि पहिलो चरणमा यस्ता लगानीकर्तालाई लगानी फिर्ता गरिन्छ। लाभांश वितरण गर्ने समयमा पनि पहिला यस्ता लगानीकर्तालाई दिइन्छ। यसरी यी तीन विशेषतासहित यो सेयरको अवधारणा अघि बढेको हो।





नेपालमा अहिले बैंक तथा वित्तीय संस्थालाई यस्तो सेयर निष्कासन गर्न बाटो खुला गरिएको हो। बैंक तथा वित्तीय संस्थाले ५० जनाभन्दा कम हुने गरी संस्थागत लगानीकर्तालाई मात्र यस्तो सेयर बिक्री गर्नुपर्नेछ। सर्वसाधारण लगानीकर्ता, धितोपत्र व्यवसायी तथा सामूहिक लगानी कोषले यसमा लगानी गर्न नपाउने व्यवस्था गरिएको छ। यस्तो सेयर निष्कासन गर्दा सम्भावित संस्थागत लगानीकर्तालाई धितोपत्रसम्बन्धी विशेषतासहित जोखिम उद्घोषण विवरण उपलब्ध गराउनुपर्ने पनि निर्देशिकामा उल्लेख छ। साथै, लगानीकर्ताबाट उक्त विवरण पढेको-बुझेको भन्ने व्यहोरा खुलाई लिखित रूपमा कागजातसमेत निवेदनसाथ संलग्न गर्नुपर्ने बताइएको छ।

केन्द्रीय निक्षेप कम्पनीले यस्तो सेयर अभौतिकीकरण गनुपर्नेछ। सेयर सूचीकरण तथा कारोबार प्रक्रिया धितोपत्र बजार (स्टक एक्सचेन्ज कम्पनी) ले तोकेको व्यवस्थाअनुसार हुनेछ। दोस्रो बजारमा यस्तो सेयरको कारोबार पनि गर्न सकिनेछ। निर्देशिकाअनुसार संस्थागत लगानीकर्ताले मात्र खरिद-बिक्री गर्न सक्ने व्यवस्था गर्नुपर्छ। दोस्रो बजारमा पनि सर्वसाधारण लगानीकर्ता, धितोपत्र व्यवसायी तथा सामूहिक लगानी कोषले यस्तो सेयर खरिद-बिक्री गर्न पाउदैनन्। यस्तो सेयर निष्कासन गर्दा आह्वान गरिने विवरण पत्रमा जोखिम उद्घोषण गरिएको हुन्छ। अविमोच्य असञ्चिति अग्राधिकार सेयरमा निहित जोखिम र नोक्सानी प्रशोचनका क्रममा हुन सक्ने अपेक्षित प्रक्रिया तथा परिणाम उल्लेख गरिएको जोखिम उद्घोषण विवरण पनि संलग्न गर्नुपर्नेछ। विवरणपत्रमा अन्तर्निहित जोखिम तथा सो व्यवस्थापनका लागि व्यवस्थापनको धारणाअन्तर्गत अविमोच्य असञ्चिति अग्राधिकार सेयरको लाभांश भुक्तानी तथा परिवर्तनका सम्बन्धमा उत्पन्न हुन सक्ने जोखिम र सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणासमेत उल्लेख गर्नुपर्ने निर्देशिकामा उल्लेख छ।

बैंकहरूले यस्ता लगानीकर्तालाई लाभांश नदिन पनि पाउने छन्। तर, त्यसमा नियामक निकाय (राष्ट्र बैंक) को स्वीकृति भने हुनुपर्छ। 'अविमोच्य असञ्चिति अग्राधिकार सेयर निष्कासन गर्ने बैंक तथा वित्तीय संस्थाले वितरणयोग्य मुनाफा आर्जन गरेको अवस्थामा नियमन निकायबाट रोक लगाएको अवस्थामा बाहेक यस्तो सेयरको लाभांश वितरण नगर्ने निर्णय गर्न पाइनेछैन,' निर्देशिकामा भनिएको छ।

यस्तै, अविमोच्य असञ्चिति अग्राधिकार सेयरको विवरण सम्बन्धमा बोर्डले समय-समयमा आवश्यक व्यवस्था तोकिदिन सक्छ। यस्तो लगानीको धितोपत्रको फिर्ता वा साधारण सेयरमा परिवर्तनसम्बन्धी व्यवस्था नेपाल राष्ट्र बैंकले तोकिदिएबमोजिम हुने बताइएको छ।

विशेषगरी, आर्थिक संकट सामना गरेका बैंकहरूलाई यो उपयुक्त हुन्छ। साथै, बैंकलाई पुँजीकोष कायम गर्न पनि सहज हुने अनुमान गरिएको छ। यसरी सेयर जारी गरेका बैंकहरूको ऋण लगानी गर्ने क्षमता पनि बढ्नेछ।

नेपाल धितोपत्र बोर्डका प्रवक्ता निरञ्जय घिमिरेले बैंकहरूलाई अविमोच्य असञ्चिति अग्राधिकार बिक्री गर्न नीतिगत रूपमा बाटो खुला गरेको बताए। 'यसअघि राष्ट्र बैंकले आवश्यक निर्णय गरिसकेको थियो। तर, नेपाल धितोपत्र बोर्डबाट बाँकी थियो। अब बोर्डले पनि यसका लागि नीतिगत रूपमा बाटो खुला गरेको छ,' उनले भने, 'यसले वित्तीय रूपमा समस्यामा परेका बैंकहरूलाई सहजता प्रदान गर्ने अपेक्षा लिएका छौं।'

वैदेशिक रोजगारीका लागि आह्वान गरिने आइपीको म्याद चार दिन

बोर्डले वैदेशिक रोजगारीमा रहेका नेपालीले आइपिओ भर्ने समय भने घटाइदिएको छ। आइपिओ बिक्री गर्दा कम्पनीले १० प्रतिशत आइपिओ वैदेशिक रोजगारीमा रहेका नेपालीलाई छुट्याउनुपर्छ, त्यसका लागि पहिला १५ दिनको अवधि दिएर सेयरमा आवेदन माग गर्नुपर्ने थियो। सोमबार बोर्डले निर्देशका संशोधन गर्दै पहिलो चरणमा चार कार्य दिनको समय दिए हुने व्यवस्था गरेको हो।

'वैदेशिक रोजगारीमा रहेका नेपालीलाई सेयर निष्कासन गर्दा निष्कासन तथा बिक्री प्रबन्धकले सर्वसाधारणका लागि निष्कासन गर्नुअगावै आह्वानपत्र प्रकाशन गरी कम्तीमा चार कार्य दिन दर्खास्त खुला रहने व्यवस्था गर्नुपर्नेछ,' संशोधित निर्देशिकामा भनिएको छ, 'तर उक्त अवधिभित्र निष्कासन गरिएको सबै धितोपत्र बिक्री नभएमा त्यस्तो दर्खास्त खुल्ला भएको मितिले बढीमा पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुला राख्न सक्नेछ र सोको जानकारी बोर्डलाई दिनुपर्नेछ।' अर्थात्, पहिलो चरणमा पर्याप्त आवेदन नआएमा ११ दिन समय थप गर्न सकिनेछ।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Peoples' Embankment Program, Field Office, Jhapa

Invitation for Online Bids

First Date of publication: 2082/03/24 B.S. (08 July, 2025 AD)

1. Peoples' Embankment Program, Field office, Jhapa, invites electronic bids from Nepalese eligible bidders for the works as mentioned below in clause no. 10 under OCB National Advertising (OCB) procedures.
2. Eligible Bidders may obtain further information at the office of ***Peoples' Embankment Program, Field office, Jhapa,*** Email: *pep1dwidp@gmail.com*, or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders may download the bidding documents for e-submission from PPMO's web site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs.10,000.00 in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank, Bhadrapur, Jhapa.
   Name of Office: Peoples' Embankment Program, Field Office, Jhapa
   Office Code no. :308031201
   Rajaswa (revenue) Shirshak No.: 14229
   Account no.: 1000100200010000
4. Pre-bid meeting shall take place.
   Date: 2082/04/08 B.S. (24 July, 2025 AD)
   Time: 12:00 hours Nepal Standard Time
   Place: Peoples' Embankment Program, Field Office, Jhapa, Nepal.
5. Bidders have to submit their bids electronically through PPMO website www.bolpatra.gov.np/egp on or before 12.00 Hrs. on 2082/04/23 B.S. (08 August, 2025 AD).
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12.30 Hrs. on 2082/04/23 (AD 08 August 2025) at the Peoples' Embankment Program, Jhapa,
7. Bids must be valid for a period of **120 days** after bid opening and must be accompanied by a bid security amounting to a minimum amount **NPR 3.87 million** which shall be valid for **30 days** beyond the validity period of the bid. The bidders should submit the scanned copy of Bid Security in .pdf format.
   If the bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in account of District Treasury Comptroller's Office (Ko. Le. Ni. Ka), Jhapa (Dharauti Account no.: 2210100102030000, office code: 308031201) at Rastriya Banijya Bank, Bhadrapur, Jhapa and submit the scanned copy of bank receipt in .pdf format.
8. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all of the bids without assigning any reason, whatsoever.
10. Brief Description of the Works:

S. N.	Contract ID	Description of works	Fee of Bid Document (NRs.)	Bid Security Amount, NRs.	Remarks
1.	PRBFRMP/Works/ MR/CW-17	Extension of Flood Control Works at Mawa-Ratuwa River Basin	10,000.00	3.87 million.	

Project Manager

मेट्रोमा लगानी गर्न बेलायती लगानीकर्तालाई आग्रह

काठमाडौं/ लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले नेपालमा मेट्रो रेलमा लगानी गर्न बेलायतका लगानीकर्तालाई आग्रह गरेका छन्। नेपालमा यातायात पूर्वाधारमा लगानीको अधिक सम्भावना भएको उल्लेख गर्दै उनले त्यसबाट लाभ लिन आग्रह गरेका हुन्।

नेपाली राजदूतावास युके लन्डन र सोसाइटी अफ नेपलिज इन्जिनियर्स युकेले संयुक्त रूपमा आयोजित बिटुबी मिटिङमा नेपाली पक्षले यस्तो आग्रह गरेको हो। कार्यक्रममा नेपाल जर्मन उद्योग वाणिज्य संघका अध्यक्ष सन्तोष चन्द्र कुँवरले पनि बेलायत र जर्मनीका लगानीकर्ताहरूसँग मेट्रो रेलमा लगानी गर्न आग्रह गरेका थिए।कार्यक्रममा लगानी बोर्डका सिइओ ज्ञवालीले नेपाल जर्मन उद्योग वाणिज्य संघका साथै युकेका लगानीकर्तालाई संयुक्त रूपमा लगानी जुटाई अगाडि बढ्न आग्रह गरे।

बागमती सरकारको बजेट पूरक प्रस्तावसहित बहुमतले पारित

मकवानपुर/ बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्ष ०८२/०८३ को बजेट बहुमतले पारित भएको छ। सोमबार बसेको प्रदेश सभाको बैठकले अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक र विनियोजन विधेयक २०८१ बहुमतले पारित गरेको हो। बैठकले प्रदेश सरकारको बजेटको पूरक प्रस्तावसमेत स्वीकृत गरेको छ। उक्त प्रस्तावलाई विनियोजन विधेयकको अंग बनोस् भन्ने प्रस्ताव प्रदेश सभा बैठकले बहुमतले स्वीकृत गरेको हो।

आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले संसद्मा पेस गरेको प्रदेश सरकारको आर्थिक वर्ष ०८२/०८३ को सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन गरियोस् र प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई पारित गरियोस् भन्ने प्रस्तावलाई बहुमतले पारित गरेको हो। उक्त प्रस्तावलाई सभामुख भुवनकुमार पाठकले सभामा निर्णयार्थ पेस गरेका थिए। बागमती सरकारको आगामी आर्थिक वर्ष ०८२/०८३ का लागि ६७ अर्ब ४७ करोड ७३ लाखको बजेट विनियोजन गरेको छ।

असिनाले १६ करोडबराबरको स्याउका बिरुवा नष्ट

जुम्लामा **मानदत्त रावल**

गुठीचौर गाउँपालिका- ३ दामदासेका ६४ वर्षीय निर्बु लामा बुढेसकालमा रित्तो स्याउको बर्गैंचा कुरेर बसेका छन्। गत १८ जेठमा आएको असिनापानीले उनको स्याउ बर्गैंचा सखाप पारेपछि उनी निराश भएका छन्। उनले गत वर्ष बर्गैंचाबाटै ७० रुपैया प्रतिकेजीका दरले पाँच सय ५५ कार्टुन स्याउ बेचेर चार लाख आम्दानी गरेका थिए। बर्गैंचामै आएर भाटभटेनीका साहुले स्याउ खरिद गरेका थिए। यस्तै, स्याउको रक्सी ब्रान्डी, साइटर, चाना जामजेलीबाट करिब आठ लाख गरी स्याउबाटै १२ लाख आम्दानी गरेका थिए। तर, यस वर्ष उनको बर्गैंचामा ६० कार्टुन स्याउ पनि उत्पादन हुने देखिएको छैन।

चन्दननाथ नगरपालिका-२ खोलीकोटका ७९ वर्षीय वृद्ध रामकृष्ण बुढाथापाको रडिखेल्लामा (तपोवन)मा स्याउ बर्गैंचा छ। फुजी स्याउ खेती गर्ने उनको बगँचामा स्थानीय जातका एक सयभन्दा बढी बिरुवा छन्। उनले भने, 'गत वर्ष एक सय बिरुवाको स्याउबाट एक लाख आम्दानी भएको थियो। स्याउ व्यापारी बर्गैंचामै पुगेर प्रतिकेजी ५० रुपैयाँमा खरिद गरी लिए। तर, यस वर्ष बिक्री गर्नु त कहाँ हो कहाँ ? आफैंलाई नौली खानसमेत मुस्किल होलाजस्तो छ। वैशाख-जेठको असिनापानीले सबै स्याउका चिचिला नष्ट पारिदियो।'

चन्दननाथ नगरपालिका- ४ मालाभिड गाउँका गोविन्द भामले गत वर्ष बर्गैंचामै पाँच सय ९० कार्टुन स्याउ बेचेर पाँच लाख ३५ हजार बुझेका थिए। धनगढीका स्याउ व्यापारी (साहु)ले बर्गैंचामै पुगेर प्रतिकेजी ७० रुपैयाँमा खरिद गरेका थिए। तर, यस वर्ष उनको बर्गैंचामा स्याउ छैन। १७ वैशाख र ७-८ जेठको असिनाले



जुम्लाको ८ पालिकाको बर्गैंचामा क्षति पुऱ्याएको कृषि विकास कार्यालय जुम्लाले जनाएको छ। कार्यालयका अनुसार जिल्लाका सात हजार एक सय ९२ जना किसानको पाँच लाख आठ हजार चार सय २६ वटा स्याउका बिरुवा असिनाले नष्ट भएका छन्। त्यसमध्ये यसै वर्ष स्याउ फल्ने एक लाख ७५ हजार दुई सय पाँच बिरुवामा क्षति भएको कृषि विकास कार्यालय जुम्लाका प्रमुख रामभक्त अधिकारीले बताए।

जुम्लाको कुल चार हजार दुई सय ५० हेक्टर क्षेत्रफलमा स्याउ खेती भइरहेको छ। तर, असिनाले २९ हजार २१ रोपनी क्षेत्रफलको स्याउ खेती पूर्ण रूपमा नष्ट भएको तथ्यांकमा उल्लेख छ। बिरुवा नष्ट हुँदा झन्डै १६ करोड ६९ लाख १८ हजार सात सय ९९ रुपैयाँबराबरको क्षति पुगेको कार्यालय प्रमुख अधिकारीले बताए।

स्याउमा ठुलो क्षति भएकै वर्ष शिखर इन्स्योरेन्सले बिमा गर्न ढिलाइ गरेपछि किसान मर्कामा परेका छन्। गत सालकै असिना र खडेरी बिमा नपाएको भन्दै स्याउ किसान आन्दोलित छन्। बिमा कम्पनीले सरकारबाट पाउनुपर्ने ८० प्रतिशत अनुदानबापतको ३२ करोड निकासा नआउँदा भुक्तानी गर्न नसकिएको बताएको छ। ३२ करोड भुक्तानी नआउँदासम्म भुक्तानी र नयाँ स्याउ बिमा गर्न नसकिने कम्पनीले जनाएको छ। सरकारले राहत नदिने, बिमा कम्पन्नीले तत्काल बिमा नगर्ने असिनाले लाखौं बिरुवा क्षति गरिरहेको अवस्थामा जुम्लाका किसान दोहोरो मारमा परेका छन्।

असिनाले जुम्लाका आठ स्थानीय तहमध्ये सबैभन्दा बढी क्षति चन्दननाथ नगरपालिकामा गरेको छ। कृषि विकास कार्यालयका अनुसार चन्दननाथ नगरपालिकामा तीन करोड ८९ लाख बराबरको क्षति भएको छ।

त्यस्तै, तातोपानी गाउँपालिकामा तीन करोड ७३ लाख, तिला गाउँपालिकामा एक करोड ६९ लाख, हिमा गाउँपालिकामा एक करोड ७७ लाख, सिँजा गाउँपालिकामा १४ लाख १७ हजार, कनकासुन्दरी गाउँपालिमा दुई करोड ५९ लाख र पातारासी गाउँपालिकामा एक करोड ८४ लाखबराबरको क्षति भएको अनुमान छ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

गैर बैकिङ्ग सम्पति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
१.	चितवन जिल्ला, मेघौली गा.वि.स. वडा नं. ५ ख (हाल भरतपुर म.न.पा. वडा नं. २७) स्थित कित्ता नं. ७८० र ७८१ को क्षेत्रफल क्रमश: १६९.३० र २४२९.६७ (व.मी) को जग्गा ।
२.	रौतहट जिल्ला, पोठीयाही गा.वि.स. वडा नं. ६ ख (हाल गरुडा न.पा. वडा नं. ६) स्थित कित्ता नं. ५०७ र ६४९ को क्षेत्रफल क्रमश:०-०-१६ र ०-१-५ (विगाह) को घर/जग्गा।
३.	महोत्तरी जिल्ला, औरही गा.वि.स वडा नं.३/क (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. ९२८, ६११ र ९२९ को क्षेत्रफल क्रमश: ०-०-५-०, ०-०-७-० र ०-०-३-० (विगाह) को घर/जग्गा ।
४.	कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ (हाल पोखरा म.न.पा. वडा नं. ३२) स्थित कित्ता नं. ८८७३, ८९०९ र ८८२४ को क्षेत्रफल क्रमश: ०-५-०-०, ०-६-३-० र ०-६-२-१ (रोपनी) को जग्गा ।
५.	रुपन्देही जिल्ला, मधवनी गा.वि.स वडा नं. ७ (हाल रुपन्देही जिल्ला, लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. १०) स्थित कित्ता नं. ११२२ क्षेत्रफल ०-०-१४.७५-० (विगाह) को घरजग्गा र कित्ता नं. १३१० को क्षेत्रफल ०-१-१०.७५-० (विगाह) को जग्गा ।
६.	चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं. ०९ (हाल रत्ननगर न.पा. वडा नं. ३) स्थित कित्ता नं. २१६ को क्षेत्रफल ०-१-१५-० (विगाह) को जग्गा ।
७.	काठमाडौं जिल्ला, थली डाँछी गा.वि.स वडा नं. ३ग (हाल कागेश्वरी मनोहरा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७४ को क्षेत्रफल १२७.१९ (व.मी) को घरजग्गा ।
८.	रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ७/क (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३२३ को क्षेत्रफल ०-६-१०-० (विगाह) को जग्गा ।
९.	ललितपुर जिल्ला, लामाटार गा.वि.स. वडा नं. १/ब (हाल महालक्ष्मी न.पा. वडा नं. ९) स्थित कित्ता नं. १६८ र १७२ को क्षेत्रफल १-१२-१-० र १-८-३-० (रोपनी) को जग्गा ।
१०.	रुपन्देही जिल्ला, मधवलिया न.पा. वडा नं. ७/क (हाल तिलोत्तमा न.पा. वडा नं. १६) स्थित कित्ता नं. १५२ को क्षेत्रफल ०-१-७-० (विगाह) को घरजग्गा ।
११.	बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ८/ख (हाल निजगढ न.पा. वडा नं. ९) स्थित कित्ता नं. १२०१ को क्षेत्रफल ०-२-५-८ (विगाह) को जग्गा ।
१२.	जुम्ला जिल्ला, हाकु गा.वि.स वडा नं. ४ ख स्थित कित्ता नं. ११६ को क्षेत्रफल १७५० ब.मि. को घर/जग्गा ।
१३.	रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थित कित्ता नं. ११८ को क्षेत्रफल ३४६.३५ (व.मि) को घरजग्गा ।
१४.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ख स्थित कित्ता नं. २००७ को क्षेत्रफल ९३.१३ (व.मि.) को घरजग्गा ।
१५.	सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ख स्थित कित्ता नं. २९९८ को क्षेत्रफल ९३.१३ (व.मि.) को जग्गा ।
१६.	सुर्खेत जिल्ला, गोठीकाँडा गा.वि.स. वडा नं. २क स्थित कित्ता नं. २६५४ को क्षेत्रफल ९० (व.मि.) को घरजग्गा ।
१७.	धनुषा जिल्ला, ढल्केवर गा.वि.स. वडा नं. ५/क (हाल मिथिला न.पा. वडा नं. ६) स्थित कित्ता नं. १९२३ को क्षेत्रफल १५४.९३ (व.मि) को घर जग्गा ।
१८.	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, बन्जरिया गा.वि.स. वडा नं. ९/ख (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १४० को क्षेत्रफल ०-१६-११-० (विगाह) को घरजग्गा ।
१९.	झापा जिल्ला, चन्द्रगढी गा.वि.स. वडा नं.६ (हाल भद्रपुर न.पा. वडा नं.१०) स्थित कित्ता नं. ८३०७ र ८३२९ को क्षेत्रफल क्रमश: ०-१-४-० र ०-२-०-० (विगाह) को घरजग्गा ।
२०.	तनहुँ जिल्ला, बन्दिपुर गा.पा. वडा नं. ४ स्थित कित्ता नं. ४३२ को क्षेत्रफल ०-३-३-२ (रोपनी) को घरजग्गा ।
२१.	ललितपुर जिल्ला, विष्टछाप गा.वि.स. वडा नं.८/८(ख) (हाल गोदावरी न.पा. वडा नं.२) स्थित कित्ता नं. २२० को क्षेत्रफल ०-८-१-० (रोपनी) को जग्गा ।
२२.	महोत्तरी जिल्ला, १५ नं बहादुरगंज गा.वि.स वडा नं २ ग (हाल बर्दिवास न.पा वडा.नं ८) स्थित कित्ता नं. १३७ को क्षेत्रफल ०-१-२.५-० (विगाह) को घरजग्गा ।
२३.	महोत्तरी जिल्ला, १५ नं बहादुरगंज गा.वि.स वडा नं ३ ग (हाल बर्दिवास न.पा वडा.नं ८) स्थित कित्ता नं. ४६ को क्षेत्रफल ०-१-० (विगाह) को जग्गा ।
२४.	पर्सा जिल्ला, मजडिया पिप्रा गा.वि.स. वडा नं. ५ गा (हाल वीरगंज उ.म.न.पा. वडा नं. १४) स्थित कित्ता नं. ५१ को क्षेत्रफल ०-०-१० (विगाह) को घर/जग्गा ।
२५.	सिरहा जिल्ला, फुलकाहाकट्टी गा.वि.स. वडा नं. ४ ख (हाल धनगढीमाई न.पा. वडा नं. ६) स्थित कित्ता नं. ६०८, ८७३, ९४८ र ९४९ को क्षेत्रफल क्रमश: ०-१-१५-०, ०-५-०-०, ०-६-०-० र ०-१-१८-० (विगाह) को जग्गा ।
२६.	चितवन जिल्ला, वीरेन्द्रनगर गा.वि.स. वडा नं. ७ ख (हाल राप्ती न.पा. वडा नं. ९) स्थित कित्ता नं. ७६० को क्षेत्रफल ०-१-१६.७५-० (विगाह) को जग्गा ।
२७.	कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ स्थित कित्ता नं. १४५ को क्षेत्रफल ३२२.६० (ब.मि.) को घरजग्गा ।
२८.	बारा जिल्ला, भगवानपुर गा.वि.स. वडा नं. ८ (हाल आदर्श कोतवाल गा.पा. वडा नं. १) स्थित कित्ता नं. ५८४ को क्षेत्रफल ०-१०-० (विगाह) को जग्गा ।
२९.	पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. १) स्थित कित्ता नं. १०५ को क्षेत्रफल १५६.६ (व.मी.)को घरजग्गा ।
३०.	महोत्तरी जिल्ला वहादुरगंज उ.म.न.पा./गा.वि.स. वडा नं. ६क हाल महोत्तरी जिल्ला, गौशाला न.पा वडा नं. ०८ स्थित कित्ता नं. १३५ को क्षेत्रफल ०-१६-९-० (विगाह) को जग्गा ।
३१.	भक्तपुर जिल्ला, मध्यपुर थिमि न.पा वडा नं. ७ (हाल मध्यपुर थिमि न.पा वडा नं. ६) स्थित कित्ता नं. ११७ र ११८ को क्षेत्रफल १७६.८८ र १७६.८८ (ब.मी) को जग्गा ।
३२.	सुनसरी जिल्ला, भैरौल गा.वि.स वडा नं. ४/ग स्थित कित्ता नं. १७७३ को क्षेत्रफल ०-०-१५.२५ (विगाहा) को घरजग्गा ।
३३.	सुनसरी जिल्ला, भैरौल गा.वि.स वडा नं. ४/ग स्थित कित्ता नं. १६०६, १६०३ र १४७४ को क्षेत्रफल क्रमश: ०-०-१०, ०-०-१२.५ र ०-१-० (विगाह)को घरजग्गा ।
३४.	कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ (हाल पोखरा न.पा. वडा न. ३२) स्थित कित्ता नं. ६४८३ र ८७१४ को क्षेत्रफल क्रमश: ०-२-०-२ र ०-४-३-३ (रोपनी) को घरजग्गा ।
३५.	मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. ४४१३ को क्षेत्रफल ०-३-२-० (विगाहा) को जग्गा ।
३६.	मकवानपुर जिल्ला, बसामाडी गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. १८३५ को क्षेत्रफल ०-८-४-० (विगाहा) को जग्गा ।
३७.	रुपन्देही जिल्ला, गंगोलिया गा.वि.स. वडा नं. ७क स्थित कित्ता नं. १०८ को क्षेत्रफल ०-९-१३-० -विगाह) को जग्गा ।
३८.	नवलपरासी (ब.सु.पु) जिल्ला, सिसबार गा.वि.स. वडा नं.५ग स्थित कित्ता नं ७३२ को क्षेत्रफल ०-५-१०-० (विगाह) जग्गा ।
३९.	नवलपरासी (ब.सु.पु) जिल्ला, सिसबार गा.वि.स. वडा नं.५ग स्थित कित्ता नं ७३४ को क्षेत्रफल ०-१-८.७५-० (विगाह) जग्गा ।
४०.	नवलपरासी (ब.सु.पु), जिल्ला, सिसबार गा.वि.स. वडा नं.५ग स्थित कित्ता नं ७३५ को क्षेत्रफल ०-१-१९.७५-० (विगाह) जग्गा ।
४१.	रौतहट जिल्ला, मर्यादपुर गा.वि.स. वडा नं. २ (हाल मौलापुर न.पा. वडा नं. १) स्थित कित्ता नं. ४३६ र ४३८ को क्षेत्रफल क्रमश: ०-१-८-० र ०-१-१२-० (विगाह) को जग्गा ।
४२.	झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ११५७ को क्षेत्रफल ००२६६.६५ (व.मि) को घरजग्गा ।
४३.	मकवानपुर जिल्ला, हटिया गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ३७८०, ३७७९ र ४५१२ को क्षेत्रफल क्रमश: २७०.८८, ११८.५१ र ६२६.४४ (व.मी)को जग्गा ।
४४.	रौतहट जिल्ला, विश्रामपुर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९१० र ९११ को क्षेत्रफल क्रमश : ०-५-१५ र ०-५-१५ (विगाहा) को जग्गा ।
४५.	रौतहट जिल्ला, विश्रामपूर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. १२४९ को क्षेत्रफल ०-४-१४ (विगाहा) को जग्गा ।
४६.	कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १४ स्थित कित्ता नं ७९ को क्षेत्रफल १९५.१० (ब.मी.) को घरजग्गा ।
४७.	रौतहट जिल्ला, पथराबुधराम गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. २०२ को क्षेत्रफल ०-९-२ (विगाहा) को जग्गा ।
४८.	पर्सा जिल्ला, बगाही गा.वि.स. वडा नं. १ग स्थित कित्ता नं. ६८ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा ।
४९.	झापा जिल्ला, हल्दिबारी गा.पा. वडा नं. २ख स्थित कित्ता नं. ३६६४ को क्षेत्रफल ०-१२-१२-० (बिगाह) को जग्गा ।
५०.	काठमाडौं जिल्ला, गोठाटार गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. ८१ को क्षेत्रफल ०-७-१-१ (रोपनी) को घरजग्गा ।
५१.	सर्लाही जिल्ला, ईश्वरपुर गा.वि.स. वडा नं. ३ग स्थित कित्ता नं. ३२१ को क्षेत्रफल ०-४-० (विगाह) को जग्गा ।
५२.	धनुषा जिल्ला, बेंगा डावर गा.वि.स. वडा नं. ८क स्थित कित्ता नं. ४३२ र ४३४ को क्षेत्रफल क्रमश: ०-१-१७-० र ०-२-०-० (विगाह) को जग्गा ।
५३.	पर्सा जिल्ला, विरुवागुठी गा.वि.स. वडा नं. ६ क (हाल पर्सागढी न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०७२, ३०० र ९०९ को क्षेत्रफल क्रमश: ०-४-०-०, ०-१३-०-० र ०-४-१२-० (विगाह) को घर/जग्गा ।
५४.	भक्तपुर जिल्ला, कदुञ्जे गा.वि.स. वडा नं. ३ (हाल सूर्यविनायक न.पा. वडा नं. ५) स्थित कित्ता नं. ११६३ र ११७७ को क्षेत्रफल क्रमश: २५४.३२ र ३२५.८५ (व.मि) को जग्गा ।
५५.	रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स. वडा नं. २ क (हाल तिलोत्तमा न.पा. वडा नं. ४) स्थित कित्ता नं. ४०२४ र ४०३० को क्षेत्रफल क्रमश: ०-०-५-० र ०-०-५-० को घरजग्गा ।
५६.	सिरहा जिल्ला, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ९ (हाल विष्णुपुर गा.पा. वडा नं. १) स्थित कित्ता नं. १०८९, १०९०, १०९१ र १०९२ को क्षेत्रफल क्रमश ०-०-१२.५, ०-०-१२.५, ०-०-२.२५ र ०-०-२.२५ (विगाह) को घरजग्गा ।
५७.	कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. १२ च स्थित कित्ता नं. १४६ को क्षेत्रफल ०-१८-१५-० (विगाह) को जग्गा ।
५८.	चितवन जिल्ला, गुन्जनगार गा.वि.स. वडा नं. ८ (हाल भरतपुर म.न.पा. वडा नं. १७) स्थित कित्ता नं. ३३१ र ३३८ को क्षेत्रफल क्रमश: ३३८.६३ र ५०७.९४ (व.मि) को जग्गा ।
५९.	चितवन जिल्ला, गुन्जनगार गा.वि.स. वडा नं. ८ ग (हाल भरतपुर म.न.पा. वडा नं. १७) स्थित कित्ता नं. ३५६ को क्षेत्रफल २७०.४७ (व.मि) को जग्गा ।
६०.	तनहुँ जिल्ला, ढोरफिर्दी गा.वि.स. वडा नं. ७ क स्थित कित्ता नं. ३३८ को १-११-१-१ (रोपनी) को घरजग्गा ।
६१.	सिरहा जिल्ला, कर्जन्हा गा.वि.स. वडा नं. ९/क (हाल कर्जन्हा न.पा. वडा नं. ११) स्थित कित्ता नं. ५४० को ०-०-१०-० (विगाह) को घर जग्गा ।
६२.	मकवानपुर जिल्ला, रातोमाटे गा.वि.स. वडा नं. ३ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १५) स्थित कित्ता नं. २६४३ को क्षेत्रफल ०-१-०-० (विगाह) को घरजग्गा ।
६३.	सर्लाही जिल्ला, सिसौटिया गा.वि.स. वडा नं. ५ (हाल गोडैता गा.वि.स. वडा नं. १०) स्थित कित्ता नं. ६८ को क्षेत्रफल ०-४-४-० (विगाह) को घर/जग्गा ।
६४.	सिरहा जिल्ला, चन्द्रलालपुर गा.वि.स. वडा नं. १ (हाल गोलबजार न.पा. वडा नं. ८) स्थित कित्ता नं. ७७२ र ३१२० क्षेत्रफल क्रमश: ४२.३३ र २११.६३ (व.मि) को घरजग्गा ।
६५.	सिन्धुली जिल्ला, महेन्द्र सदाभिर गा.वि.स./उ.म.न.पा. वडा नं. ५ क (हाल दुधौली न.पा. वडा नं. ९) स्थित कित्ता नं. ८५ र ८६ को क्षेत्रफल क्रमश: ०-५-१४-० र ०-६-६-२ (विगाह) को जग्गा ।
६६.	सिन्धुली जिल्ला, महेन्द्र सदाभिर गा.वि.स./उ.म.न.पा. वडा नं. ४ ख (हाल दुधौली न.पा. वडा नं. ९) स्थित कित्ता नं. १२४० को क्षेत्रफल ०-१८-३-० (विगाह) को जग्गा ।
६७.	धनुषा जिल्ला, सखुवा गा.वि.स. वडा नं. ६ घ (हाल क्षीरेश्वरनाथ न.पा. वडा नं. ६) स्थित कित्ता नं. १००५ को क्षेत्रफल ०-०-१४-८ (विगाह) को घरजग्गा ।
६८.	धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ५७९ को क्षेत्रफल १-०-०-० (विगाहा) को जग्गा ।
६९.	धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. २/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ९८७ को क्षेत्रफल ०-११-० (विगाहा) को जग्गा ।
७०.	धनुषा जिल्ला, धनूषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ५८१ को क्षेत्रफल ०-९-२-१२ (विगाहा) को जग्गा ।
७१.	धनुषा जिल्ला, धनूषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ५८२ को क्षेत्रफल ०-७-९-० (विगाहा) को जग्गा ।
७२.	धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. १ (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ७०० को क्षेत्रफल ०-०-१५-८ (विगाहा) को जग्गा ।
७३.	बारा जिल्ला, अमरपट्टी गा.वि.स. वडा नं. ३८२ को क्षेत्रफल ०-२-०-० (विगाह) को जग्गा ।
७४.	बारा जिल्ला, तेलकंवा गा.वि.स. वडा नं. १ (हाल महागढीमाई न.पा. वडा नं. ७) स्थित कित्ता नं. ३२४ को क्षेत्रफल ०-४-१५-० (विगाहा) को जग्गा ।
७५.	कास्की जिल्ला, हेम्जा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ५३१६ र ५७८८ को क्षेत्रफल क्रमश: ०-३-१-३ र ०-२-२-० (रोपनी) को जग्गा ।
७६.	पर्सा जिल्ला, सिसिर्या ख.टो. गा.वि.स. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. २५) स्थित कित्ता नं. १०६ र ६७२ को क्षेत्रफल क्रमश: ३२५.०० र ४६.६६ (व.मि) को जग्गा ।
७७.	तनहुँ जिल्ला, दोरदोर गा.वि.स. वडा नं. ५ (हाल भानु न.पा. वडा नं. १) स्थित कित्ता नं. १४४२ को क्षेत्रफल ५३४.५७ (व.मि) को घरजग्गा ।
७८.	सुनसरी जिल्ला, हांसपोसा गा.वि.स. वडा नं. २ क स्थित कित्ता नं. ३६८१ को क्षेत्रफल ०-०-१०.५०-० (विगाह) को घरजग्गा ।
७९.	सर्लाही जिल्ला, कार्तोली गा.वि.स. वडा नं. १ घ (हाल हरिवन न.पा. वडा नं. ४) स्थित कित्ता नं. ७८ को क्षेत्रफल ०-५-० (विगाहा) को जग्गा ।
८०.	रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. १ (हाल बौधीमाई न.पा. वडा नं. ९) स्थित कित्ता नं. ६४५ र ६४७ को क्षेत्रफल क्रमश: ०-१-१५-० र ०-०-५-० (विगाह) को जग्गा ।
८१.	बैतडी जिल्ला, पाटन गा.वि.स. वडा नं. ९ (हाल पाटन न.पा. वडा नं. ९) स्थित कित्ता नं. ७१ को क्षेत्रफल ०-३-३-० (रोपनी) को घरजग्गा ।
८२.	रौतहट जिल्ला, देवाही गा.वि.स. वडा नं. १ (हाल देवाही गोनाही न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७१४ को क्षेत्रफल ०-१-०-० (विगाह) को जग्गा ।
८३.	रौतहट जिल्ला, देवाही गा.वि.स. वडा नं. २ (हाल देवाही गोनाही न.पा. वडा नं. ३) स्थित कित्ता नं. ७६४ को क्षेत्रफल ०-०-७-८ (विगाह) को घरजग्गा ।
८४.	मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ०६ (हेटौंडा उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं. ४०१ को क्षेत्रफल ०-८-५-० (विगाह) को जग्गा ।
८५.	मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ०८ (हेटौंडा उ.म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. १९९५ को क्षेत्रफल ०-३-०-० (विगाह) को जग्गा ।
८६.	मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ०६ (हेटौंडा उ.म.न.पा. वडा नं. १३) स्थित कित्ता नं.८२५ को क्षेत्रफल ०-३-९.५-० (विगाह) को घरजग्गा ।
८७.	नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. १ क स्थित कित्ता नं. १६२७ को क्षेत्रफल ०-१६-१७.५-० (विगाह) को जग्गा ।
८८.	नवलपरासी जिल्ला, रजहर गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ६५३ को क्षेत्रफल ०-५-०-० (विगाह) को जग्गा ।
८९.	बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ (हाल सिमरा जितपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. २०५३ र २०५४ को क्षेत्रफल क्रमश: ०-०-६-० र ०-०-७-० (विगाह) को जग्गा ।
९०.	भक्तपुर जिल्ला, ताथली गा.वि.स. वडा नं. ४ क (हाल चाँगुनारायण न.पा. वडा नं. ९) स्थित कित्ता नं. २२७ को क्षेत्रफल १-२-३-० (रोपनी) को जग्गा ।

'सिटिजन्स सदाबहार योजना'मा शुक्रबारसम्म आवेदन दिन सकिने



काठमाडौं/ १३ असारदेखि सार्वजनिक निष्कासन भएको 'सिटिजन्स सदाबहार योजना'को एकाइ बिक्री भइरहेको छ। यसमा लगानीकर्ताले शुक्रबार (२७ असार) साँझ ५ बजेसम्म मात्रै आवेदन दिन पाउनेछन्। सिडिएस एन्ड क्लियरिङका अनुसार सोमबार साँझसम्म ५५ हजार पाँच सय आवेदकले तीन करोड ७३ लाख ४३ हजार एक सय एकाइका लागि आवेदन दिएका छन्।

योजनाको प्रतिइकाइ १० रुपैयाँका दरले पाँच करोड एकाइ बिक्रीमा आएको छ। कुल पाँच करोड एकाइमध्ये ७५ लाख एकाइ वा कुल बिक्री भएको एकाइ संख्याको कम्तीमा १५ प्रतिशत एकाइ सिटिजन्स बैंकलाई सुरक्षित गरी बाँकी चार करोड २५ लाख एकाइ सार्वजनिक निष्कासनमा आएको हो। लगानीकर्ताले न्यूनतम १०० र अधिकतम ५० लाख एकाइको माग गरी आवेदन दिन सक्नेछन्। खरिदकर्ताले मेरो सेयर खाता वा सीआस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरू र तिनका तोकिएका शाखा कार्यालयबाट समेत आवेदन दिन सक्नेछन्।

साथै, यस योजनाको प्रथम चरणमा निष्कासित एकाइ बाँडफाँटपश्चात् एसआइपीमार्फत थप एकाइ निष्कासन गरिने पनि बताइएको छ। सिटिजन्स म्युचुअल फन्ड-१ को अवधिभरमा पुँजीगत लाभ तथा विगतका आर्थिक वर्षमा वितरण गरिएको प्रतिफलसमेत प्रतिएकाइ लगानीको औसत वार्षिक प्रतिफल १२ प्रतिशत रहेको छ। सिटिजन्स म्युचुअल फन्डअन्तर्गत सञ्चालित यस खुलामुखी योजनाको कोष प्रवर्द्धक सिटिजन्स बैंक इन्टरनेसनल र योजना व्यवस्थापक तथा डिपोजिटरी सिटिजन्स क्यापिटल रहेको छ।

प्रभुका सञ्चालक समिति अध्यक्ष कार्कीले लिए शपथ



काठमाडौं/ प्रभु बैंकका सञ्चालक अध्यक्ष अध्यक्ष किशोरजंग कार्कीले पद तथा गोपनीयताको शपथ लिएका छन्। कार्कीले सोमबार नेपाल राष्ट्र बैंकका डा. गभर्नर विश्वनाथ पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिएर औपचारिक रूपमा कार्यभार सम्हालेका छन्।

शपथग्रहण कार्यक्रममा राष्ट्र बैंकका डेपुटी गभर्नर नीलम ढुंगाना, बमबहादुर मिश्र, बैंक सुपरिवेक्षण विभागका प्रमुख दीर्घ रावल, प्रभु बैंकका सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतलगायतको उपस्थिति थियो। कार्कीलाई १९ असारमा बसेको बैंकको ३८० औं सञ्चालक समितिको बैठकले अध्यक्ष नियुक्त गरेको थियो।

सिद्धार्थका ग्राहकलाई बबरमहल भिलासमा १० प्रतिशतसम्म छुट

काठमाडौं/ सिद्धार्थ बैंक र बबरमहल भिलासबिच बैंकका ग्राहकलाई विभिन्न सेवामा छुट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ। सम्झौताअनुसार बबरमहलस्थित बबरमहल भिलासमा बैंकको कार्ड तथा मोबाइल बैंकिङ सेवाबाट भुक्तानी गर्दा फुड, बेभरेज एन्ड स्पालगायतका सेवा १० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नेछन्। यस सम्झौताले ग्राहकलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ।

हाइलाइफको बासमती चामल बजारमा



काठमाडौं/ हाइलाइफ फुड्स नयाँ उत्पादनका रूपमा चामल व्यवसायमा प्रवेश गरेको छ। हाइलाइफले एक्स्ट्रा लङग्रेन बासमती चामल, पुलाउ बासमती चामल र 'जिआई राइस' बजारमा ल्याएको हो।

नेपाली उपभोक्ताको स्वाद, पोषण र विश्वासलाई ध्यान दिँदै हाइलाइफ फुड्सले नयाँ प्रडक्टका रूपमा प्रिमियम बासमती चामल बजारमा ल्याएको हो। 'जिआई राइस' डायबिटिज बिरामीका लागि उपयुक्त हुनेछ। प्रत्येक नेपाली परिवारलाई गुणस्तरीय, पौष्टिक र सुलभ खाद्यान्न उपलब्ध गराई स्वस्थ जीवनशैलीलाई प्रवर्द्धन गने उद्देश्यमा कम्पनी प्रतिबद्ध रहेको हाइलाइफ फुड्सका प्रबन्ध निर्देशक पंकज ज्ञवालीले बताए। हाइलाइफ प्रिमियम बासमती चामल स्वादिलो हुनुका साथै स्वास्थ्यवर्द्धकसमेत रहेको उनको दाबी छ।

प्रभु बैंक लिमिटेड मुख्य शाखा कार्यालय बबरमहल, काठमाण्डौका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८२/०३/२४ गते मंगलबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अत: यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न सम्वन्धित ऋणी तथा जमानतकर्तालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। अत: यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मिति सम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाईं ऋणी, जमानतकर्ता लगायत लाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईन सकिने, कर्जाको सुरक्षणवापत धितो रहेको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै सम्पत्ति लगायत जमानतकर्ता समेतको सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा तहाँ ऋणी तथा जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं। आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा तथा बैंकको उल्लेखित काम कारवाहीबाट तपाईं उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फछ्र्यौट गर्नु हुने अपेक्षा गरिएको छ।

तपसिल

ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणी: प्रदेश सरकार, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमति प्रदेश, त्रिपुरेश्वर काठमाडौंमा, औद्योगिक व्यवसाय ऐन, २०७३ अन्तर्गत २०७६/०९/०८ गते प्रा.फ. दर्ता नं. ९२१९ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय पुतलीसडकबाट मिति २०७६/०९/१० मा करदाताको नाम सृजना पण्डित कारोवारको नाम ॐ सत्य साई मोटरसाइकल डेन्टपेन्ट एण्ड रिपिएरिङ्ग सेन्टर भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१२७२३६०१ को प्रमाणपत्र प्राप्त **ॐ सत्य साई मोटरसाइकल डेन्टपेन्ट एण्ड रिपिएरिङ्ग सेन्टर**। फर्मको ठेगाना : काठमाण्डौ जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २९, अनामनगर।

प्रोप्राईटर तथा जमानतकर्ता : सृजना पण्डित	**जमानतकर्ता : निर्मल पण्डित**
(ना.प्र.नं. ११३७८२, जारी मिति २०६३/०९/२४, जारी गर्ने कार्यालय जि.प्र.का. नुवाकोट)। ठेगाना : नुवाकोट जिल्ला, पञ्चकन्या गा.पा. वडा नं. ४ (साविक थंप्रेक गा.वि.स. वडा नं. ५)। बाबु : रमेश बहादुर कुइकेल। पति/ससुरा : निर्मल पण्डित/डोल बहादुर पण्डित।	(ना.प्र.नं. ५२८७०, जारी मिति २०५४/०९/२०, प्रतिलिपि जारी मिति २०६६/०७/२०, जारी गर्ने कार्यालय जि.प्र.का. नुवाकोट)। ठेगाना : नुवाकोट जिल्ला, पञ्चकन्या गा.पा. वडा नं. ४ (साविक थंप्रेक गा.वि.स. वडा नं. ५)। बाबु : डोल बहादुर पण्डित। बाजे : चन्द्र बहादुर पण्डित।

ऋणी ॐ सत्य साई मोटरसाइकल डेन्टपेन्ट एण्ड रिपिएरिङ्ग सेन्टरको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण १

पुनश्च : उपरोक्त कर्जामा तहाँले व्यक्तिगत जमानी दिनुभएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्न/गराउन लगाउन हुन जानकारी गराउदछौ। अन्यथा, कर्जा चुक्ता/नियमित नभएको अवस्थामा सूचना प्रकाशित भएको मितिले ९० दिन पश्चात् तहाँ जमानतकर्तालाई नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा सूचिकृत गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

prabhu Bank
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

क्र.सं.	गैर बैकिङ्ग सम्पतिको विवरण
९१.	काठमाण्डौ जिल्ला, काभ्रेस्थली गा.वि.स. वडा नं. ७ क (हाल तारकेश्वर न.पा. वडा नं. २) स्थित कित्ता नं. ६३७ को क्षेत्रफल १-६-२-२ (रोपनी) को जग्गा ।
९२.	रौतहट जिल्ला, लक्ष्मीनिया गा.वि.स. वडा नं. २/ख (हाल फतुवा विजयपुर न.पा. वडा नं. ८) स्थित कित्ता नं. ४६ को क्षेत्रफल २३७०.४८ (व.मि) को जग्गा ।
९३.	पर्सा जिल्ला, बहुअर्वा भाठा गा.वि.स. वडा नं. २ ग (हाल विन्दवासिनी गा.पा. वडा नं. २) स्थित कित्ता नं. ७३७ को क्षेत्रफल ०-०-१७-४ (विगाह) को घरजग्गा ।
९४.	सिरहा जिल्ला, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ६/ख (हाल विष्णुपुर गा.पा. वडा नं. १) स्थित कित्ता नं. ४०४६ को क्षेत्रफल ०-०-८-० (विगाह) को घरजग्गा ।
९५.	सिरहा जिल्ला, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ६/ख (हाल विष्णुपुर गा.पा. वडा नं. १) स्थित कित्ता नं. ३१९ र ३०३८ को क्रमश: ०-१-९-० र ०-०-८१/४-० (विगाह) को घर/जग्गा ।
९६.	चितवन जिल्ला, श्रिपुर गा.वि.स. वडा नं. ९ (हाल भरतपुर म.न.पा. वडा नं. ५) स्थित कित्ता नं. १२२९ को क्षेत्रफल १६९३.१६ (व.मि) को जग्गा ।
९७.	चितवन जिल्ला, पटिहानी गा.वि.स. वडा नं. २ ग स्थित कित्ता नं. २०४० को क्षेत्रफल ६४०.६७ (व.मि) को घरजग्गा ।
९८.	धनुषा जिल्ला, तेजनगार गा.वि.स. वडा नं. १ क (हाल धनुषाधाम न.पा. वडा नं. ३) स्थित कित्ता नं. ३८४०, ३८४१, ३८४२, ४०४७, १३३९, ६५२ र ३३६० को क्षेत्रफल क्रमश: ०-०-४-६.५, ०-०-१८-९.५, ०-०-१२-०, ०-०-१८-०, ०-०-१३-९, ०-०-११-८ र ०-०-३-० (विगाह) को घर/जग्गा ।
९९.	धनुषा जिल्ला, तेजनगार गा.वि.स. वडा नं. १ क (हाल धनुषाधाम न.पा. वडा नं. ३) स्थित कित्ता नं. १३१५ को क्षेत्रफल ०-०-८-० (विगाह) को घरजग्गा ।
१००.	रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. १ (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ८८३७ को क्षेत्रफल ०-०-१०-० (विगाह) को जग्गा ।
१०१.	रौतहट जिल्ला, चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. १ (हाल चन्द्रपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. ५३२९ को क्षेत्रफल ०-०-७१/४-० को घरजग्गा ।
१०२.	रौतहट जिल्ला, कनकपुर गा.वि.स. वडा नं. १ (हाल गुजरा न.पा. वडा नं. ५) स्थित कित्ता नं. १११७ र १११९ को क्षेत्रफल क्रमश: ०-१-०-० र ०-२-०-० (विगाह) को घरजग्गा ।
१०३.	तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. ४ ग (हाल बन्दिपुर न.पा. वडा नं. ४) स्थित कित्ता नं. २७६ को क्षेत्रफल ०-४-१-२ (रोपनी) को घरजग्गा ।
१०४.	तनहुँ जिल्ला, बन्दिपुर गा.वि.स. वडा नं. १ क स्थित कित्ता नं. १९१२ को क्षेत्रफल ०-७-०-० (रोपनी) को जग्गा ।
१०५.	तनहुँ जिल्ला, साभुङ भगवतीपुर गा.वि.स. वडा नं. ४ क स्थित कित्ता नं. ८१६, ८७०, ८२०, ८४३ र ८२३ को क्षेत्रफल क्रमश: ३९७.४५, १५३.०२, २७०.२७, १८६.८० र ६९७.५३ (व.मी) को जग्गा ।
१०६.	कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. ७ स्थित कित्ता नं. २०३, ३६ र १७५ को क्षेत्रफल क्रमश: १११६.७४, २६८० र २६८० (व.मी) को जग्गा ।
१०७.	नवलपरासी जिल्ला, स्वाठी गा.वि.स. वडा नं. ८/क (हाल सुनवल न.पा. वडा नं. ९) स्थित ६२३ र ६२४ को क्षेत्रफल क्रमश: २३९.१२ र १३५.४३ (व.मी) को घरजग्गा ।
१०८.	झापा जिल्ला, बाहुनडांगी गा.वि.स. वडा नं. ६ (हाल मेचीनगर न.पा. वडा नं. ४) स्थित कित्ता नं. २६२ को क्षेत्रफल ०-४-०-० (विगाह) को जग्गा ।
१०९.	सर्लाही जिल्ला, पत्थरकोट गा.वि.स. वडा नं. ९ ख स्थित कित्ता नं. ४४५८ र ३५२० को क्षेत्रफल क्रमश: ०-०-१-५ र ०-०-५-० (विगाह) को घरजग्गा ।

लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
३. बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
४. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
५. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७७
मंगलबार २४ असार ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ बेहाल जुम्लाको खेलकुद

भद्रगोल समिति, न खेलाडी न प्रशिक्षक

आठै स्थानीय तहले खेल क्षेत्रलाई उपेक्षा गरेपछि जुम्लामा पूर्वाधार निर्माणदेखि प्रतियोगिता हुन छाडे

■ आगामी आर्थिक वर्ष ०८२/८३ का लागि आठ पालिकाले तीन अर्ब ३२ करोडको बजेट ल्याउँदा कुनै पनि पालिकाले खेलकुदमा राखेनन् बजेट

जुम्लामा **मानदत्त रावल**

जुम्ला जिल्ला खेलकुद विकास समिति लामो समयदेखि भद्रगोल अवस्थामा चलिरहेको छ। यहाँ न प्रशिक्षक नकि खेलाडी नै छन्। जिल्लामा छिटपुट खेलकुदका कार्यक्रम हुने गरेको छ। तर, एक वर्षयता जिल्लामा एक वा दुईपटक फुटबलबाहेक अन्य खेल हुने गरेका छैनन्। करौंतेका प्रशिक्षक खड्क मल्लबाहेक अन्य विधाका प्रशिक्षक समितिमा छैनन्। अझ मल्लसँग एकजना खेलाडीसमेत छैन। करौंतेका खेलाडी नहुँदा उनी अहिले ब्याडमिन्टन खेलाडी बनेका छन्। एथलेटिक्सका प्रशिक्षक हरिबहादुर रोकाया र भलिबलका बरमबहादुर महत उमेरहदले निवृत्त भइसकेका छन्। जसका कारण अहिले समितिमा मल्लबाहेक अन्य प्रशिक्षक नभएका हुन्।

हरेक वर्ष स्थानीय तहको राष्ट्रपति रनिङसिल्ड गर्नुपर्ने हो। यो वर्ष हिमा गाउँपालिकाबाहेक अन्य कुनै पनि पालिकाले प्रतियोगिता आयोजना गर्न सकेनन्। स्रोत-साधन र बजेटका कारण अन्य पालिकाले जिल्लास्तरीय राष्ट्रपति खेलकुद प्रतियोगितासमेत आयोजना गर्न सकेनन्। गत वर्ष तातोपानी गाउँपालिकाले जिल्लास्तरीय राष्ट्रपति खेलकुद प्रतियोगिता गरेको थियो। नियमित रूपमा प्रतियोगिता सञ्चालन नहुँदा खेलाडी हराउँदै गएका छन्। कर्णाली प्रदेश सरकारले अध्यक्षमा धनकृष्ण पाण्डे र संगीता आचार्यलाई सदस्यसचिवसहित जिल्ला खेलकुद विकास समितिको जिम्मेवार दिइएको थियो। उनीहरूको कार्यकालमा विवादबाहेक अरू केही उपलब्धि भएन। समितिका पदाधिकारी र संघका कर्मचारीबिच सहकार्य हुन नसकेपछि पाण्डे र आचार्यका कार्यकाल विवादित बन्यो।

खेलकुद क्षेत्रमा बजेट अभावका कारण जुम्लामा पूर्वाधार निर्माणदेखि प्रतियोगिता हुन छाडेका छन्। जुम्लाका आठै स्थानीय तहले खेल क्षेत्रलाई उपेक्षा गरेपछि गतिविधि शून्यजस्तै छ। स्थानीय तहले आगामी आर्थिक वर्ष ०८२/८३ का लागि जुम्लाका आठ पालिकाले तीन अर्ब ३२ करोडको बजेट ल्याउँदा कुनै पनि पालिकाले खेलकुदमा बजेट राखेका छैनन्। स्थानीय तहको उपेक्षाले पनि यहाँको खेलक्षेत्र सुस्ताउँदै मुख्य कारण मानिएको छ।

खेलक्षेत्रलाई चलायमान बनाउन 'वार्षिक खेलकुद क्यालेन्डर' बनाउने कार्य भइरहेको जिल्ला खेलकुद विकास समिति जुम्लाका प्रमुख कविदत्त न्यौपानेले बताए। 'लामो समयदेखि खेलक्षेत्रमा काम गरेका व्यक्तिको सुझाव सल्लाह लिएर वार्षिक क्यालेन्डर बनाएर काम गर्नेछौं,' न्यौपानेले भने, 'जिल्लामा अलपत्र अवस्थामा रहेको संरचना निर्माण गर्न समन्वय सहकार्य गर्नेदेखि बजेट विनियोजनका लागि पहल भइरहेको छ।'



समुद्री सतहदेखि दुई हजार आठ सय ५० मिटर उचाइमा रहेको जुम्लाको पातारासी गाउँपालिका- ३ लोडचौरस्थित अलपत्र अवस्थामा रहेको हाई अल्टिच्युड रंगशाला। निर्माण थालिएको सात वर्षभन्दा बढी समय बिति सक्दा पनि पूर्णता पाउन सकेको छैन।

खेलाडीसँग चना-अन्डा खानेसम्म बजेट छैन



● **हरिबहादुर रोकाय**
कीर्तिमानी धावक

जिल्लामा खेलकुद पूर्वाधार छैनन्। नियमित प्रतियोगिता पनि हुँदैनन्। खेलाडीहरूको नियमित अभ्यास गर्ने ठाउँको अभाव उस्तै छ। निर्माण हुन लागेका संरचना अलपत्र छन्। खेलाडीसँग सामान्य चना-अन्डा खानेसम्म बजेट छैन। कसरी खेलक्षेत्रको विकास हुन्छ। अब सरोकारवाला गम्भीर हुनैपर्छ। बजेट अभावले सम्भावना बोकेका खेल ओझेलमा पर्दै गएको छ।

स्थानीय तहको नजरमा नपरेको खेल

जिल्ला खेलकुद विकास समितिका पूर्वअध्यक्ष पाण्डेले संघ प्रदेशले बजेट समावेश नगर्ने र स्थानीय तहले खेल क्षेत्रलाई प्राथमिकतामै नराख्ने प्रवृत्तिले जुम्लाको खेलक्षेत्र सुस्ताउँदै गएको बताए। उनले बजेटकै कारण आफ्नो कार्यकालमा अपेक्षाकृत काम हुन नसकेको स्विकारेका छन्। तर, जिल्लामा पर्याप्त स्रोत नभए पनि संघ प्रदेशमा गुहारेर पनि आगामी भदौमा जुम्लामा राष्ट्रियस्तरको प्रतियोगिता गराउने तयारी भइरहेको कार्यालय प्रमुख न्यौपानेले बताए। खेल क्षेत्रमा स्थानीय तहलाई जिम्मेवार र जवाफदेही बनाउन युवा जनशक्ति सक्रिय हुनुपर्ने उनले जनाए। जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले करोडौं बजेट ल्याउने स्थानीय तहले खेलक्षेत्रलाई निकै उपेक्षा गरेको बताए। 'जुम्लाका आठ पालिकाले करोडौंको बजेट ल्याउँदै गर्दा थोरै भए पनि खेलक्षेत्रको विकास र खेलाडीको प्रोत्साहनमा बजेट छुटाउनुपर्थ्यो, तर कसैले चासो देखाएको पाइँदैन,' आचार्यले भने 'खेलकुद क्यालेन्डर बनाउने प्रशंसनीय छ। अब नियमित खेल आयोजना गर्न सबै जुट्नुपर्छ।'

खेलक्षेत्रको अवस्था दयनीय

धावक तथा प्रशिक्षक रोकायाले आफूले खाली खुट्टा अभ्यास गरेर विश्वकीर्तिमान राखेको सम्झँदै देश संघीयतामा गइसक्दा पनि खेलक्षेत्रको अवस्था दयनीय रहेको दुःखेसो पोखेका छन्। 'जिल्लामा खेलकुद पूर्वाधार पनि छैनन्। नियमित प्रतियोगिता पनि हुँदैनन्। नियमित अभ्यास गर्ने ठाउँको अभाव उस्तै छ,' दुःखेसो पोख्दै रोकायले भने, 'निर्माण हुन लागेका संरचना अलपत्र छन्। खेलाडीसँग सामान्य चनावटा अन्डा खानेसम्म बजेट छैन। कसरी खेलक्षेत्रको विकास हुन्छ। अब सरोकारवालाहरू गम्भीर हुनैपर्छ।' बजेट अभावले सम्भावना बोकेका खेल ओझेलमा पर्दै गएको उनले जनाए। सबैको समन्वय र सहकार्यमा जुम्लालाई खेलकुदको हब बनाउन सकिने सम्भावना रहेको कार्यालय प्रमुख न्यौपानेले बताए। 'पूर्वाधार विकास करोडौं खर्चिने पालिकाले लाखमा मात्रै खेलकुद क्षेत्रमा खर्चिए पनि जुम्ला खेलकुदमय बन्छ, तर धेरैले चासो दिएका छैनन्,' उनले भने, 'स्रोत नभए पनि खेलक्षेत्रलाई चलायमान बनाउन लागिपर्ने अठोट लिएको छु।' बजेट अभावकै कारण खेलकुद विकास समितिकै आडमा निर्माण भइरहेको भलिबल प्यारापिट अलपत्र परेको छ। पातारासीमा जग्गा विवादले करोडौं खर्च भइसकेको हाई अल्टिच्युड ट्रेनिङ सेन्टर अस्तव्यस्त छ। प्रतियोगिता गर्नका लागि मैदानसमेत छैन।

■ कप्तान सावित्रा भण्डारी भन्छिन्-

महिला फुटबलमा विवाद नआओस्

नयाँ पत्रिका

नेपाली महिला फुटबल टोलीकी कप्तान सावित्रा भण्डारीले आगामी दिनमा महिला फुटबलमा कुनै किसिमको विवाद आउन नहुने बताएकी छिन्। एएफसी महिला एसियन कप छनोट खेलेर सोमबार नेपाल फर्केपछि सोमबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सावित्राले उज्वेकिस्तानमा एकजुट भएर खेल्दा नतिजा आएको बताइन्। 'यो हाम्रो टोलीभित्रको कुरा हो। संगठित भएर खेलेका कारण नै हामीले सोचेभन्दा राम्रो नतिजा निकालेका हौं,' उनले भनिन्, मलाई लाग्छ सामान्य विषयलाई लिएर भविष्यमा यस्तो खालको विवाद नहोस्।'

एसिया कप छनोट खेल्न उज्वेकिस्तान प्रस्थान गर्नुअघि अखिल नेपाल फुटबल संघ (एन्फा)ले कप्तानविना नै टोलीको बिदाइ गरेको थियो। अन्तर्राष्ट्रिय नियमअनुसार प्रतियोगितामा सहभागी हुनुअगावै कप्तान र उपकप्तान घोषणा गर्ने चलन छ। तर, एन्फाले पहिलोपटक कप्तान चयन नगरी महिला टोलीलाई सहभागी गराउन पठाइयो।

महिला राष्ट्रिय टोलीमा नयाँ कप्तान चयन हुने अनुमान थियो। लाओससँगको प्रतिस्पर्धा गर्नुअघि रेनुका नगरकोटेलाई कप्तानी जिम्मेवारी दिइएको थियो। तर, मैदानमा उत्रँदा नेपाली टोलीको कप्तानी जिम्मेवारी सावित्राको काँधमा पुगेको थियो। कप्तान चयन गर्ने क्रममा टिम अफिसियल तथा मुख्य प्रशिक्षक विल्डबिच विवाद भएको थियो। सावित्राले पनि टोलीको व्यवस्थापन र प्रशिक्षकबिच देखिएको विवादको प्रसंग उठाएकी हुन्। उनले मैदानबाहिर बस्ने सबै खेलाडी कप्तान नै भएको जिकिर गरेकी छिन्। 'बाहिर बसेर फुटबल हेर्ने उहाँहरू पनि हाम्रा लागि कप्तान बराबर हुनुहुन्छ। टोलीमा स्थान बनाउने सबै खेलाडी कप्तानसरह नै हुनुहुन्छ,' उनले थपिन्।



कप्तानीको जिम्मेवारी चुनौतीपूर्ण

समूह 'एफ'को छनोट प्रतियोगितामा तीन खेलमा उनले नौ गोल गरिन्। जसमध्ये उज्वेकिस्तानसँगको निर्णायक खेलमा उनले ह्याट्रिक गर्दा ३-३ को बराबरी भएको थियो। टाइब्रेकरमा उज्वेकिस्तानसँग स्तब्ध हुँदा अर्को वर्ष अस्ट्रेलियाले आयोजना गर्ने एसिया कपमा नेपाल छनोट हुन असफल भयो। कप्तानीको भूमिका पाउँदा सुरुमा केही चुनौती भएको उनले बताइन्। 'सुरुमा चुनौतीसँगै थोरै विवाद आइरहेको थियो। जसका कारण म तीनवटै खेल हुनुअघिको राति राम्रोसँग निदाउन पाइनँ,' उनले भनिन्, 'त्यो एक किसिमको छुट्टै दबाब थियो।'

निरन्तर एक दशक बढी राष्ट्रिय टोलीबाट खेलिरहँदा महत्वपूर्ण जिम्मेवार पाउँदा खुसी भएको सावित्राको भनाई छ। 'एउटा जिम्मेवारी पाउँदा खुशी भएकी थिएँ, मैले देखाउनुपर्ने छुट्टै किसिमको एउटा भूमिका थियो। त्यसले अलि प्रेसरमा पनि थियो,' उनले भनिन्। छनोट खेलमा नेपालले लाओसलाई ९-० तथा श्रीलंकालाई ८-० ले हराएको थियो।

खेलाडीले एक्सपोजरको अनुभव लिए

एसिया कप छनोटले खेलाडीले माथिल्लो लेभलमा एक्सपोजर पाएको सावित्राले बताइन्। 'समग्रमा हामीले माथिलो लेभलको टिमसँग खेल्न पायौं। धेरै कुरा सिक्ने अवसर पनि मिल्यो,' उनले भनिन्, 'हामीले पाएको अवसरलाई सदुपयोग गर्‍यौं।' यसैगरी, प्रोलाइसेन्सप्राप्त विदेशी प्रशिक्षकसँग खेल्दा रमाइलो लागेको उनको अनुभव छ। 'तीन हप्ताको प्रशिक्षणले यो नतिजा आउँछ। हामीले आक्रामक फुटबल खेल्नुपर्छ। यसले जस्तोसुकै टोलीलाई चुनौती दिन मानसिकता विकास भएको छ।' एन्फाले राम्रो तरिकाले संरक्षण गरेर योजना बनाउँदा नेपाली महिला फुटबलको भविष्य अझै राम्रो हुने उनले बताइन्।

राष्ट्रपति पौडेलद्वारा च्याम्पियन खेलाडी सम्मानित



नयाँ पत्रिका

राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार एसिसी यू-१६ इस्ट जोन क्रिकेट प्रतियोगिताको विजेता नेपाली युवा क्रिकेटरलाई सम्मानित गरेको छ। मुलुकमा बढ्दो क्रिकेट खेलप्रतिको क्रेज र पछिल्लो समय नेपाली खेलाडीहरूले प्राप्त सफलता प्रशंसनीय भएको पौडेलले बताए।

उनले क्रिकेटमा खेलाडीहरूको मिहिनेतका कारण नै नेपालले अन्तर्राष्ट्रिय जगत्मा सफलता प्राप्त गरेको बताए। गत शनिबार मलेसियामा भएको फाइनल खेलमा नेपालले सिंगापुरलाई दुई विकेटले हराउँदै उपाधि रक्षा गरेको थियो।

'प्रतियोगिताको उपाधि जितेर मुलुको प्रतिष्ठा उचो बनाउनुभएको छ। यसले नेपाल र नेपालीको इज्जत र प्रतिष्ठा बढायो,' राष्ट्रपति पौडेलले भने, 'हामीले हाम्रा परम्परागत खेललाई परिष्कृत, विकास र विस्तार गर्दै अन्तर्राष्ट्रिय प्रतियोगितामा समावेश गराउन सकियो भने देशको इज्जत र प्रतिष्ठा बढाउन सकिन्छ।'

खेलाडीलाई बधाई तथा सम्मान गर्दै पौडेलले देशभित्रै खेलकुदका लागि आवश्यक पूर्वाधार बढाउनुपर्ने बताए। 'प्रतियोगिता र प्रशिक्षण बढाएर देश-विदेशमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष खेलाडी उत्पादनमा हामी सबैको ध्यान जान आवश्यक रहेको छ,' उनले भने।

■ जोकोभिकको संघर्षपूर्ण जित



एजेन्सी/ सातपटकको विजेता नोभाक जोकोभिक वर्षको तेस्रो ग्रान्डस्लाम विम्बल्डन टेनिस प्रतियोगिताको क्वार्टरफाइनलमा पुगेका छन्। उनले सोमबार ११औं वरीयताका डे मिनाउरलाई १-६, ६-४, ६-४ र ६-४ ले पाखा लगाउँदै अन्तिम आठको स्थान पक्का गरेका हुन्। चौथो सेटमा उनी १-४ ले पछि थिए। उत्कृष्ट पुनरामगन गर्दै जोकोभिकले ६-४ को बाजी मारे। ३८ वर्षीय खेलाडी जोकोभिकले खेल जित्न तीन घण्टा १८ मिनेट समय लगाए। उनी सर्वाधिक २५ ग्रान्डस्लाम उपाधि जित्ने अभियानमा छन्। रोजर फेडेररले कीर्तिमानी रूपमा सर्वाधिक आठपटक विम्बल्डन जितेका छन्। फेडेररको रेकर्ड बराबरी गर्न जोकोभिक नजिक छन्। अब उनले क्वार्टरफाइनलमा २२औं वरीयताका फलाभियो कोबोलीसँग खेल्नेछन्।

खेल संक्षेप

नेपालले बंगलादेशसँग मैत्रीपूर्ण खेल खेल्ने

काठमाडौं/ नेपालले ६ र ९ सेप्टेम्बरमा दशरथ रंगशालामा बंगलादेशसँग दुई मैत्रीपूर्ण फुटबल खेल खेल्ने भएको छ। फिफाको अन्तर्राष्ट्रिय म्याच विन्डोअन्तर्गत नेपाल र बंगलादेशबिच मैत्रीपूर्ण खेल हुन लागेको छ। यो मैत्रीपूर्ण खेलले नेपालको एसियन कप तयारीअगाडि राम्रो अभ्यास हुने अखिल नेपाल फुटबल संघ (एन्फा)ले जनाएको छ। एसियन कप छनोटको समूह 'एफ'मा नेपाल, मलेसिया, लाओस र भियतनाम छन्। नेपालले मलेसिया र लाओससँग खेल गुमाइसकेको छ। मलेसियासँग २-० र लाओसँग पहिलोपटक २-१ ले नेपाल पराजित भएको थियो। नेपालको आगामी छनोट खेल ९ अक्टोबरमा भियतनामविरुद्ध खेल्नेछ। यो खेल भियतनामकै मैदानमा हुनेछ। अंकतालिकामा नेपाल पुछारमा छ।

क्रिकेटर यादव सम्मानित

काठमाडौं/ मलेसियामा भएको एसिसी यू-१६ इस्ट जोन कप विजेता नेपाली टोलीका सदस्य अभय यादवलाई काठमाडौं क्रिकेट एकेडेमीले सोमबार सम्मान गरेको छ। काठमाडौं क्रिकेट एकेडेमीका निर्देशक जगत टमाटा र सञ्चालक मदन कार्कीले अभयलाई सम्मानित गरेका हुन्। पछिल्लो चार महिनादेखि अभयले एकेडेमीमा नियमित प्रशिक्षण लिइरहेका छन्। उनले फाइनलमा सिंगापुरविरुद्ध तीन विकेट लिँदै प्लेयर अफ द म्याचको उपाधि हात पारेका थिए। सिंगापुरविरुद्ध उनले अविजित १० रन जोडेका थिए। दायाँहाते फास्ट बलरले प्रतियोगितामा पाँच खेलमा उनले १० विकेट लिँदै नेपालबाट दोस्रो सर्वाधिक विकेट लिने बलर बनेका थिए। गत महिना सुर्खेतमा सम्पन्न टिबी शाह मेमोरियल यू-१६ प्रतियोगितामा पनि उनले ७ खेलमा १९ विकेट लिँदै उत्कृष्ट बलरको उपाधि जितेका थिए।

फ्रेन्ड्सको सानदार जित

काठमाडौं/ मन्दीप ढुंगेलको उत्कृष्ट प्रदर्शनमा फ्रेन्ड्स क्लबले एन्फा यू-१६ युथ लिगको आफ्नो पहिलो खेलमा सोमबार साबिक विजेता चर्च ब्वाइज युनाइटेडविरुद्ध ७-० को सानदार जित निकालेको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा फ्रेन्ड्सलाई सानदार जित दिलाउन मन्दीपले एक्लैले पाँच गोल गरेका थिए। उनले खेलको १६औं, २७औं र २८औं मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरेपछि फ्रेन्ड्सले पहिलो हाफमै ४-० को अग्रता लियो। उनले खेलको ५८औं र ८७औं मिनेटमा गोल गरे।

नेपाल स्ट्रिट प्रिमियर लिग हुँदै

काठमाडौं/ डिजिआर स्पोर्टस् एन्ड इभेन्ट म्यानेजमेन्ट प्रालिको आयोजनामा नेपाल टी-१० स्ट्रिट प्रिमियर लिग हुने भएको छ। प्रतियोगिता १५ असोजदेखि २४ असोजसम्म काठमाडौंको तल्लो मूलपानी मैदानमा हुने एनएसपिएलका अध्यक्ष ज्ञानु सिंहले जानकारी दिए। सात टोलीको सहभागिता रहने प्रतियोगितामा २४ खेल हुनेछन्। प्रतियोगितामा एकल राउन्ड रोबिन लिगका आधारमा हुनेछ। लिगको शीर्ष चार टोली सेमिफाइनलमा पुग्नेछन्। प्रतियोगितामा सहभागिताका लागि टिम खरिद गर्नुपर्ने र खेलाडीको अक्सन पनि हुने सिंहले बताए। विजेता टोली २१ लाख र दोस्रो टोलीले ११ लाख रुपैयाँ प्राप्त गर्नेछन्। यसैबिच एनएसपिएलले अभिनेता निखिल उप्रेतीलाई आफ्नो ब्रान्ड एम्बेस्डर बनाएको छ। उप्रेतीले ब्रान्ड एम्बेस्डरका रूपमा एनएसपिएलमा आबद्ध हुन पाउँदा खुसी लागेको बताए।

अफगानिस्तानमा खेलेर सन्न्यास लिने योजनामा रसिद

अफगानिस्तानको सुरक्षा व्यवस्था कमजोर रहेका कारण त्यहाँ अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता आयोजना हुन सकेका छैनन्, तर अलराउन्डर रसिद खानले करिअरकै अन्तिम खेल मातृभूमिमै हुने विश्वास राखेका छन्

एजेन्सी

अलराउन्डर रसिद खानले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यासको घोषणा गर्नुअघि अन्तिमपटक जन्मभूमि अफगानिस्तानमा प्रतिस्पर्धा गर्ने इच्छा राखेका छन्। अफगानिस्तानमा राजनीतिक अस्थिरताका कारण अहिले कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना भएका छैनन्। अफगानिस्तानले आफूले आयोजना गर्ने खेल तटस्थमा भूमिमा खेल्दै आएको छ। घरेलु मैदानमा अन्तर्राष्ट्रिय खेल नहुँदा अफगानी खेलाडीले युएईको मैदान प्रयोग गरिरहेका छन्।

धेरैजसो अन्तर्राष्ट्रिय खेलमा अफगानी खेलाडी युएईमै सहभागी भइरहेका छन्। क्रिकेटबाट बिदा हुनुअघि कप्तीमा एकपटक भए पनि अफगानिस्तानमै खेल्ने मनसाय पूर्वकप्तान खानले देखाएका हुन्। 'मैले अफगानिस्तानको झन्डा फरफराएर सबै पाएँ, मेरो खेलजीवनको अन्तिम इच्छा भनेकै मातृभूमिबाट अन्तिमपटक अन्तर्राष्ट्रिय खेलमा प्रतिस्पर्धा गर्नु हो,' खानले भने, 'योबाहेक अरू केही पनि चाहना र इच्छा छैन।'

अर्को वर्ष वेस्ट इन्डिज र न्युजिल्यान्डले अफगानिस्तानको भ्रमण गर्दै छन्। तर, राजनीतिक अस्थिरता कारण अफगानिस्तानले घरेलु मैदानमा उनीहरूसँग प्रतिस्पर्धा गर्ने सम्भावना निकै कम छ। देशको अवस्था सामान्यतर्फ उन्मुख नहुँदासम्म अफगानिस्तान क्रिकेट बोर्ड (एसिबी)ले न्युजिल्यान्ड र वेस्ट इन्डिजविरुद्धको खेल संयुक्त अरब इमिरेट्समा आयोजना हुने जनाएको छ। 'हामी सबैलाई थाहा छ। देशको राजनीतिक अवस्था राम्रो छैन। यस्तोमा कसरी विदेशी खेलाडीको सुरक्षादेखि अन्य व्यवस्था हामीले गर्न सक्छौं,' एसिबीले जनाएको छ, 'युएईमा गर्नुबाहेक हामीसँग अर्को विकल्प छैन।'

अलराउन्डर खानले भने न्युजिल्यान्ड र वेस्ट इन्डिजसँगको सिरिज आउन एक वर्ष बाँकी रहँदा देशको स्थिति सामान्य हुने आशा व्यक्त गरेका छन्। 'हामीसँग अझै एक वर्षको अवधि छ। यसबिचमा अवस्था राम्रो पनि हुन सक्छ,' उनले भने, 'यस्तो हुँदा क्रिकेट र अफगानिस्तानका लागि शुभ समाचार हुन सक्छ।' दुई वर्षदेखि सुरक्षा व्यवस्था कमजोर रहेको अफगानिस्तानमा अन्तर्राष्ट्रिय खेल नहुन सक्ने पनि उनले खुलाएका छन्।



■ युएई र भारतमा खेल्न बाध्य

अफगानिस्तानमा क्रिकेट आयोजना नभएको वर्षौं भइसकेको छ। सुरुवाती दिनमा अफगानी खेलाडीले युएई, पाकिस्तान र भारतका मैदान प्रयोग गरेका थिए। पाकिस्तानमा पनि राजनीति अवस्था र त्यहाँको सुरक्षा व्यवस्था कमजोर हुँदा अफगानिस्तानले पछिल्लो समयमा युएई र भारतलाई तटस्थ भूमि र घरेलु मैदानका रूपमा प्रयोग गरेको छ। फ्युचर टुर प्रोगाम (एफटिपी)ले अफगानिस्तान सामान्य अवस्थामै रहेको र बाहिर सोचेजस्तो नभएको सन्देश दिन न्युजिल्यान्ड र वेस्ट इन्डिजसँगको सिरिज व्यवस्थापन गरेको हो। सबै सोचेजस्तो हुँदा अफगानिस्तानले आगामी फेब्रुअरीमा न्युजिल्यान्ड र वेस्ट इन्डिजसँग सिरिज खेल्नेछ। 'हामीहरूको योजना पहिलोपटक अफगानिस्तानमा क्रिकेट जगत्कै दुई ठुलो राष्ट्रलाई खेलाउनु हो,' एफटिपीले भनेको छ, 'यो सिरिज ऐतिहासिक हुनेछ। हामीले सरकार र अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलसँग छलफल गरिरहेका छौं।'

■ एसियाकै दोस्रो बलियो राष्ट्र हुने योजना

टेस्ट मान्यताप्राप्त गरेपछि अफगानिस्तानले एकदिवसीय र टी-२० आईमा उत्कृष्ट नतिजा निकालिरहेको छ। विशेषतः टी-२० आईमा अफगानी खेलाडीको प्रदर्शन अब्बल छ। क्रिकेट बोर्डको योनजा नै अफगानिस्तानलाई एसियामा भारतपछि शक्तिशाली राष्ट्र बनाउने हो। सन् २०२४ को टी-२० विश्वकपको समूह चरणमा अफगानिस्तानले सनसनी मचाउँदै अस्ट्रेलियालाई हराएको थियो। त्यसवेला रसिद खानले आफूहरूको क्रिकेट इतिहासमै ठुलो नतिजा हात पारेको बताएका छन्। 'अस्ट्रेलियाविरुद्धको जित अहिलेसम्मकै ऐतिहासिक रह्यो,' उनले भनेका थिए, 'हाम्रो लक्ष्य नै एसिया शक्तिशाली राष्ट्र बन्नु हो।'

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com